नेपाल
# समाचारपत्र
NEPAL SAMACHARPATRA
नेपाली मनको नेपाली पत्रिका

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

» शुक्रबार, भदौ २, २०७४ » Friday, August 18, 2017 » www.newsofnepal.com » नेसं ११३७ गुँला गा: ११ » वर्ष २३, अंक २२० » पृष्ठ १२ » मूल्य रू. १०/–

२ बोल्टको दु:खद बिदाइ
५ विनियाँ उपप्रम स्वदेश फिर्ता
९ बाढीले खानेपानी र स्वास्थ्यमा असर
१० १५ वर्षपछि नाफा कमाउँदै प्राधिकरण

# प्रदेश र केन्द्रको निर्वाचन मंसिर ४ मा

भौगोलिक अवस्था र मौसमलाई दृष्टिगत गर्दा मंसिरको पहिलो हप्ताभन्दा पछाडि हिमाली जिल्लामा निर्वाचन गराउन सक्ने अवस्था नदेखिएको निर्वाचन आयोगको भनाइ।

सुनील महर्जन, काठमाडौं

प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचन दुई चरणमा गर्नुपर्ने अडान राख्दै आएको निर्वाचन आयोग अन्ततः दुई चरणको निर्वाचन एकै दिन गर्न सहमत भएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवासहित प्रमुख राजनीतिक दलका शीर्षस्थ नेताहरूबीच बिहीबार राति भएको छलफलमा आयोग सहमत भएको हो। आगामी माघ ७ गतेभित्र संघ र प्रदेशको निर्वाचन गराउनुपर्ने संवैधानिक बाध्यता रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले प्रदेश र प्रतिनिधिसभाको निर्वाचन एकै चरणमा गर्नुपर्ने प्रस्ताव राख्दै आउनुभएको थियो।

'प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचनसँगसँगै गर्ने समझदारी भएको छ। निर्वाचनका लागि चाहिने कानुन ५ गतेभित्र र निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन १५ गतेभित्र चाहिन्छ' -प्रमुख आयुक्त डा. अयोधिप्रसाद यादवले भन्नुभयो।

बुधबार सत्तासाझेदार दलसहित प्रमुख प्रतिपक्ष दल नेकपा एमाले पनि प्रदेश र संघको निर्वाचन एकै चरणमा गर्ने सहमति भएको थियो। यस पृष्ठमा प्रमुख निर्वाचन आयुक्त डा. यादवसहित निर्वाचन आयुक्तहरूबीच भएको छलफलमा अन्ततः सरकारको प्रस्तावमा आयोग सहमत भएको हो।

'प्रदेश र प्रतिनिधिसभाको निर्वाचन एक दिन गर्न आयोग सहमत त भयौं। तर हिमालीलगायत विकट जिल्ला र अन्य जिल्लामा गरी दुई चरणमा निर्वाचन गर्नुपर्ने धारणा राखेका छौं' -निर्वाचन आयोगका निमित्त महेश्वर न्यौपानेले नेपाल समाचारपत्रसँग भन्नुभयो। भौगोलिक अवस्था र मौसमलाई दृष्टिगत गर्दा मंसिरको पहिलो हप्ताभन्दा पछाडि हिमाली जिल्लाहरूमा निर्वाचन गराउन सक्ने अवस्था नदेखिएको पनि आयोगले जनाएको छ। यसले गर्दा शुरूको चरणमा हिमाली जिल्ला र

बाँकी अन्य जिल्लामा निर्वाचन गराउनुपर्ने सर्त राखेको सचिव न्यौपाने जानकारी दिनुभयो।

छलफलमा आयोगले आउँदो मंसिर ४ गते निर्वाचन गर्ने मिति प्रस्ताव गरेको थियो। सम्भवतः शनिबार सरकारले निर्वाचनको मिति घोषणा गर्ने निमित्त सचिव न्यौपानेले जानकारी दिनुभयो। मंसिर ४ मा निर्वाचन गरिसकेपछि बाँकी क्षेत्रमा केही समयपछि निर्वाचन गर्नुपर्ने प्रस्ताव राखेको पनि सचिव न्यौपानेले जानकारी दिनुभयो। छलफलमा पहिलो चरणमा हिमालीसहित ३१ जिल्लामा र बाँकी जिल्लामा ७ र ८ दिनपछि निर्वाचन गर्ने विषयमा छलफल भएको बताइएको छ।

एकै दिन निर्वाचन गर्न आयोगले प्रदेश सभा र प्रतिनिधिसभाको प्रत्यक्ष र समानुपातिक निर्वाचनका लागि एउटै मतपत्र बनाउन सकिने विषयमा छलफल भएको निर्वाचन आयुक्त इला शर्माले बताउनुभयो। प्रदेश सभा र प्रतिनिधिसभाको प्रत्यक्षतर्फको उम्मेदवारका लागि एउटा र समानुपातिकतर्फका लागि अर्को मतपत्र हुने पनि छलफल भएको बताइएको छ। मतदाताले दुईवटा मतपत्रमा मतदान गरे पुग्छ। तर, यो विधि अपनाउँदा प्रतिनिधिसभाको एउटा निर्वाचन क्षेत्रभित्र प्रदेशका दुईवटा निर्वाचन क्षेत्र अटाउनुपर्ने हुन्छ। आयोगले यस विषयमा निर्वाचन क्षेत्र निर्धारण आयोगसँग छलफल गर्ने तयारी गरेको बुझिएको छ।

आयोगले प्रत्यक्ष र समानुपातिक उम्मेदवारका लागि एउटै मतपत्र बनाएर प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचन गर्न सकिने विकल्प पनि अघि सारेको छ। यो विकल्पअनुसार प्रदेश सभा र प्रतिनिधिसभाका प्रत्यक्षतर्फका उम्मेदवारले पाएको मतलाई नै दलले समानुपातिकतर्फ पाएको मत मानिनेछ। यो विधिअनुसार एउटा दलको प्रत्यक्षको उम्मेदवारलाई मत दिएर समानुपातिकमा अर्को दललाई मत दिन भने पाइने छैन।

त्यसै गरी आयोगले दुवै निर्वाचन एकै दिन गर्न तेस्रो विकल्पमा विद्युतीय मतदान उपकरणको उपयोगलाई लिएको छ। सुगम क्षेत्रमा विद्युतीय मतदान उपकरण उपयोग गरेर बाँकी क्षेत्रमा मतपत्रकै प्रयोग गर्न सकिने आयुक्त शर्माले बताउनुभयो।

निर्वाचन क्षेत्र निर्धारण पश्चात् मात्र मतदाता नामावली अद्यावधिक, मतदाता नामावली छपाइ, मतदानकेन्द्र निर्धारण र निर्वाचन क्षेत्रअनुसार आवश्यक जनशक्ति, सामग्री, बजेट तथा कार्यक्रम निर्माणलगायतका निर्वाचन तयारीका कार्यहरू सघन रूपमा अघि बढाउन सकिने अवस्था भएको पनि आयोगले प्रधानमन्त्री देउवासहित प्रमुख राजनीतिक दलका नेताहरूलाई ध्यानाकर्षण गराएको प्रमुख निर्वाचन आयुक्त डा. यादवले जानकारी दिनुभयो। प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनसम्बन्धी कानुन संसदमा विचाराधीन छ। क्षेत्र निर्धारण आयोगले गठन गर्दा दिइएको २१ दिनमा प्रतिवेदन बुझाउन नसकेपछि १५ दिनको समय दिइएको छ।

# दिनभर खोज्दा पनि भेटिएन राहत

चौपायासँगै सुत्न बाध्य छन् बाढीपीडित

सञ्जय कार्की, रौतहट

पिपरा भगवानपुर-१ निवासी कान्ति पासवानको ७ दिनदेखि सडकमा बास हुँदै आएको छ।

उनी आफ्नो स-साना नातिनातिनासहित सदरमुकाम गौर वीरेन्द्र राजमार्गको पिपरा भगवानपुरस्थित सडकमा त्रिपाल टाँगेर बस्दै आएकी छिन्। आफ्नो परिवारसँग मात्र हैन उनी चौपायासँगै सुत्न बाध्य छिन्। उनीजस्तै रौतहटका बाढीपीडितको अवस्था यस्तै रहेको छ। पासपानझैं ३ घरपरिवारको सोही सडकमै बास भए पनि अहिलेसम्म उनीहरूले राहत नपाएको दुःखेसो गरेका छन्।

बाढीले घर पूर्णरूपमा क्षति भएपछि उनीहरूजस्तै रौतहटको ३० हजारभन्दा बढी घरधुरीका ३ लाख बासिन्दा प्रभावित बनेका छन् तर राहत सामग्री वितरणको प्रभावकारिता नहुँदा दैनिक ज्यालादारी गरेर खाने बाढीपीडितको कन्तबिजोग भएको छ। उनीहरू भन्छन्- 'साहुका पनि काम पाईदैन अहिलेदेखि नै ऋण लिएर आफ्नो बालबच्चासहितको ज्यान जोगाउँदै आएका छौं।'

पासवानले मात्रै छिमेकी साहु रामबाबु यादवसँग चामलसहित १ हजार ऋण लिइसकेको बताउँछन्।

उनीजस्तै सदरमुकाम गौरमा राहत पाइन्छ भनेर दुइवर्षे छोरा च्यापेर दिनभर लाइन बसेकी गौर-१ की रजन देवी राज्यप्रति उदासिन रहेकी छिन्।

(क्रमशः पृष्ठ ९ मा)

## 'राहत पाएनौं'

बर्दिया, (नेस)

बर्दियाका बाढीपीडितलाई विभिन्न स्थानीयले आफ्नै आन्तरिक स्रोतबाट साउन ३२ गतेसम्ममा २८ लाख ८५ हजार रुपियाँको बराबरको राहत वितरण गरेको बताए पनि पीडित जनता भने राहत नपाएर भोकै बस्नुपरेको गुनासो गरिरहेका छन्।

गुलरिया नगरपालिकाले २० लाख, बारबर्दिया नगरपालिकाले ५ लाख, मधुवन नगरपालिकाले ३ लाख, बाँसगढी नगरपालिकाले ५० हजार र ठाकुरबाबा नगरपालिकाले ३५ हजार रुपियाँ बराबरको राहत सामग्री वितरण गरेको दाबी गरेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

## महान्यायाधिवक्ताले आज शपथ लिने

काठमाडौं, (नेस)

सरकारले महान्यायाधिवक्तामा वरिष्ठ अधिवक्ता वसन्तराम भण्डारीलाई नियुक्त गरेको र शपथ आज शुक्रबार गर्ने भएको छ। नेपालको संविधानअनुसार महान्यायाधिवक्ता नियुक्तिका लागि प्रधानमन्त्रीले सिफारिस गर्ने र राष्ट्रपतिले नियुक्त गर्ने व्यवस्था छ।

विसं २००२ मा काठमाडौंको ठमेल गल्कोमा जन्मनुभएका भण्डारीले त्रिविबाट अर्थशास्त्रमा स्नातकोत्तर र कानुनमा स्नातक गर्नुभएको छ। उहाँले विसं २०३० देखि वकालत शुरू गर्नुभएको हो। उहाँले नेपाल बार एसोसिएसनको केन्द्रीय सदस्य हुँदै अध्यक्षमा समेत प्रतिस्पर्धा गर्नुभएको थियो।

## १०७ लाई प्रभावकारी बनाइने

काठमाडौं, (नेस)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विगतदेखि प्रयोग गर्दै आएको टोल फ्री नं १०७ लाई थप प्रभावकारी बनाउने बताएको छ। आयोगले सेवाग्राहीको बढी चाप हुने कार्यालयमा कसैले काममा ढिलासुस्ती गरेर रकमको माग गरेमा तत्काल १०७ नं मा फोन गर्न आग्रह गरेको छ।

पहिलो चरणमा काठमाडौं उपत्यकाका मालपोत, यातायात, नापी र वैदेशिक रोजगार विभागको कार्यालयमा सूचना टाँस्ने आयोगका सचिव राजन खनालले पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

आयोगले क्रमशः काठमाडौं उपत्यकाबाहिरका जिल्लामा पनि यस्तो अभियान चलाउनेछ।

# कहाँ गए होलान् २ हजार बालबालिका ?

सुरेश तामाङ, काठमाडौं

पछिल्लो १ वर्षमा नेपालभर गरी २ हजार बालबालिका बेपत्ता भएको पाइएको छ। सरकारी निकाय बालबालिका खोजतलास समन्वय केन्द्रले तयार पारेको आर्थिक वर्ष २०७३ साउनदेखि २०७४ साउनसम्मको तथ्यांकमा सो कुरा उल्लेख छ।

केन्द्रको तथ्यांकमा बेपत्ता हुनेहरूमध्ये १३ देखि १८ वर्षमुनिका बालिकाहरू धेरै छन्। तिनीहरू कहाँ र कस्तो अवस्थामा छन् भन्ने अझै पनि खुल्न नसकेको केन्द्रका अधिकृत सन्तोषचन्द्र अधिकारीले बताउनुभयो।

'बेपत्ता बालबालिकाहरू कहाँ कस्तो अवस्थामा छन् भन्ने यकिन नभए पनि हामीले खोज्ने कामलाई रोकेका छैनौं', उहाँले भन्नुभयो- 'भेटिने क्रम पनि छ तर बालिका भने भेटिनै मुस्किल छ।'

तथ्यांकमा २ हजार ७ सय ७२ जना बालबालिका नेपालभरबाट हराएका छन्। जसमा १ हजार ४७ जना बालक र १ हजार ७ सय २५ जना बालिका छन्।

हराएकामध्ये थोरै मात्र फेला पर्ने तथ्यांकले देखाउँछ। २ हजार ७ सय ७२ बालबालिका हराएकामध्ये ७ सय २० जना मात्रै फेला पर्नुले पनि बालबालिका बेपत्ताको दर उच्च रहेको सजिलै अनुमान गर्न सकिन्छ।

दैनिकजसो ६ जनाको हाराहारीमा नेपालभर हराइरहने खबर प्रहरीसमक्ष आउने गरेको छ। केन्द्रको तथ्यांकमा २ हजार जना बालबालिका अझै बेपत्ता छन्।

६ सय ९४ जना बालक र १ हजार ३ सय ५८ जना बालिका बेपत्ता रहेको तथ्यांकमा उल्लेख छ। तथ्यांकमा बेपत्ता हुनेमध्येमा बालिकाको संख्या धेरै रहेको पाइयो।

त्यस्तै, हराउने बालबालिकाको संख्यालाई केलाउँदा उपत्यकास्थित केन्द्रमा निवेदन परेको विवरणमा बालिकाको तुलनामा बालकको संख्या बढी देखिन्छ भने बाहिरी क्षेत्रगत विवरणमा बेपत्ता हुने बालिकाको संख्या अत्यधिक देखिन्छ।

» दैनिक हराउँछन् ६ जना बालिका भेटिनै मुस्किल

अघिल्लो वर्ष ९ सय ४३ जना बालबालिका बेपत्ता भएका थिए भने बालबालिकाहरू बेपत्ता हुनेको संख्या वर्षेनीजसो वृद्धि हुँदै गएको तथ्यांकबाट देखिन्छ।

बेपत्ता बालबालिका कहाँ कस्तो अवस्थामा छन् भन्ने प्रश्नको जवाफ बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायले पनि अहिलेसम्म दिन सकेका छैनन्।

ती हराएका बालबालिका धेरैजसो काठमाडौंलगायत देशभर घरेलु श्रमिकका रूपमा तथा बार, रेस्टुरेन्ट र मसाजमा यौनजन्य क्रियाकलापमा संलग्न हुन सक्ने अनुमान केन्द्रले गरेको छ।

समाजमा यस्ता कलिला बालबालिका हराउनुले धेरै ठूलो प्रभाव पार्दछ। पारिवारिक कलह, आर्थिक अवस्था, बालबालिकाप्रति गैरजिम्मेवार अभिभावक, अभिभावकविहीन बालबालिकाहरू प्रलोभनमा परेर बढी हराउने र बेपत्ता हुने गरेको समाजशास्त्री विपीन आचार्यले बताउनुभयो।

उहाँले बालबालिका हराउने र बेपत्ताका कारण समाजलाई समेत प्रतिकूल असर पुग्याउने भन्दै यससँग जोडिएका सबै निकाय जिम्मेवार हुनुपर्ने बताउनुभयो। अभिभावकमा चेतनाका साथै जीविकोपार्जनबाट आर्थिक वृद्धितिर उन्मुख गराउन सके यस्तो समस्या कम हुने उहाँको सुझाव छ।

नेपालमा बालबालिका संरक्षणसँग सम्बन्धित धेरै गैरसरकारी संस्था पनि छन् तर बालबालिका हराउने र बेपत्ता हुनेको घटना भने कम भएको छैन। विशेष गरी परिवारको तर्फबाट नै बालबालिकाको संरक्षणको कुरा नआएसम्म बालबालिका हराउने र बेपत्ता हुने घटना कम नहुने केन्द्रीय बाल कल्याण समितिका कार्यकारी निर्देशक तारक धितालले बताउनुभयो।

हरेक बालबालिकालाई शिक्षाको पहुँच पुग्याउने, सीमामा कडाइ गर्ने, अभिभावक सचेत र सतर्क रहने हो भने पनि यस्तो घटना कम हुने उहाँले बताउनुभयो। स्थानीय तहमा सरकारको व्यवस्था भएपछि बालबालिका संरक्षण गर्न बालकेन्द्रित कार्यक्रमहरू ल्याउन जरुरी रहेको समितिका कार्यकारी निर्देशक धितालले बताउनुभयो।

# ११ व्यवसायीलाई दण्ड

प्रशान्त बली, काठमाडौं

मापदण्ड विपरीत सञ्चालन भएका विभिन्न प्रकृतिका ११ वटा व्यवसाय बन्द गरिएको आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले बताएको छ। साउन २२ गतेदेखि ३२ गतेसम्म भएको संयुक्त विशेष अनुगमनका क्रममा ती पसलहरूको सञ्चालनमा रोक लगाएको विभागका निर्देशक लक्ष्मण श्रेष्ठले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

अनुगमन टोलीले डेन्टल गुड क्लिनिक बाँसबारी अखण्ड पोलिक्लिनिक बत्तीसपुतली, धनान डेन्टल क्लिनिक, बत्तीसपुतली, साझा आयल स्टोर काभ्रे, अन्तर्राष्ट्रिय बालमैत्री अस्पतालको क्यान्टिनलगायतको सञ्चालन प्रक्रियामा रोक लगाएको विभागले जनाएको छ।

आवश्यक कागजपत्रविना मेडिकल सञ्चालन गरेको, आवश्यक लिटरमा चाहिने मात्राभन्दा कम पेट्रोलियम पदार्थ बिक्री गरेको, क्यान्टिन खानाका लागि उपर्युक्त नभएको कैफियत भेटिएपछि कारबाही गरिएको बताइएको छ। यस्तै २ सय ५० वटामध्ये १ सय ८ वटा सवारीसाधन अनुगमनका क्रममा कारबाही परेका छन्। यात्रुबाट बढी भाडा लिएको भन्दै प्रति सवारीसाधन ३ हजारदेखि ५ हजार रुपियाँसम्म जरिवाना गरिएको बताइएको छ। यस्तै, बासी सडेगलेका मासु बिक्रीवितरण गर्न लागेको भन्दै २ सय ६० किलोग्राम मासु नष्ट गरिएको विभागका निर्देशक श्रेष्ठले बताउनुभयो।

विभागका निर्देशक श्रेष्ठले भन्नुभयो- '२२ गतेदेखि संयुक्त विशेष अनुगमन चलिरहेको छ। हामीले उपभोक्ताको अधिकारका लागि अनुगमलाई निरन्तरता दिएका हौं। क्षेत्रगत निकायले समेत अनुगमन गर्न जरुरी देखिएको छ। स्वयम् सेवाग्राही र गुणस्तरीय वस्तु बिक्रीवितरणमा व्यापारीसमेत जिम्मेवार हुनुपर्छ।'

विभागले औषधि व्यवस्था विभाग, स्वास्थ्य सेवा विभाग, ट्राफिक, गुणस्तर तथा नाप तौल विभाग र उपभोक्ता अधिकारवादीको समन्वयमा अनुगमनलाई तीव्रता दिएको छ।

विभागले पछिल्लो अवधिमा माछा मासु, दुग्ध, अस्पताल, खाद्य, निर्माण सामग्री, यातायात क्षेत्रको अनुगमनलाई तीव्र बनाएको छ।

उपभोक्ता अधिकारकर्मी दर्शन आचार्यले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'वस्तु तथा सेवामा कुनै पनि उपभोक्ता कुनै पनि तरिकाले ठगिनु हुँदैन। यदि कुनै व्यवसायी वा सेवा प्रदायकबाट उपभोक्ता ठगिएको छ भने ठगी गर्नेलाई कानुनबमोजिम कारबाही गर्न राज्य प्रतिबद्ध हुनुपर्छ। अब बजार अनुगमन सुधारात्मक होइन दण्डात्मक हुन जरुरी देखिएको छ। सरकारी निकायले पनि अनुगमनलाई देखावटी बनाउनुहुँदैन। प्रभाव पर्ने गरी अनुगमलाई अगाडि बढाउनुपर्छ।'

नेपाल समाचारपत्र

www.newsofnepal.com

महानगर

2017, AUG
Friday
18

{ ४ सय मिटर रिले रेसका क्रममा पीडाले छट्पटाएपछि उनलाई ह्विलचियरमा राखेर ट्र्याकबाहिर लैजाने तयारी गरिएको थियो। तर, उनले त्यसलाई अस्वीकार गरे। त्यसपछि उनले आफ्ना साथीहरुको सहारामा विस्तारै हिँडेर निर्धारित दूरी पूरा गरे।

# उसेन बोल्टको दुःखद बिदाइ

कविरस शर्मा

सायद कसैले सपनामा पनि सोचेको थिएन होला कि एथ्लेटिक्स जगत्मा तेज गतिका बादशाहको उपनामले परिचित उसेन बोल्टले एथ्लेटिक्स ट्र्याकबाट यसरी बिदा लिन्छन् होला भनेर। अगस्ट ४ देखि १३ सम्म लन्डनमा भएको इन्टरनेसनल एसोसिएसन अफ एथ्लेटिक्स च्याम्पियनसिप २०१७ मा उनी ४ सय मिटरको रिले रेसका लागि ट्र्याकमा तयारी अवस्थामा थिए। वास्तवमा विश्व एथ्लेटिक्सका लागि यो रेस विशेषसमेत बनेको थियो। हुन पनि यो बोल्टको करियरको अन्तिम रेस थियो। अनि स्टेडियम पनि त्यही नै थियो जहाँ सन् २०१२ को ओलम्पिकमा बोल्टले गोल्डेन ह्याट्रिक गरेका थिए।

आफ्नो पालो आएसँगै उनले दौडिन शुरु मात्र के गरेका थिए, अचानक उनको खुट्टा लड्खडाउन थाल्यो। त्यसपछि ट्र्याकमै लडेका बोल्ट पीडाले कराउन थाले। उनको आँखा आँशुले भिजिसकेको थियो।

यो दृश्य देखेर पूरै स्टेडियममा मौनता छाएको थियो। यस्तो नहुनु पनि कसरी। बोल्ट आफ्नो करियरको अन्तिम रेस दौडिरहेका थिए। उनी उक्त रेस दुनियाँभरका आफ्ना करोडौं प्रशंसकमाझ सुखद् र सम्झनलायक बनाउन चाहन्थे। सायद सो चाहना उनको भाग्यमा लेखिएको थिएन। यही कारणले उनले रेफ्मा संलग्न आफ्ना अन्य साथीहरुसँग माफी माग्न विवश भए।

४ सय मिटर रिले रेसका क्रममा पीडाले छट्पटाएपछि उनलाई ह्विलचियरमा राखेर ट्र्याकबाहिर लैजाने तयारी गरिएको थियो। तर, उनले त्यसलाई अस्वीकार गरे। त्यसपछि उनले आफ्ना साथीहरुको सहारामा विस्तारै हिँडेर निर्धारित दूरी पूरा गरे।

उनले आधिकारिकरूपमा उक्त रेस पूरा गर्न नसके पनि साथीहरुको काँधको सहारामा भने ल्याप पूरा गरेरै छाडे। रेसमा हार बेहोरेपछि आफ्ना साथी खेलाडीहरूसँग उनले पटक-पटक माफी मागेका थिए। यो अविश्वसनीय घटना रिले रेसको अन्तिम राउन्डमा घटेको थियो।

यस पटक उनी दुई वटा इभेन्टस्मा प्रतिस्पर्धा गर्न लन्डन पुगेका थिए। दौडेर सनसनी मच्चाउने जमैकाका कीर्तिमानी धावक बोल्ट यसअघि नै स्तब्ध बनिसकेका थिए। उनी प्रतियोगिताको १ सय मिटर दौडमा तेस्रो भएका थिए। खेलबाट संन्यासको क्रममा करियरको अन्तिम प्रतिस्पर्धामा तेस्रो बनेर खेलमा विश्राम लिनु कसैका लागि सुखद् कुरा होइन। तर, कीर्तिमानी बोल्ट भने यसबाट गुज्रिनुपर्‍यो। १ सय मिटरको दूरी ९.५८ सेकेण्डमा पूरा गरेर विश्व कीर्तिमान कायम गरेका ३० वर्षीय बोल्टले आफ्नो करियरको अन्तिम प्रतिस्पर्धामा तेस्रो स्थानमा नै चित्त बुझ्काउँछ भनेर कसैले सोचेका पनि थिएनन्। यता उनलाई उछिन्दै जस्टिन ग्याटलिनले स्वर्ण पदक हात पारे। बोल्टले प्रतिस्पर्धा गरेको दौडमा अमेरिकाका ग्याटलिनले सफलता पाउनु कुनै चानचुने कुरा थिएन। ३५ वर्षीय ग्याटलिनले ९.९२ सेकेण्डमा उक्त दौड पूरा गरे। उक्त दौडमा बोल्ट अमेरिकाकै क्रिस्चियन कोलम्यानसँगसमेत पछाडि परेपछि तेस्रोमा चित्त बुझ्काउन बाध्य बनेका थिए।

१ सय मिटरअन्तर्गत बोल्टको अन्तिम प्रतिस्पर्धाको रूपमा रहेको उक्त दौडमा दोस्रो बनेका कोलम्यानले निर्धारित दूरी ९.९४ मा पूरा गर्दा बोल्टले ९.९५ सेकेण्डको समय निकाले। योसँगै ३५ वर्षीय ग्याटलिनले प्रतिबन्धबाट प्रभावित आफ्नो करियरको तीतो विगतलाई बिर्साउनुका साथै प्रतिद्वन्द्वी र समर्थकलाई पनि आश्चर्यमा पारे।

यता आफ्नो करियरको अन्तिम प्रतियोगिता भने बोल्टका लागि बिर्सनलायक बन्यो। यसअघि बोल्टले सन् २०१५ मा बेइजिङमा सम्पन्न वर्ल्ड च्याम्पियनसिपमा ग्याटलिनलाई पछि पारेका थिए। तर, यस पटक लन्डनमा जारी प्रतियोगितामा भने बोल्टले पछिल्लो प्रदर्शन दोहोर्‍याउन सकेनन्। योसँगै करियरको अन्तिम दौडमा राम्रो नतिजा निकालेर करियरको सुखद् अन्त्य गर्ने ८ वटा ओलम्पिक स्वर्ण पदक विजेताको इच्छा भने पूरा हुन सकेन।

११ पटकका विश्व च्याम्पियन उनी १ सय मिटरका मात्र होइन २ सय मिटरका पनि कीर्तिमानधारी खेलाडी हुन्। सन् २००९ मा बर्लिनमा भएको वर्ल्ड एथ्लेटिक्स च्याम्पियनसिपमा उनले २ सय मिटरको दूरी १९.१९ सेकेण्डमा पूरा गर्दै कीर्तिमान कायम गरेका थिए। १ सय मिटर र २ सय मिटरको प्रतिस्पर्धामा लगातार तीन ओलम्पिकमा स्वर्ण पदक जित्ने उनी एक्ला खेलाडी हुन्।

सन् २००१ मा हंगेरीमा सम्पन्न आईएएएफ वर्ल्ड युथ च्याम्पियनसिपमा खेल्दै अन्तर्राष्ट्रिय खेल करियरको शुरुआत गरेका उनले उक्त प्रतिस्पर्धाको २ सय मिटर २१.७३ मा पूरा गरेका थिए। फाइनल इभेन्टस्का लागि छनोट हुन असफल भए पनि व्यक्तिगत प्रदर्शन भने उनले सुधार गरेका थिए। त्यसपछि क्रमिकरूपमा प्रदर्शनलाई सुधार गरेका उनले १ सय मिटर, २ सय मिटर र ४ सय मिटर रिलेमा लगातार ७ वर्ष विश्व च्याम्पियन बने। उनले सन् २००९ देखि २०१५ सम्म लगातार स्वर्णमा आफ्नो नाम लेखाए।

१ सय मिटर स्प्रिन्टरमा यसअघि नै जस्टिन ग्याटलिनबाट माथ खाएका उनलाई ४ सय मिटर रिलेमा भने आफ्नै बायाँ खुट्टाले साथ दिएन।

करियरकै कोसेढुंगाको रूपमा सन् २००८ मा बोल्ट सनसनीपूर्ण तरिकाले ओलम्पिक एरिनामा प्रवेश गरेका थिए। बेइजिङ ओलम्पिक थियो त्यो। जहाँ उनले तीन वटा स्वर्ण पदक कब्जा गरेका थिए। जसमध्ये रिलेअन्तर्गतको इभेन्टस्मा उनका अन्य तीन खेलाडी साथीमध्ये एक जना डोपिङमा असफल भएपछि एउटा पदक खोसिनुको पीडासमेत उनले अनुभव गरेका थिए। त्यसपछिको ८ वर्षसम्म भने विश्व एथ्लेटिक्समा उनले आफ्नो आधिपत्य जमाए।

# बोल्ट बार्सिलोनाविरुद्ध खेल्दै

उसेन बोल्ट विश्वकै चर्चित धावक हुन्। तर, उनी फुटबल खेल्न मन पराउँछन् भन्ने कुरा सायद कमैलाई थाहा होला। उनी फुटबल खेल्न चाहन्छन्। यो सपना उनका लागि पूरा हुने भएको छ। यदि उनी फिट भएमा मात्रै। लन्डनमा भएको विश्व च्याम्पियनसिप एथ्लेटिक्समा उनले ४ गुणा १ सय मिटर रिले दौडमा दौडँदा उनलाई ह्यामस्ट्रिङ भएको थियो। बिदाइ यो दौड उनले पूरा पनि गर्न पाएनन्। उनी निराश भएका थिए त्यतिबेला। उनको आँखा रसाएको थियो।

बोल्टलाई म्यानचेस्टर युनाइटेडले फुटबल खेल्न प्रस्ताव पठाइसकेको छ। सेप्टेम्बर २ मा ओल्ड ट्राफोर्डमा हुने बार्सिलेनाविरुद्धको खेलमा उनलाई सहभागी गराउने म्यानचेस्टर युनाइटेडको चाहना रहेको छ। बोल्ट इंग्लिस क्लबको जर्सी लगाएर खेल्न पाउने धोको पूरा हुँदै छ। उनले ३ साताभित्र आफूलाई तन्दुरुस्त राख्नु पनि जरुरी छ।

बोल्ट रेड डेभिल्स (म्यानचेस्टर युनाइटेडको उपनाम) को समर्थक पनि हुन्। धेरै पटक उनले व्यवसायिक फुटबल खेल्ने पनि कुरा गरेका छन्। अहिले उनको एथ्लेटिक्स करिअर पनि सकिएको छ। उनले आफ्नो सपनाको रंगमञ्चमा केही गरी देखाउने मौका आएको छ। यसअघि उनले ओल्ड ट्राफोर्डमा सन् २०१२ मा युनाइटेडको जर्सी लाएका थिए। उनको जर्सी पछाडि बोल्ट ९.६३ लेखिएको थियो। यो नम्बर सन् २०१२ मै लन्डनमा सम्पन्न ओलम्पिकमा गोल्ड मेडल पाउँदा यही समय उनले खर्चेका थिए।

युनाइटेडका पूर्वकप्तान ब्रायन रोब्सनले टोलीको व्यवस्थापन गर्नेछन्। जसमा पूर्वखेलाडीहरु एन्डी कोले, एडविन भान डेर सार, पउल स्कोल्स, जेस्पर ब्लोमकिस्ट, डेनिस इर्बिन, रोनी जोनसेन, ड्वाइट योर्के, वेस ब्राउन र फिल नेभिलले खेल्नेछन्। यसमध्ये कति जना खेलाडी च्याम्पियन्स लिग विजेता पनि हुन्। अन्य पूर्वरेड डेभिल्स स्टारसँग बोल्टले खेल्नेछन्। ती हुन् लुइस साहा, मिकाइल सिलभेस्ट्रे, क्विन्टन फोर्चुन र डियन डब्लिन।

बार्सिलोनाको तर्फबाट जोस मारी बाकेरोले व्यवस्थापन गर्नेछन्। म्यानचेस्टर युनाइटेड फाउन्डेसनको सहयोगमा हुने खेलका लागि बार्सिलोनाबाट गाइजका मेनडिएटा, इरिक अबिडाल, मिगेल एन्जेल नाडाल र गेरगे पोपेस्कुले खेल्नेछन्।

बोल्ट यस वर्षको शुरुआतमा साथीहरुसँग आफू फुटबलमा राम्रो भएको पनि बताएका छन्। उनले मौका पाएमा आफू फुटबलर हुने पनि बताएका थिए। उनले भनेका थिए- 'म जुनसुकै स्तरमा पनि खेल्न सक्छु। मलाई राम्रो प्रशिक्षण पाएमा मैले राम्रो स्तरकै फुटबल खेल्न सक्छु। म विश्वमा उत्कृष्ट फुटबलर बन्न गइरहेको छु भन्न लागेको पनि होइन। तर, पनि म राम्रै स्तरमा हुनेछु। हुन सक्छ वायने रुनीको स्तरमा ।'

खेलको प्रत्यक्ष प्रसारण लन्डनस्थित एमयू टीभीमा हुनेछ। टिकट मूल्य एडल्टका लागि २० पाउन्ड (नेपाली २६ सय रुपियाँ) र अन्डर १६ का लागि ५ पाउन्ड (करिब नेपाली ६ सय ५० रुपियाँ) तोकिएको छ।

# भुइँमान्छेसँगै ग्याङस्टार ब्लुज

आज शुक्रबार दुई फिल्म अल नेपाल रिलिजमा आउने भएका छन्। रंगकर्मी तथा डेब्यु निर्देशक नवराज बुढाथोकी निर्देशित *भुइँमान्छे* र *होस्टेल, जेरी* तथा *गाजलुजस्ता* व्यावसायिक सफलताप्राप्त फिल्मका निर्देशक हेमराज बीसीद्वारा निर्देशित फिल्म *ग्याङस्टार ब्लुज* आज शुक्रबार अल नेपाल रिलिज हुन लागेको हो।

शैली इन्टरटेन्मेन्ट एन्ड मुभिज प्रालि र शैली थिएटरको प्रस्तुतिमा तयार पारिएको *भुइँमान्छे* मानिसको शवको पोस्टमार्टम गर्ने डक्टरको कथामा छ। यसमा रंगकर्मी, अभिनेता तथा निर्देशक रमेश बुढाथोकी मुख्य भूमिकामा छन्। यो फिल्मको मंगलबार राजधानीमा प्रिमियर शो गरिएको थियो। अस्पतालमा पोस्टमार्टम गर्ने अधबैंशे मानिसको जीवनीमा आधरित फिल्मको दैनिक लास चिर्ने मान्छेको जीवन कस्तो हुन्छ र उसलाई समाजले कसरी हेर्छ भन्ने कथा प्रस्तुत गरिएको छ। उसको जीवनमा युवतीको प्रवेश भएपछि परिवर्तन भएको मनोविज्ञान वरिपरि फिल्म घुमेको छ। यसका साथै चिकित्सा क्षेत्रका विकृतिहरुलाई पनि फिल्मले खुलाएको छ।

निर्देशक नवराज बुढाथोकी लेखनमा तयार भएको फिल्मलाई रमेश बुढाथोकीको उत्कृष्ट अभिनयले बलियो बनाएको छ। फिल्ममा भलिबल खेलाडीको रूपमा चर्चित एवं केही गुरुङ भाषाका फिल्ममा अभिनय गर्दै आएकी सिपोरा गुरुङले अभिनय गरेकी छिन्। फिल्ममा सहिन प्रजापति, रामबाबु रेग्मी, बादल भट्ट, रोहिणी भट्टराई, सशांक बोहरा, सानु ताम्राकार, पुष्कर गुरुङ, नवीन श्रेष्ठ, तारा केसी सौरभ ढकाललगायतले अभिनय गरेका छन्। त्यसै गरी महेश पौड्याल र दयाराम पाण्डेको गीत रचना, देवेन्द्र राई र अर्जुन पोखरेलको संगीत, शिव परियार, प्रमोद खरेल, दौलत राई र जुना प्रसाईंको स्वर, विदुर पाण्डेको छायांकन, गम्भीरराज कर्णिकार र मधुसूदन सञ्जेलको सम्पादन, कमल राई र कविराज गहतराजको नृत्य, अष्ट महर्जनलको द्वन्द्व रहेको छ।

त्यसै गरी *ग्याङस्टार ब्लुज* पनि बुधबार राजधानीमा प्रिमियर गरिएपछि आज शुक्रबारबाट रिलिजमा ल्याउन लागिएको हो।

सरोज न्यौपानेद्वारा निर्मित तथा निर्देशक बीसीद्वारा नै लिखित यस फिल्ममा आशिरमान देशराज, आना शर्मा, संयम पुरी, रामबाबु गुरुङ, अनुपम शर्मा, अरुणा कार्की, रोजिशा शाही, नरेश पौडेल, प्रमोद अग्रहरी, सुवास थापा मुख्य कलाकार छन्। फिल्म भाइ र प्रेमका लागि ग्याङस्टार बनेको एक युवाको कथामा छ। अनन्या फिल्म्स र बीसी मोसन पिक्चर्सको ब्यानरमा बनेको फिल्ममा कालीप्रसाद बासकोटाको संगीत, सम्राट बस्नेतको द्वन्द्व, शैलेन्द्रध्वज कार्कीको छायांकन तथा बनिश शाह र मिलन श्रेष्ठको द्वन्द्व रहेको छ।

# उकालीमा सलोन र साम्राज्ञीको रोमान्स

नायिका झरना थापाको डेब्यु निर्देशन तथा सुनील थापाको प्रस्तुतिमा बनेको फिल्म *ए मेरो हजुर-२* को *उकालीमा जाँदाजाँदै* बोलको गीत सार्वजनिक गरिएको छ। आगामी भदौ १६ मा अलनेपाल रिलिज हुन लागेको फिल्मको राजधानीको कमलपोखरीस्थित सीटी सेन्टरको बिग मुभिजमा आयोजित कार्यक्रममा फिल्मकी निर्देशक झरना थापा, नायिका साम्राज्ञी राज्यलक्ष्मी शाह, नायक सलिन बानिया, सलोन बस्नेतदेखि गीतका गायकगायिका राजेशपायल राई, इन्दिरा जोशी, वसन्त निरौलालगायत फिल्म युनिटको सहभागिता रहेको थियो। गीतको भिडियोमा साम्राज्ञीसहित नवनायक सलिमान बानिया, नायक सलोन बस्नेतलगायत देखिएका छन्।

कार्यक्रममा बोल्दै निर्देशक झरना थापाले गीतबाट राम्रो अपेक्षा राखेको बताइन्। 'गीत राम्रो बनेको छ, जहाँसम्म मलाई लाग्छ यो गीत सबैले मन पराई दिनुहुनेछ' -उनले भनिन्। नायिका साम्राज्ञीले यो गीत अन्यभन्दा विशेष रहेको दाबी गरिन्। 'गीतमा सबै कास्ट छौं। गीत निकै रमाइलो छ। गीत गर्ने बेलामा हामीले निकै इन्जोए गरेका थियौं' -उनले भनिन्। नवनायक नायक सलिनमान बानियाले फिल्मको गीत सुटिङ आफूलाई निकै सजिलो महसुस भएको बताए। नायक सलोन बस्नेतले गीत राम्रो रहेको र फिल्मका लागि पनि सबैको सर्पोटको आवश्यकता रहेको बताए।

सञ्चारकर्मी नरेश भट्टराईद्वारा सञ्चालित कार्यक्रममा गायक राजेश पायल राईले गीत राम्रो बनेका र हिट हुने कुरामा आफू विश्वस्त रहेको बताए। 'मुम्बईमा एरेन्ज गरिएको यो गीतको अडियो मैले केही दिनअघि शेयर गरेको थिए। धेरैले मन पराइदिनुभएको थियो। तर, पछि डिलिट गर्नुपर्‍यो', राजेशपायलले भने- 'शिव श्रेष्ठ भुवन केसी, राजेश हमाल, शोभित बस्नेतदेखि उहाँको छोरा सलोन बस्नेतसँग पनि काम गरिरहेको छु। दुवै पुस्तासँग काम गर्न पाएको मा आफूलाई भाग्यमानी ठान्छु।' गायिका इन्दिरा जोशीले गीत फास्ट ट्रयाकमा रहेको र स्टेजमा गाउनका लागि नयाँ गीत थपिएको बताइन्।

फिल्मका अन्य कलाकारहरुमा विल्सन विक्रम राई, बुद्धि तामाङ, अम्बर सुवेदी, अनुभव रेग्मी, सुमन ढुंगेललगायत रहेका छन्। कल्याण सिंह र वसन्त सापकोटाको संगीत रहेको फिल्ममा कविराज गहतराज र रेनेशा बान्तवा राईको कोरियोग्रफी रहेको छ। छायांकन सञ्जय लामा र द्वन्द्व रोशन श्रेष्ठको रहेको छ।

रंगराज आचार्य

# आगोमा जलेकी रत्नेदेवीलाई अस्पताल पुऱ्याए सीतारामले

कलाकारितासँगै समाज सेवा, दैवी प्रकोपमा राहत, उद्धार र बस्ती निर्माणका कारण लोकप्रिय बनिरहेका कलाकार सीताराम कट्टेल 'धुर्मुस' ले ६ महिनादेखि थलिएकी लालबन्दीकी रत्नेदेवी माझीलाई अस्पताल पुऱ्याएर उद्धार गरेका छन्।

अविरल वर्षाका कारण तराई डुबेपछि राहत र उद्धारका लागि सर्लाही पुगेका उनले जीवन-मरणको दोसाँधमा रहेकी लालबन्दी-५ बेतिनी, माझी गाउँकी रत्नेदेवीलाई उपचारका लागि बर्दिबास जनसेवा अस्पताल पुऱ्याएर भर्ना गरेका हुन्।

राहत सामग्री र मेडिकल टोलीसहित सर्लाही लालबन्दी पुगेका धुर्मुसले त्यस क्षेत्रका बाढीपीडितलाई राहत सामग्री प्रदान गरेका थिए। माझी गाउँमा रहेका २६ परिवारमध्ये कतिपय पीडित राहात लिनबाट वञ्चित भएको हुन सक्ने भन्दै सीतारामले रत्नेदेवीलाई भेटेका हुन्। राहत सामग्री लिन जानसमेत नसकेकी उनको हात-खुट्टा डढेको देखेपछि आफू वर्षौंअघि दालले पोलेर डेढ महिना थलिएको पीडा सम्झिएर उनलाई अस्पताल पुऱ्याएको बताए। 'आगोले पोल्दाको पीडा मैले राम्रोसँग अनुभव गरेको छु, त्यसैले रत्नेदेवीलाई अस्पताल पुऱ्याएको हुँ' -सीतारामले भने।

६ महिनाअघि लुगाबाट सल्किएको आगोले रत्नेदेवीको पूरै शरीर डढेपछि सामान्य उपचार गरिएको थियो। तर, चरम गरिबीका कारण उपयोगी उपचार हुन नसकेकाले उनको हात खुट्टा र नशासमेत खुम्चिसकेको देखेपछि धुर्मुस-सुन्तली फाउन्डेसनका साथमा बर्दिबासका होटल व्यवसायी हीरा गौतम र मेडिकल टोलीले उनको उपचारका लागि अस्पताल पुऱ्याएको हो। अस्पतालमा उपचारपछि रत्नेदेवीको घाउ निको हुने भए पनि खुम्चिएका नशा सोझ्याउन भने अपरेसन गर्नुपर्ने डक्टरले बताएका छन्। त्यसका लागि उनलाई केही दिनपछि काठमाडौं ल्याइने फाउन्डेसनका अध्यक्षसमेत रहेका सीतारामले बताए।


# नेपाली चलचित्रको सम्मानमा कामना फिल्म अवार्डस् २०७४

## सहभागिताका लागि आवेदन भर्नुहोस्

लाखौं पाठकको एक मात्र प्रिय सिने मासिक कामनाले नेपाली चलचित्र र चलचित्रकर्मीको सम्मानमा सीजी इन्टरटेनमेन्टसँगको सहकार्यमा आयोजना गर्दै आएको कामना फिल्म अवार्डस् २०७४ मा सहभागी हुनका लागि २०७३ साल वैशाख १ देखि चैत्र मसान्तसम्म सार्वजनिक सिनेमा हलमा प्रदर्शनमा आएका नेपाली चलचित्रलाई आवेदन भर्न आह्वान गरिन्छ ।

**कामना फिल्म अवार्डस् २०७४** मा सहभागी हुन इच्छुक नेपाली भाषामा बनेका कथानक चलचित्रका निर्माताहरूले कामना न्युज पब्लिकेसन्स्को कार्यालयमा सम्पर्क राखी आवेदनका साथ चलचित्र विकास बोर्डबाट प्राप्त चलचित्र निर्माण इजाजतपत्रको छायाछवि पेस गर्नुहुन अनुरोध छ ।

**पुनश्च :** केवल च्यारिटी शो मात्र भएका चलचित्र कामना फिल्म अवार्डस् २०७४ मा सहभागी हुन सक्ने छैनन् ।

**आवेदन दर्ता गर्नुपर्ने मिति :** २०७४ साल भदौ ७ गतेसम्म
**आवेदनका लागि सम्पर्क :** कामना न्युज पब्लिकेसन्स्, कामना प्लाजा, भीमसेनस्थान, कामठाडौं
**फोन :** ४२६११७६, **फ्याक्स :** ४२१८६६०

CG Entertainment Presents
LUX Kamana Awards

Show Time
9:30 AM
12:30 PM
3:00 PM
3:30 PM
6:00 PM
6:30 PM

Citymax CINEMAS

# विचार

कमाएँ नाम जो भन्छ, त्यो वैरत्व
कमाउँछ। कमाएँ दाम जो भन्छ,
आफ्नै खाल्डो ऊ खन्छ।
**- बालकृष्ण सम**

एक थोपा मसीले लाखौं
विचारहरु उत्पन्न गर्न सक्छ।
**- वायरन**

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# राहतका नाममा गुणस्तरहीन सामग्री

**बाढीपीडितहरुको बसाइ र खानपान व्यवस्थित हुन नसक्दा उनीहरुमा कुपोषण एवं संक्रमणको सम्भावना बढेर गएको छ। त्यसमाथि राहतका नाममा गुणस्तरहीन खाद्यसामग्री वितरण हुँदा उनीहरुको स्वास्थ्य झनै जोखिममा पर्न लागेको समाचार छ। त्यसैले गुणस्तरहीन खाद्यसामग्री वितरण गरेर बाढीपीडितलाई झनै पीडा थप्ने कार्य तत्काल रोक्न सरकारले कदम चाल्नै पर्छ। साथै गुणस्तरयुक्त राहत सामग्री पीडितको हातमा पुऱ्याई राहत वितरणलाई व्यवस्थित गर्न सरकारले कुनै पनि कसरत बाँकी राख्नुहुँदैन।**

**बाढीपीडितलाई राहत दिने नाममा कमसल, अखाद्य र म्याद गुज्रेका सामग्री वितरण भइरहेको सप्तरीका बाढी प्रभावित सर्वसाधारणले गुनासो गरेका छन्। एनजीओदेखि जिल्ला दैवीप्रकोप उद्धार समितिले वितरण गर्ने राहत सामग्री गुणस्तरहीन हुने गरेको उनीहरूको गुनासो छ। मंगलबार महुली सामुदायिक विकास केन्द्रले सप्तकोशी नगरपालिकामा म्याद गुज्रेको पानी छान्ने क्लोरिन वितरण गरेको फेला परेको समाचार छ। सो नगरपालिकाको सखुवनी टोलमा वितरित कीट सेटमा म्याद गुज्रेको क्लोरिन फेला परेको समाजसेवी चन्द्रशेखर चौधरीले बताएका छन्। प्रहरी चौकी फत्तेपुरका सई बलबहादुर खत्रीले समेत सो केन्द्रले १ सय २० घरमा वितरण गरेको क्लोरिन म्याद गुज्रेको फेला परेपछि प्रयोगमा रोक लगाइएको जानकारी दिएको खबर छ। बाढीको चपेटामा परी समस्यामा परेका सर्वसाधारणलाई सहयोग गर्ने नाममा स्वप्रचार गर्न खोज्नेहरुका कारण सर्वसाधारणको ज्यान नै जोखिममा पार्ने काम भइरहेको स्थानीयको भनाइ छ।**

**यता, जिल्ला दैवीप्रकोप उद्धार समितिले समेत कुहिएको र गन्हाउने चामल वितरण गरेको सप्तरीकै हनुमाननगर कंकालिनी नगरपालिकास्थित कुशाहा टोलका बाढीपीडितले गुनासो गरेका छन्। राहतलाई व्यवस्थित गर्ने र अखाद्यवस्तु किनबेचमा रोक लगाउने समितिबाट नै यस्ता सामग्री वितरण गर्नु दुर्भाग्यपूर्ण भएको उनीहरूको कथन छ। जिल्ला विपद् व्यवस्थापन समितिका कार्यक्रम संयोजक राजेश झाले राहत सामग्री भण्डारण गरिएको रेडक्रसको गोदाममा पानी पसेकाले चामल भिजेको हुन सक्ने आशंका व्यक्त गरेका छन्। हेलचेक्र्याइँले होस् वा नियतवश, अथवा मानवीय त्रुटिका कारण नै किन नहोस्, मानव स्वास्थ्यमा नै नकारात्मक असर पुऱ्याउने यस्ता गुणस्तरहीन सामग्री वितरण गर्ने कार्यमा सबै होसियार हुनुपर्छ। यस्ता कार्य गर्ने जो-कोहीलाई पनि छानबिन गरी दोषी ठहरिए कारबाहीको दायरामा ल्याउनुपर्छ। बाढीपीडितको स्वास्थ्यमा सरकार गम्भीर र संवेदनशील बनोस्।**

### लेखकहरूलाई अनुरोध

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# आगामी निर्वाचनप्रतिको चासो

डा. डीआर उपाध्याय

आगामी संसदीय र प्रान्तीय निर्वाचन एकै चरणमा सम्पन्न गर्दा मुलुकलाई प्रत्यक्षरुपमा फाइदा हुने देखिन्छ। किनकि कम खर्चमा दुईवटा निर्वाचन सम्पन्न गर्दा देशको आर्थिक भार पनि कम हुन आउँछ। प्रधानमन्त्री शेरबहादुर देउवाले आगामी माघ ७ भित्र सम्पन्न गर्नुपर्ने संवैधानिक बाध्यताभित्रका यी दुई निकायको निर्वाचन एकैचोटि गर्न निर्वाचन आयोगसँग छलफल पनि चलाइसक्नुभएको छ।

आगामी २ असोजमा प्रदेश नं. २ को निर्वाचन हुँदै छ। निर्वाचनको तयारीका लागि मधेस केन्द्रित दलहरु त्यति सक्रियता देखाएर हिँडेको देखिँदैन। राष्ट्रिय जनता पार्टी नेपालको माग पूरा गराउनका लागि नै तेस्रो चरणको स्थानीय तहको निर्वाचन गराउन लागिएको हो। राजपा नेपालको मागबमोजिम नै तेस्रो चरणको निर्वाचन असोज २ मा धकेलिएको हो। यो निर्वाचन निष्पक्ष, धाँधलीरहित ढंगले सम्पन्न गर्न सबै दल इमानदारिताका साथ लाग्नुपर्छ। सरकारले पनि उचित किसिमको चुनावी वातारण तयार गरिदिनुपर्छ।

नयाँ संविधान जारी भएलगत्तै माओवादीसमेतको गठबन्धनमा एमालेका अध्यक्ष के.पी. शर्मा ओली नेतृत्वको सरकार बनेको थियो। त्यसले निर्वाचन गराउन सक्ने अवस्था नदेखेपछि र सरकारको नेतृत्व माओवादीलाई छोड्न नमानेपछि सरकार परिवर्तन भएको थियो। मुलुकको सबैभन्दा ठूलो दोस्रो शक्ति एमालेलाई बाहिर राखेर मुलुकलाई निकास दिन्छु भन्दै हिँड्नु कांग्रेस र माओवादी केन्द्रको विश्लेषण कति सही छ ? त्यो त व्यवहारले देखाइसकेको छ। एमालेलाई सरकारदेखि बाहिर राखेर कांग्रेस र माओवादी केन्द्र, विजय गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरमलगायतका केही दलहरु सत्तालिप्सामा चुर्लुम्मै डुबेका छन्। मुलुकको भाग्य र भविष्य जेसुकै होस्, यी दलहरुलाई कुनै मतलब छैन। मुलुक बनाउने चिन्ता यी सत्तारुढ दलहरुलाई पटक्कै छैन। सबै पार्टीका घोषणापत्र हेर्दा देश बनाउने कुरा उल्लेख गरेका छन्। भ्रष्टाचार निर्मूल पार्ने प्रतिबद्धता जनाएका छन्। तर सरकारमा पुगेपछि सबै कुरा दलहरुले भुल्दै आएका छन्। देशलाई आमूल परिवर्तन गर्ने लक्ष्य बोकेर माओवादीले जनयुद्ध शुरु गरेको थियो र जनयुद्धको बाटोबाट केही गर्न नसकेपछि शान्तिपूर्ण राजनीतिक मूलधारमा माओवादी प्रवेश गर्न बाध्य भयो। चुनावको माध्यमबाट पटक-पटक सरकारमा गयो र पटक-पटक सरकारको नेतृत्व पनि गऱ्यो, आखिर उसले देश र जनताको लागि के गऱ्यो ? सबैका सामु छर्लङ्ग छ। जति विकास गर्छु भनेर नेताहरु कुर्लिए पनि सत्तामा पुगपछि सबै कुरा बिर्सिएको जागजाहेर छ।

२००७ सालदेखियता परिवर्तनहरु धरै भए तर जनताका समस्या जहाँका त्यहीँ छन्। प्रजातन्त्र आउँदा जसको हालिमुहाली थियो, आज लोकतान्त्रिक गणतन्त्र आउँदासमेत नेतृत्वमा उसैको हालिमुहाली छ। त्यो भन्दा लाजमर्दो कुरा के हुन्छ ? ७० वर्ष पुगेका नेतालाई युवानेता भनिएको छ। यो नै समस्याको विषय हो। अब सबै दलहरु गम्भीर नबन्ने हो भने मुलुकको समस्या हल हुन सक्दैन। स्थानीय तहको तेस्रो चरणको निर्वाचन जति-जति नजिक आउँदै छ। उति-उति निर्वाचन प्रतिस्पर्धात्मक हुने अनुमान गर्न थालिएको छ। संविधान संशोधनविना कुनै पनि प्रकारको निर्वाचनमा सहभागिता नलिने अडान लिएको राजपा नेपाल यतिखेर ठूलो संकटमा फसेको छ। राजपा नेपाललाई निर्वाचनमा भाग नलिई सुखै छैन। अब राजपा नेपाल निर्वाचनमा भाग लिन्छ नै, संविधान संशोधन भए पनि नभए पनि।

संविधान कार्यान्वयन गर्नका लागि पनि निर्वाचन सम्पन्न गर्न जरुरी छ। संविधानमा कुनै कुरा अपुग छन् भने सुधारका वातारण कहिल्यै बन्द हुँदैनन् भन्ने कुरा संविधानले नै प्रत्याभूत गरेको छ। केही आधारभुत प्रावधानबाहेक अरु सबै कुरा परिवर्तनीय भनिएको छ। त्यसैले अहिलेको मुख्य कार्यभार भनेको संविधान कार्यान्वयन पहिलो सर्त बनेको छ। असोज २ मा तेस्रो चरणको निर्वाचन हुँदै छ। त्यो निर्वाचनलाई सदुपयोग गर्न सबै राजनीतिक दलहरु इमानदारिताका साथ लाग्नुपर्छ। राजपा नेपाल आफैंमा अलमल गर्नुहुँदैन। निर्वाचनलाई अर्जुनदृष्टि बनाएर अघि बढ्नुपर्छ। साँच्चै भन्ने हो भने, निर्वाचनभन्दा पहिले संविधान संशोधन हुनेमा शंकै छ। अब चुनावभन्दा अर्को विकल्प कुनै दलहरुले सोच्नुहुँदैन। असोज २ मा हुने प्रदेश नं. २ को स्थानीय तहको तेस्रो चरणको निर्वाचनलाई कसरी निपक्ष र धाँधलीरहित तरिकाले सम्पन्न गर्ने भन्ने विषयमा चिन्ता र चासो हुनुपर्दछ। यो निर्वाचन सम्पन्न गरी केन्द्र र प्रान्तको चुनाव सम्पन्न गर्ने दिशातर्फ दलहरुको ध्यान जानुपर्छ।

केन्द्र र प्रान्तको चुनाव एकसाथ सम्पन्न गर्नुपर्ने आवश्यकता देखिएको छ। आगामी संसदीय र प्रान्तीय निर्वाचन एकै चरणमा सम्पन्न गर्दा मुलुकलाई प्रत्यक्षरुपमा फाइदा हुने देखिन्छ। किनकि कम खर्चमा दुईवटा निर्वाचन सम्पन्न गर्दा देशको आर्थिक भार पनि कम हुन आउँछ। प्रधानमन्त्री शेरबहादुर देउवाले आगामी माघ ७ भित्र सम्पन्न गर्नुपर्ने संवैधानिक बाध्यताभित्रका यी दुई निकायको निर्वाचन एकैचोटि गर्न निर्वाचन आयोगसँग छलफल पनि चलाइसक्नुभएको छ। प्रमुख विपक्षी दल एमाले अध्यक्ष केपी ओलीले समेत देउवाको भनाइप्रति घुमाउरो पारामा सहमत जनाइसक्नुभएको छ। केन्द्र र प्रान्त चुनाव एकसाथ सम्पन्न गर्न अन्य राजनीतिक दल र जनसमुदायले पनि सकारात्मकरुपमा लिएका छन्। यस विषयमा दलहरुबीच अनौपचारिकरुपमा सहमति भइसकेको छ।

पछिल्ला वर्षहरुमा निर्वाचन खर्च मुलुकले धान्नै नसक्ने गरी बढिरहेको छ। त्यसैले निर्वाचनलाई मितव्ययी बनाउन सक्दा मात्रै मुलुकको भाविष्य निर्माण हुन सक्छ। संविधान जारी भएदेखि निरन्तर स्थानीय तह संसद् र प्रदेशको पक्षमा आवाज उठ्दै आएको छ। संविधानमै निर्दिष्ट समयसीमाभित्र निर्वाचन सम्पन्न नहुने हो भने मुलुकको राजनीति पुरानै अवस्थामा फर्कन सक्ने खतरा देखिन्छ। त्यसकारण पनि निर्वाचन समयमै सम्पन्न हुनुपर्दछ भन्ने सबैको भनाइ हो। प्रदेश नं. २ मा बाहेक स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ। निर्वाचनको लागि प्रदेश नं. २ का नागरिक व्यग्र प्रतीक्षामा छन्। यहाँका मतदाताहरुलाई निर्वाचनमा उत्साहपूर्वक सहभागिता जनाएर मतदात गर्ने तीव्र इच्छा छ। यो तेस्रो चरणको स्थानीय चुनाव जुनसुकै अवस्थामा पनि सम्पन्न गर्नुपर्दछ। यो नै अहिलेको आवश्यकता हो।

आगामी मंसिरसम्ममा संसद् र प्रदेशको निर्वाचन गर्ने दिशातर्फ सरकार र राजनीतिक दलहरु अगाडि बढ्नुपर्छ। २०७४ माघ ७ भित्र सबै तहका निर्वाचन सम्पन्न गरिसक्नुपर्ने संवैधानिक बाध्यता छ। त्यो बाध्यतालाई बुझेर दलहरु चुनावी अभियानमा कम्मर सकेर लाग्नुपर्छ। अब समय धेरै छैन। विनाउपलब्धि समय खेर फाल्नुभन्दा चुनावी कार्यभार पूरा गर्न दलहरु लाग्नुपर्छ। समयसीमाभित्र चुनाव सम्पन्न हुन नसके त्यसले आउन सक्ने राजनीतिक जटिलतालाई पनि ख्याल गर्नुपर्ने आवश्यकता देखिएको छ। संविधानसभाका रुपमा निर्वाचित भई संविधानसमेत जारी गरी अहिले संसद्मा रुपान्तरित संरचनाको म्याद आगामी माघ ७ मा पूरा हुने समयसीमा तोकिएको छ। त्यति बेला संसद्ले निर्वाचित गरेको प्रधानमन्त्रीदेखि अन्य पदाधिकारीको समेत पदावधि समाप्त हुनेछ। त्यस बेलासम्म दलहरुले गम्भीर भएर सबै तहको चुनाव सम्पन्न गर्नतिर लाग्नुपर्छ। सत्ताभत्ता पचाउन फेरि पनि संसद्को म्याद थप्ने गल्ती कुनै पनि दलहरुले गर्नुहुँदैन।

प्रमुख दलहरुबीचको एकता नै अहिलेको आवश्यकता हो। तर प्रमुख दलहरु एमालेलाई बाहिर राखेर अघि बढ्ने कोशिश गरिरहेका छन्। त्यो राम्रो कुरा होइन। प्रमुख दलहरुबीच अविश्वासको सम्बन्ध छ। संवैधानिक जटिलता आइलाग्यो भने दलहरुबीचको एकता अनिवार्य छ। दलहरु मिलेर जाँदा मात्र भविष्य राम्रो देखिन्छ। अहिलेको संसद्को म्याद थप गरेर जाने सपना कुनै पनि राजनीतिक दलहरुले देखनुहुँदैन। त्यसो भयो भने मुलुकमा ठूलो दुर्घटना घट्ने सम्भावना रहन सक्छ। यस किसिमका भित्री रहस्यहरु दलहरुभित्र लुक्न सक्छन्। विगतका नजिरले पनि त्यही देखाएको थियो। संवैधानिक प्रश्न उठ्न सक्ने गल्ती कसैले गर्नुहुँदैन। पछिल्लोपटक प्रदेश नं. २ मा बाहेक स्थानीय तहको निर्वाचन गराउँदा मात्रै मुलुकले करिब १८ अर्ब रुपियाँ खर्च गर्नुपरेको तथ्य बहिरिएको छ। संसद् र प्रदेशको निर्वाचन पनि दुईपटक गराउने हो भने यसै गरी बजेट खर्च गर्नुपर्ने अवस्था आउनेछ। संसद् र प्रदेशको एकैपटक निर्वाचन गराउनु मुलुकको लागि उपयुक्त हुन्छ। दुवै निर्वाचन एकै चरणमा गरेर राजनीतिक वातावरण सहज बनाउनु आवश्यक छ। सत्तास्वार्थलाई नहेरी मुलुकको भाग्य र भविष्य निर्माण गर्ने अभियानमा लाग्न सरकार र सबै दलहरु इमानदारिताका साथ लाग्नुपर्छ। दलहरु इमानदार नभएसम्म चुनाव सम्पन्न गर्न धेरै कठिनाइ हुनेछ।

## पाठक पत्र

# कोशी, गण्डकी र महाकाली बाँध सम्झौताका ऐतिहासिक पक्ष

नेपाल र भारतबीच भएका कोशी, गण्डकी र महाकाली बाँधको सम्झौताले प्रकृतिलाई नै च्यालेन्ज गरेर पानीको बाहव रोक्न खोज्ने तथा बाटो फेर्न खोज्ने काम भएको छ। पानीको निश्चित दिशा दिएर भारतले अन्य धेरै फाइदा लिन सक्ने गरी दुई देशले सम्झौता गरेका छन्। केही समय पानी रोकेर वा थुनेर निकास दिने बाँध नै ब्यारेज हो। ठूलो परिमाणको पानी लामो समयका लागि रोकेर राखिन्छ भने त्यो बाँध हो।

नेपालबाट भारतले सम्झौता गरी लिन सक्ने सबैभन्दा ठूलो फाइदा भनेको बाँधसँगै नहर निर्माण गरेर कृषि उत्पादन वृद्धि गर्नु हो। त्यस्तै, बाढी नियन्त्रण गर्नु अर्को मुख्य उद्देश्य छ। २०११ वैशाख १२ गते नेपाल र भारतबीच कोशी सम्झौतामा हस्ताक्षर भयो। सोही सम्झौताअनुसार २०२२ वैशाख १२ गते उद्घाटन भयो। ५६ ढोका रहेको कोसी ब्यारेजको सञ्चालन भारतले ९९ वर्षसम्म गर्ने सहमति भयो। जसको सञ्चालन गर्ने जिम्मा भारतकै मातहतमा पारियो। यो सबै काम योजनाबद्धरुपमा थियो।

सम्झौतापछि भारतले कोशीमा बग्ने पानी विहार क्षेत्रमा सिचाइ गर्न प्रयोग गरिरहेको छ। पानी बढी भएमा ढोका बन्द गरेर नेपालमा जति असर परे पनि मतलब गर्दैन। कम भएमा सबै टोका खोलेर उता सिंचाइ गर्छ। नेपालको पानीले नेपालीले सिंचाइ गर्न पनि नपाउने गरी बेचिएको छ। नेपालले पनि सिंचाइका लागि निश्चित परिमाणमा पानी पाउने सम्झौता भए पनि व्यावहारिकरूपमा भने पाएको छैन। भारतको एकतर्फी दादागिरी छ।

गण्डक सम्झौताअनुसार २०१६ सालतिर निर्माण भएको गण्डक ब्यारेजले पनि अहिलेसम्म भारतकै राम्रै उपलब्धि दिइरहेको छ। यस सम्झौताको उद्देश्य कृषि र सिंचाइ नै मुख्य थियो। यसबाट (थोरै ८ सय क्युसेक) पानी नेपालले प्राप्त गर्नुपर्ने हो, जुन नेपालले पाउँदैन। बढी भएमा सबै ढोका थुन्ने र नपुगेमा सबै पानी लैजाने प्रवृत्ति भारतको छ। सम्झौताभन्दा फरक ढंगले दादागिरी भारतले गरेको छ। हामीले सञ्चालन गरेको नारायणी सिंचाइ पनि यही हो। तर, पनि तोकिएको पानी प्राप्त गरेका छैनौं। मुख्यतः यो सम्झौतामा सिंचाइलाई प्राथमिकता दिइएको छ। केही मात्रामा यसले बाढी नियन्त्रणको काममसमेत गरेको छ।

त्यतिमात्रै हैन, भारतले शारदा ब्यारेजको निर्माण सन् १९८५ तिर थालेको हो। उसले करिब २६ लाख हेक्टर भूमिमा सिंचाइ पुग्ने लक्ष्यका साथ यो बाँध निर्माण गरेको हो। सन् १९२० मा चन्द्रशमशेरको पालामा नेपाल र ब्रिटिस इन्डियाबीच सम्झौता भई महाकाली नदीमा शारदा बाँध निर्माण कार्य शुरु भएको थियो। नेपालले सट्टाभर्ना गर्न पाउने सर्तमा ब्रिटिस इन्डियालाई ४० ९३.८८ एक्कड भूमि प्रदान गर्ने सम्झौता भएको थियो। तर, नेपालले अहिलेसम्म सो सम्झौताअनुसार सट्टाभर्ना पाएको छैन। आठ वर्षपछि सन् १९२८ मा शारदा बाँध निर्माण कार्य पूरा भयो।

त्यस्तै, टनकपुर बाँध पनि उसले निर्माण गरेको हो। र, महाकाली नदीको पानी फर्काएर यस बाँधमा लगिएको छ। जसको उद्देश्य बाँध निर्माण गरेर विद्युत् निकाल्ने छ। विद्युत् उत्पादनपछि बग्ने पानी शारदा नहरमा खसाल्ने गरी योजना बनाइएको थियो। तर, यसमा नेपालले विरोध गरेको थियो। भारतले पनि एकतर्फीरूपमा पानी लगेको विषयलाई अनुभव गरेपछि महाकाली सन्धि गर्ने विषय अघि बढ्यो। किनकि, उक्त बाँध निर्माण गर्दा भारतले नेपालसँग नसोधी निर्माण गरेको थियो। त्यति बेला यतिसम्म दादागिरी भारतको हुँदा पनि दलीय नेतत्वले मतलव गरेनन्।

अन्तर्राष्ट्रिय मूल्य-मान्यताअनुसार सीमानदीमा दुवै देशको सहमतिमा मात्र यस्तो संरचना निर्माण गर्नुपर्ने हुन्छ, जसको भारतले उल्लंघन गरेको थियो। उता कोशी सम्झौतामा उच्च बाँध निर्माणको विषय छैन। यो भारतले पछि ल्याएको प्रस्ताव हो। आफ्ने फाइदाका लागि भारतले उक्त योजना ल्याएको हो। अहिलेको कोशी ब्यारेज पुरानो भइसक्यो। यो इन्जिनियरिङ दृष्टिकोणबाट कुनै पनि बेला भत्कन सक्ने अवधिमा पुगिसकेको छ। किनकि, यसको निर्माणमा प्रयोग भएका निर्माण सामग्रीको आयु लगभग सकिने अवस्थामा छ। भत्किहालेमा भारतले अहिले जसरी नहरमार्फत विहारमा पानी लगिरहेको छ, त्यो बन्द हुनेछ। यसकारण पनि भारत कोशी उच्च बाँध बनाउन चाहन्छ। तर, बाँध पुरानो भए पनि अहिलेसम्म बाढी छेकिरहेको छ। भत्किहालेको खण्डमा भारतलाई अत्यन्त ठूलो क्षति हुन्छ। यसबाट आफूलाई बचाउन उसले उच्च बाँधको विषय उठाएको हो। उच्च बाँधका लागि सर्भेसमेत गर्न चाहिरहेको छ। तर, नेपाली राजनीतिक पार्टीको विरोधको कारण रोकिएको छ। यो विषयमा दल एकजुट भएर रोक्नुपर्छ। नेपालको स्रोत-साधनमा भारतीय मर्जी रोक्नुपर्छ।

त्यस्तै गण्डक सम्झौताअनुसार वि.सं. २०१६ मा निर्माण भएको गण्डक ब्यारेजबाट नारायणी सिचाइ आयोजना पनि सञ्चालन छ तर तोकिएको पानी नेपालले पाएको छैन। त्यसपछि भएको महाकाली सन्धिले शारदा, टनकपुर बाँधका विषयमा नेपालले राख्दै आएको असहमति उठाउन छाड्यो। त्यस्तै, ठूलो बाँध (ड्याम) बाँधेर विद्युत् निकाल्ने र नेपाल-भारत दुवैलाई फाइदा हुने गरी साझेदारी बनाउने अर्को विषय छ। त्यस्तै, महाकाली सन्धि हुँदा नै पञ्चेश्वर आयोजनाको ६ महिनाभित्र विस्तृत प्रतिवेदन तयार गर्ने भनिएको थियो। ०५३ भित्र नै तयार हुनुपर्ने प्रतिवेदन अझै पूरा भइसकेको छैन। जबकि, वापकोस नामक भारतीय परामर्शदातालाई पञ्चेश्वरको डीपीआर बनाउने जिम्मा दिइसकेको छ, जुन अझै अनिश्चित छ। यसमा पनि भारतले गम्भीररुपमा चलखेल गरिरहेको छ। यी सबै विषय राजनीनिक सहमतिबाट समाधान गर्नुपर्छ, नभए अदालतको विकल्प छैन।

*- दयाराम सुवेदी, काठमाडौं*

## सामाजिक सञ्जाल

कुनै पनि राजनीतिक दलसित आबद्ध नभई कुनै पनि पेसामा अघि बढ्न प्रायः असम्भव हुनु आधुनिक नेपालको परिभाषा हुन के बेर ?

**Suman Kharel**
**@kharel8**

जताततै पानी भएपछि बल्ल हामी देश डुबेको देख्दै छौं तर देश त त्यही बेला डुबिसकेको थियो, जुन बेला यो देशको पानीमा ताल्चा लगाई चाबी अरूलाई दिइएको थियो।

**इच्छा इरानी**
**@MeUraani**

पछाडिबाट लात्ती हान्नेसँग गुनासो छैन। त्यसले त मेरो गति अझ तीव्र बनाउँछ।

**madhu sudan**
**@sudanmadhu9**

२०७४, भदौ
शुक्रबार
२

कार्यस्थलमा खटिएका बेला हत्या गरिएका वन रक्षक गणेशबहादुर शाहीको परिवार लाई वन विभागले करिब ३० लाख रुपियाँ आर्थिक सहयोग उपलब्ध गराएको छ।

# नेपाल

# शाही परिवारलाई ३० लाख सहयोग

**नेपाल समाचारपत्र**

काठमाडौं

कार्यस्थलमा खटिएका बेला हत्या गरिएका वन रक्षक गणेशबहादुर शाहीको परिवारलाई वन विभागले करिब ३० लाख रुपियाँ आर्थिक सहयोग उपलब्ध गराएको छ।

विभागले स्वर्गीय गणेशकी श्रीमती पवित्रालाई २९ लाख ७० हजार, ४ सय ५९ रुपियाँ आर्थिक सहयोग गरेको हो।

सो रकम विभाग र विभाग मातहतका कार्यालयका कर्मचारीले १ दिनको तलब सहयोग गरी संकलन गरिएको हो। वन विभागका महानिर्देशक कृष्णप्रसाद आचार्यले बिहीबार पवित्रालाई सो रकमको चेक हस्तान्तरण गर्नुभयो।

ताप्लेजुङको तत्कालीन खोक्लिङ गाविसको इलाका वन कार्यालयमा खटिएका जाजरकोटका शाहीको गत पुस १७ गते खुकुरी प्रहार गरी हत्या भएको थियो। निजी र सामुदायिक वनबारेको विवादका क्रममा उनको हत्या भएको थियो।

सरकारी नियुक्ति लिएको २ वर्ष ११ महिनामा शाहीले ज्यान गुमाएका थिए। शाहीका श्रीमती पवित्रासहित २ छोरा र १ छोरी छन्। यसअघि मन्त्रिपरिषद्को निर्णयपश्चात शाही परिवारलाई १० लाख रुपियाँ आर्थिक सहयोग उपलब्ध गराइएको थियो।

यसैबीच गत साताको बाढीपहिरोले मानवीय र भौतिक क्षति पुऱ्याएका परिवारलाई आर्थिक सहयोग उपलब्ध गराउन विभागले राहत संकलन अभियान शुरू गरेको छ। सह-सचिव स्तरका कर्मचारीको ४ दिनको तलब, उपसचिव र शाखा स्तरका कर्मचारीको ३ दिन, नायब सुब्बा र खरिदारको २ दिन र सो भन्दा तल्लो तहका कर्मचारीको १ दिनको तलब कटाई रकम संकलन गरिने विभागले जनाएको छ।

बुधबारको विभागका कर्मचारीको बैठकले यस्तो निर्णय गरेको विभागका सामुदायिक वन विकास अधिकृत प्रकाश लम्सालले जानकारी दिनुभयो।

# चिनियाँ उपप्रधानमन्त्री वाङ स्वदेश फिर्ता

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालको तीनदिने औपचारिक भ्रमण पूरा गरी चिनियाँ उपप्रधानमन्त्री वाङ याङसहितको टोली स्वदेश फर्किएको छ। वाङसहित २१ जनाको टोली बिहीबार विशेष विमानबाट स्वदेश फर्किएको हो।

वाङका नेपाली समकक्षी कृष्णबहादुर महरा, पर्यटनमन्त्री जितेन्द्र देवसहित पररा्ष्ट्र मन्त्रालयका उच्च अधिकारीले चिनियाँ टोलीलाई बिहीबार बिहान बिदाइ गर्नुभएको थियो। सो अवसरमा नेपालका लागि चिनियाँ राजदूत यु होङसहित दूतावासका अधिकारी पनि विमानस्थल पुग्नुभएको थियो।

भ्रमणका क्रममा उपप्रधानमन्त्री वाङले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली समकक्षीद्वय महरा र विजयकुमार गच्छदारलगायतसँग भेटवार्ता गर्नुभएको थियो।

मन्त्री महराको औपचारिक निमन्त्रणामा उहाँ सोमबार काठमाडौं आउनुभएको थियो। वाङ र मन्त्री गच्छदारबीचको प्रतिनिधिमण्डलबीच विभिन्न ३ शीर्षकमा द्विपक्षीय सम्झौता/सहमति गरेको छ।

यही भ्रमणका क्रममा उप-प्रधानमन्त्री वाङले चिनियाँ सहयोगमा निर्माण हुने वसन्तपुरस्थित नौतले दरबारको शिलान्यास गर्नुभएको थियो भने चिनियाँ सहयोगमा निर्माण भएको कीर्तिपुरस्थित राष्ट्रिय आयुर्वेद अनुसन्धान र तालिम केन्द्रको पनि अवलोकन गर्नुभएको थियो।

उहाँले बाढी र डुबान प्रभावित तराईका जनतालाई राहतस्वरूप १० लाख अमेरिकी डलर नगद सहयोग गर्ने घोषणा गर्नुभएको छ।

# वैदेशिक रोजगार कसूर मुद्दामा फरार अभियुक्त पक्राउ

काठमाडौं, (नेस)

वैदेशिक रोजगार कसूर मुद्दामा फरार रहेका एस कन्सल्टेन्सी एन्ड रिसर्च सेन्टरका सञ्चालक साविक ललितपुर उपमहानगरपालिका-१० बस्ने सतिशमान न्याछ्योलाई प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जको प्रहरीले काठमाडौं कालिमाटीबाट बिहीबार पक्राउ गरेको छ।

न्याछ्योसमेत भएको वैदेशिक रोजगार कसूर मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणको २०७१ असोज ७ गतेको फैसलाले २ वर्ष कैद र २ लाख रुपियाँ जरिवाना हुने ठहर भएकोमा सजाय बेरुजु रही भागी फरार रहेका प्रतिवादी न्याछ्योलाई ब्युरोको टोलीले पक्राउ गरी फैसला कार्यान्वयनका लागि ललितपुर जिल्ला अदालतमा पेस गरेकोमा अदालतको आदेशले कैद भुक्तानका लागि कारागार कार्यालय, नख्खु ललितपुर पठाइएको छ।

उक्त सेन्टरका सञ्चालक न्याछ्योले २०६८ मा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्रविना नै १५ जनालाई मासिक ६ सय अमेरिकी डलर पारिश्रमिक हुने होटल कामदारजस्ता कामका लागि मौरिसस, अफगानिस्तान, तान्जानिया, इराक र दक्षिण अफ्रिकाजस्ता मुलुकमा पठाइदिने भनी आकर्षक वैदेशिक रोजगारको प्रलोभन देखाई जम्मा ५७ लाख ११ हजार रुपियाँ ठगी गरेका थिए।

ठगी गरी फरार न्याछ्योबाट ठगी गरेको रकमको ५० प्रतिशतले हुने हर्जानासमेत गरी कुल ८५ लाख ६६ हजार ५ सय रुपियाँ पीडितलाई दिलाइदिने समेत वैदेशिक रोजगार न्यायाधिकरणले फैसला गरेको थियो।

## धनमाल चोरी

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका-४ भनिमण्डलमा घर भाडामा लिई बस्ने अमेरिकी नागरिक मार्गरिप्टेडको कोठाबाट ल्यापटप १ थान, आइप्याड १ थान, आइफोन सिक्स १ थान, सामसुङ मोबाइल १ थान र नगद ७ हजार रुपियाँ गरी करिब २ लाख २ हजार रुपियाँ बराबरको धनमाल बिहीबार राति चोरी भएको छ।

फरार चोरहरूको खोजतलास गर्नुको साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# स्वास्थ्य बिमा उपचार सेवा शुरू

**नेपाल समाचारपत्र**

भक्तपुर

सरकारले शुरू गरेको सामाजिक स्वास्थ्य सुरक्षा अर्थात् स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत भक्तपुरमा स्वास्थ्य सेवा शुभारम्भ भएको छ।

सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा यसबारे जानकारी दिँदै स्वास्थ्य सेवा शुरू भएको बताइएको छ।

समितिका जिल्ला प्रबन्धक श्रीकृष्ण प्रजापतिले भक्तपुर जिल्लामा हालसम्म ३ हजार ३ सय ४५ परिवारका १३ हजार ४ सय ७० जनाले स्वास्थ्य बिमाको सदस्यता लिएको जानकारी दिँदै सदस्यहरूबाट कुल ७६ लाख ३२ हजार १ सय रुपियाँ बिमा रकम संकलन भएको बताउनुभयो।

उहाँले असार १ गतेदेखि शुरू भएको स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत स्वास्थ्य सेवा शुरू भएको बताउनुभयो। जिल्लामा स्वास्थ्य बिमा गराउन तालिम प्राप्त ६७ जना दर्ता सहयोगी परिचालन गरिएको जानकारी दिँदै उहाँले शुरूमा दधिकोट र चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्र, भक्तपुर अस्पताल, कोरिया मैत्री अस्पताल, थिमि, जनस्वास्थ्य सेवा केन्द्र च्यामासिंहबाट बिमाका सदस्यहरूका लागि स्वास्थ्य सेवा कार्यक्रम शुरू गरिएको प्रबन्धक प्रजापतिले जानकारी दिनुभयो।

समितिले दधिकोट र चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्रलाई ईसीजी, एक्सरे र एनलाइनर मेसिन प्रदान गरेको छ। स्वास्थ्य बिमामा सहभागी हुनका लागि ५ जनासम्मको परिवारले वार्षिक २ हजार ५ सय रुपियाँ र त्यसभन्दा प्रति व्यक्ति ४ सय २५ रुपियाँका दरले बिमा शुल्क तिर्नुपर्नेछ।

त्यसबापत ५ जनासम्मको परिवारले वार्षिक ५० हजार रुपियाँसम्मको उपचार सेवा र त्यसभन्दा माथिका परिवारले प्रति व्यक्ति थप १० हजार रुपियाँको उपचार सेवा निःशुल्क रूपमा लिन पाउने व्यवस्था गरिएको समितिका दर्ता अधिकारी रीता धितालले बताउनुभयो।

## दुर्घटनामा एकको ज्यान गयो

भक्तपुर, (नेस)

भक्तपुरमा नाश्च ५१५९ नम्बरको ट्रिपरले बा८४प ९७७२ नम्बरको स्कुटरलाई ठक्कर दिदाँ स्कुटर चालक चाँगुनारायण नगरपालिका-१ सरस्वतीखेल बस्ने वर्ष ५० का रञ्जन कार्कीको मृत्यु भएको छ।

मध्यपुर थिमि चारदोबाटोमा काठमाडौंबाट तीव्र गतिमा भक्तपुरतर्फ आइरहेको ट्रिपरले सोही दिशातर्फ आउँदै गरेको स्कुटरलाई ठक्कर दिँदा घाइते भएका कार्कीको बी एन्ड बी अस्पतालमा पुऱ्याएलगत्तै मृत्यु भएको महानगरीय प्रहरी वृत्त थिमिका प्रहरी नायब उपरीक्षक श्यामबाबु ओलीलाले जानकारी दिनुभयो। प्रहरीले ट्रिपरका चालक भक्तपुर नगरपालिका ५ बस्ने वर्ष ४१ का आकाश लोहलालाई नियन्त्रणमा लिएको छ।

# 'जसले चुनाव जिते पनि मिलेर अघि बढ्छौं'

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल पत्रकार महासंघको आसन्न निर्वाचनका लागि अध्यक्षको उम्मेदवारी घोषणा गरेका गोविन्द आचार्य र तीर्थ कोइरालाले दुई जनामा जसले जिते पनि मिलेर काम गर्ने बताएका छन्।

बिहीबार मिडिया इन्टरनेसनलमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्षका दाबेदार आचार्य र कोइरालाले जसले जिते पनि मिलेर काम गर्ने बताएका हुन्।

अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष पदका उम्मेदवार आचार्यले दुवै जनाले नहार्ने बताए। 'निर्वाचनमा जसले जिते पनि एक जना अध्यक्ष र अर्को सल्लाहकार हुनेछ', कार्यक्रममा बोल्दै आचार्यले भने- 'हामी दुवै हार्दैनौं, एक जना अध्यक्ष भए अर्को सल्लाहकार हुन्छौं।' निर्वाचनको तीव्र तयारी भए पनि अन्तिम समयमा आफूलाई कोइरालाले समर्थन गरी उम्मेदवारी फिर्ता लिनेमा आशावादी रहेको आचार्यले बताए। उनले भने- 'तीर्थ दाइ अग्रज हुनुहुन्छ, उहाँलाई सल्लाहकारमा बस्न सुहाउँछ पनि।' अग्रज र जेठा भएका कारण कोइराला अध्यक्ष पदमा नभएर सल्लाहकारमा बस्नुपर्ने आचार्यको भनाइ थियो।

आचार्यले अर्को एक प्रसंगमा पत्रकारहरूको गुणस्तर वृद्धिमा जोड दिनुपर्ने बताए। 'पत्रकारहरूको संख्यात्मक वृद्धि भए पनि गुणस्तरमा वृद्धि हुन सकेको छैन', उनले भने- 'पत्रकारिताको व्यावसायिक वृद्धिका लागि पत्रकारहरूको गुणस्तरमा वृद्धि गरिनुपर्छ।' महासंघको अध्यक्षमा विजयी भए सबै पत्रकारलाई भेदभाव नगरी समान व्यवहारले हेर्ने आचार्यको भनाइ थियो।

कार्यक्रममा बोल्दै अध्यक्षका अर्का उम्मेदवार तीर्थ कोइरालाले पत्रकार महासंघको राजनीति आफूले हालसम्म नगरेको भए पनि महासंघलाई नजिकबाट नियालेको बताए। 'महासंघको राजनीति म जान्दिनँ, अहिले स्वतन्त्र नै उम्मेदवार हुँ', कार्यक्रममा बोल्दै कोइरालाले भने- 'परिस्थितिका कारण एउटा माउ पार्टीको सहयोग लिएको हुँ।' उनले सैद्धान्तिक रूपमा कांग्रेस, माओवादी, एमालेलगायतका सबै पार्टीले सहयोग गर्ने वचन दिएको भए पनि टेक्निकल रूपमा कुरा नमिलेपछि एउटा पार्टीको छायामा पर्नुपरेको बताए।

पत्रकार पेन्सनको प्रसंग निकाल्दै उनले आफू सरकारले पत्रकारलाई पेन्सन दिनुपर्छ भन्नेको विपक्षमा रहेको बताए। जुन मिडिया हाउसमा काम गरेको हो त्यही मिडिया हाउसले पत्रकारलाई क्षमताअनुसार पेन्सन दिनुपर्ने उनको धारण थियो।

कार्यक्रममा बोल्दै मिडिया इन्टरनेसलका अध्यक्ष माधव निर्दोषले पत्रकारहरूको पेसागत हकहितका लागि पत्रकार महासंघ सदैव लाग्नुपर्ने बताए। निर्वाचनमा जो विजयी भए पनि महासंघलाई एकाबद्ध ढंगले मिलाएर अघि बढाउनुपर्ने अध्यक्ष निर्दोषको भनाइ थियो।


अनलाईन दरभाउपत्र आह्वानको सूचना

**वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान**

*(प्रथम पटक सूचना प्रकाशन मिति २०७४।०५।०२)*

यस प्रतिष्ठानमा तपसिलका सामानहरू अनलाईन दरभाउपत्रको माध्यमबाट खरिद गर्नका लागि सम्बन्धित कार्यको लागि इजाजतपत्र प्राप्त आपूर्तिकर्ताहरूबाट नवीकृत फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र र आ.व. ०७२।०७३ को करचुक्ता प्रमाणपत्रको स्क्यान प्रति सहित अनलाईन दरभाउपत्र आव्हान गरिएको छ । अनलाईन दरभाउपत्र सम्बन्धी बिस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरू, फारम भर्ने तरिका आदि बारे सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्बन्धी वेबसाइट **https://bolpatra.gov.np** मा राखिएको छ । सोही सूचना, शर्त आदिको आधारमा अनलाईन दरभाउपत्र मिति २०७४।०५।१८ गते दिनको १२:०० बजे (तदनुसार सेप्टेम्बर ३, २०१७) भित्र पेश गर्न सूचित गरिन्छ । (नोट: अनलाईन दरभाउपत्र खोल्ने मिति, समय: २०७४।०५।१८ गते अपरान्ह २:०० बजे, स्थान: प्रतिष्ठानको मुख्य कार्यालय धरान) ।

| सि. नं. | बोलपत्रको विवरण | फारम दस्तुर | अनलाईन बोलपत्र आह्वानको सूचना नं. |
|---|---|---|---|
| १. | Requotation for Vegetable Items | रू. १०००।- | BPKIHS/073/074/157 |
| २. | Requotation for Custom Pack for Cardiac Surgery | रू. १०००।- | BPKIHS/073/074/158 |
| ३. | Requotation for Hemoconcentrator | रू. १०००।- | BPKIHS/073/074/159 |
| ४. | Requotation for EOG Tube for CSSD | रू. १०००।- | BPKIHS/073/074/160 |
| ५. | Requotation for Suture Material for Cardiac Surgery | रू. १०००।- | BPKIHS/073/074/161 |



## सिनेमा कर्नर

**माउन्ट मकालु यातायात सेवा**

**काठमाडौं-बिर्तामोड-ताप्लेजुङ**

**प्रस्थान दिउँसो २ बजे**

**केन्द्रीय कार्यालय, कलंकी**

**सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३**


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पैसा प्राप्ति, मान-सम्मान, बढुवा, गरेका काम सफल हुने।

**वृष** : धननाश, मानसिक तनाव, व्यर्थको खर्च, व्यापारमा बाधा।

**मिथुन** : उपहार मिल्ने, व्यापार-ठेक्कापट्टामा सफलता, आर्थिक लाभ।

**कर्कट** : दुर्घटनाबाट चोटपटकको भय, पढाइमा असफलता, धनहानि।

**सिंह** : सुख-शान्ति, धनलाभ, उत्तम परिकार प्राप्ति, इष्टमित्रको सहयोग।

**कन्या** : कार्यसिद्धि, विविध वस्तु वा सेवाको प्राप्ति, शारीरिक स्वस्थता।

**तुला** : राज्यभय, इज्जत-प्रतिष्ठामा धक्का, पढाइ वा काममा बाधा।

**वृश्चिक** : गर्न लागेको काममा बाधा-व्यवधान, धन र समयको नोक्सानी।

**धनु** : समस्या समाधान हुने, यश-कीर्ति बढ्ने, वाहन-सुख, धनलाभ।

**मकर** : पढाइ, प्रतियोगिता, मुद्दामामिला आदिमा विजय, धनलाभ।

**कुम्भ** : कार्यनाश, स्वास्थ्य बाधा, पारिवारिक विवाद, कष्ट, चिन्ता।

**मीन** : आफन्तमा विवाद, दौडधुप, दिनचर्या अस्तव्यस्त, झुठो आरोप।

# नेपाल

2017, AUG
Friday
18

{ नेपाल र अमेरिकाको सम्बन्धलाई अझ सुमधुर बनाउन यस शिविरले थप सहयोग मिल्ने अमेरिकन आर्मीका एयर फोर्सका प्रमुख सेनानी गेरी डजले बताए। 'नेपाल सहयोगार्थ यो शिविरले नेपाल र अमेरिकाको सम्बन्ध सुधारमा थप सहयोग मिल्नेछ भन्ने विश्वास गरेको छु' -उनले भने ।

## रुकुममा अज्ञात रोग देखियो

### एकैसाथ दुई सय बिरामी

धनवीर दाहाल, रुकुम

रुकुमको आठबिसकोट नगरपालिका-३ स्थित खदी गाउँमा अज्ञात रोग देखिएको छ। एकैसाथ दुई सयभन्दा बढी बिरामी परेका छन्। स्थानीयका अनुसार टाउको दुख्ने, पेट दुख्ने, हातगोडा दुख्ने, वान्ता हुनेजस्ता लक्षणका कारण गाउँका अधिकांश सर्वसाधारण बिरामी परेका छन्। आठबिसकोट नगरपालिकाका प्रमुख गोर्खबहादुर केसीले अज्ञात रोगका कारण खदीका सर्वसाधारण बिरामी परेको बताउनुभयो। भिन्नभिन्न लक्षणका बिरामीहरू दैनिक रूपमा बढ्दै गएको प्रमुख केसीले बताउनुभयो।

साविकको स्यालाखदी गाविसमा पर्ने उक्त ठाउँमा स्वास्थ्य चौकी पनि छैन। स्यालामा रहेको स्वास्थ्य चौकी पनि अनमीको भरमा चल्दै आएको नगर प्रमुख केसीले जानकारी दिनुभयो। हालसम्म उक्त प्रकोप कुन रोगको हो भन्ने नै पत्ता लाग्न सकेको छैन। हरेक दिन बिरामी बढ्दै गएपछि आठबिसकोट नगरस्तरीय स्वास्थ्य संस्थाबाट २ जना स्वास्थ्यकर्मीसहित औषधि पठाइएको छ। एक जना हेल्थ असिस्टेन्ट र एक जना अहेब एक जना भरिया औषधिसहित खदीतर्फ गएको उहाँले जानकारी दिनुभयो।

हेल्थ असिस्टेन्ट मनिराज शाह र अर्का एक जना अहेब बुधबार जिल्ला अस्पतालबाट औषधिसहित त्यसतर्फ गएका हुन्। उनीहरू बिहीबार रातिसम्म सो स्थानमा पुग्न सक्ने अनुमान गरिएको छ। जिल्ला अस्पतालका महामारी नियन्त्रण कार्यक्रमका फोकल पर्सन नन्दलाल महतोले एक्कासि धेरै जनामा ज्वरो आएकाले आवश्यक औषधिसहित स्वास्थ्यकर्मी पठाइएको बताउनुभयो। २०६८ सालमा पनि सोही गाउँमा झाडापाखाला महामारी फैलिएको थियो। सो गाउँमा एक्कासि स्थानीयहरू बिरामी भएपछि अन्य ठाउँहरूमा पनि त्रास फैलिएको छ।

## नि:शुल्क स्वास्थ्य शिविर चलाउँदै अमेरिकी सेना

सन्तोष अधिकारी, गोरखा

नेपाली सेना र अमेरिकी सेनाको संयुक्त आयोजनामा गोरखा नगरपालिका-८ आहालेको सरस्वती माध्यमिक विद्यालय परिसरमा पाँचदिने नि:शुल्क स्वास्थ्य शिविर चलिरहेको छ। अहिलेसम्म २ हजारभन्दा धेरै बिरामीले सेवा लिइसकेका छन्। भूकम्पको केन्द्र विन्दु रहेको गोरखामा अमेरिकन सेनाको रोजाइमै सोमबारदेखि नि:शुल्क स्वास्थ्य शिविर चलेको हो। शिविरमा नेपाली सेना र अमेरिकन सेनाका विशेषज्ञ चिकित्सकहरूले सेवा दिइरहेको नेपाली सेनाकी डा. रेंकु जोशीले जानकारी दिइन्।

बालरोग, छाला तथा यौनरोग, दन्त, आँखा, सामान्य उपचारलगायतका सेवाहरू शिविरमा रहेको सेनाका मेजर प्रकाशबहादुर सिंहले बताए। 'विशेष गरी आँखा, दाँत, रुघाखोकी, ज्वरोलगायतका रोगका बिरामीहरू शिविरमा आएका छन्', उनले भने- 'शिविरमा विभिन्न रोगका विशेषज्ञ नेपाली सेनाका ११ जना र अमेरिकन सेनाका ३१ जना डाक्टरले बिरामीको सेवा गरिरहेका छन्।' सेनाका चिकित्सक टोलीसँगै सुरक्षा दल र प्राविधिक पनि सँगै छन्। शिविरमा आँखाका बिरामीलाई उपचारपछि चस्मा, दाँतका बिरामीलाई ब्रस, मञ्जनलगायत रोगअनुसार आवश्यक पर्ने औषधिहरू नि:शुल्क रूपमा उपलब्ध गराइएको नेपाली सेनाले जनाएको छ। शिविरमा प्राय: वृद्धवृद्धाहरू स्वास्थ्य सेवा लिन आएका छन्।

नेपाल र अमेरिकाको सम्बन्धलाई अझ सुमधुर बनाउन यस शिविरले थप सहयोग मिल्ने अमेरिकन आर्मीका एयर फोर्सका प्रमुख सेनानी गेरी डजले बताए। 'नेपाल सहयोगार्थ यो शिविरले नेपाल र अमेरिकाको सम्बन्ध सुधारमा थप सहयोग मिल्नेछ भन्ने विश्वास गरेको छु', उनले भने- 'यस सम्बन्धलाई नेपाली सेनाको माध्यमबाट हामी निरन्तरता दिन चाहन्छौं। हामीले १० वर्षे समयमा प्यासिफिक एन्जल कार्यक्रममार्फत् नेपालका पोखरा, चितवनमा पनि स्वास्थ्य शिविर गरिसकेका छौं। अहिले भूकम्पको केन्द्र विन्दुसमेत रहेको गोरखा छानेका हौं। हाम्रो अर्को उद्देश्य विपद्को बेला दुई देशका सेनाहरूले मिलेर कसरी काम गर्न सकिन्छ भन्ने अभ्यास पनि हो।'

सेनाका प्राविधिकहरूले जिल्लाका विभिन्न पाँच विद्यालयमा मर्मत, वायरिङलगायतका काम पनि गरिरहेका छन्। संसारी माबि गाँखु, महेन्द्र मावि कुन्दुर, गोरखा अस्पताल, छेवेटार स्वास्थ्यचौकीमा पनि वायरिङ, भवनहरू मर्मतलगायतका कार्य नेपाली सेना र अमेरिकन सेनाको संयुक्त टोलीले गरेको हो।

## गाउँ र शहरमा फरकफरक कर

काभ्रे, (नेस)

बनेपा नगरपालिकाले नगरबासीको हितका लागि विभिन्न करका दरमा ग्रामीण र शहरी क्षेत्रका लागि फरकफरक दररेट कायम गरेको छ। घरको नक्सा पास गर्दा ग्रामीण भेगमा ३ रुपियाँ र शहरी क्षेत्रमा ६ रुपियाँ प्रति वर्ष स्क्वायर फुट कायम गरेको छ।

साथै बनेपा नगरपालिकाले भूकम्पपीडित नगरबासीहरूका लागि नक्सा पासमा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ भने सरकारले डिजाइन गरेको नक्सामै घर निर्माण गर्ने नगरबासीलाई नि:शुल्क नक्सा पास गरिदिने निर्णय गरेको छ। नगरपालिकाले साविकका गाविस उग्रतारा जनागाल, महेन्द्रज्योति बाँस्डोल, नासिकास्थान साँगा, टुकुचा नाला, उग्रचण्डी नाला, रविओपीका लागि नक्सा पासमा छुट्टै दर कायम गरेको छ।

सोही गाविसमा रहेका हालका वडाहरूका लागि अरनिको राजमार्गसँग जोडिएका घरका लागि प्रति वर्ग फिट ७ रुपियाँ, नाला भक्तपुर सडकसँग जोडिएका घरका लागि प्रति वर्ग फिट ६ रुपियाँ, महेन्द्रज्योति सडकसँग जोडिएका घरका लागि ४ रुपियाँ र उल्लेखितबाहेकका बाँकी क्षेत्रका लागि प्रति वर्ष फिट ३ रुपियाँ मात्रै राजस्व दस्तुर लाग्ने निर्णय गरेको छ। नगरपालिकाले थपिएका बाहेकका साविकका वडाहरूमा भने फरकफरक दस्तुर कायम गरेको छ।

बढ्दो मूल्य वृद्धि समायोजन गर्न नगरपालिकाले नगरबासीहरूका लागि विभिन्न क्षेत्रमा करको दरलाई सहज बनाउने निर्णय भएको छ। नगरबासीहरूको घर भत्किएर पुनर्निर्माण गर्नु पर्दा नक्सा पासमा १५ सय वर्ग फुटमा सबै नागरिकका लागि ५० प्रतिशत राजस्व छुट गराउने निर्णय गरेको उपप्रमुख एवं राजस्व समितिका संयोजक रेखा सापकोटा दाहालले बताइन्। अन्यत्र घर भई बनेपामा नयाँ घर बनाउने नागरिकले उक्त सुविधा प्राप्त गर्ने छैनन्। भूकम्पले बनेपा नगरपालिका भित्रै घर भएर भत्किएको अवस्थामा मात्रै उक्त सेवा प्राप्त गर्नेछन्।

ग्रामीण भेगका नागरिकले प्रति वर्ग फिट ३ रुपियाँमा पनि १५ सय वर्ग फिटसम्म ५० प्रतिशतसम्म छुट पाउँदा धेरै सहज हुने वडा नम्बर ३ का अध्यक्ष कृष्णप्रसाद दाहालले बताए। मंगलबार बसेको बैठकले भूकम्पपीडित नागरिकहरूका लागि छुट दिने निर्णय गरेको वडा अध्यक्ष श्यामसुन्दर श्रेष्ठले जानकारी दिए। सरकारले तोकेका नक्साअनुसारको घर निर्माण गर्ने भूकम्पपीडित नागरिकले नक्सा पासको प्रक्रियामा नै जानु नपर्ने नगरपालिकाले स्पष्ट पारेको छ।

चारकिल्ला दस्तुरमा केही वृद्धि भए पनि उक्त रकम हरेक नागरिकका लागि सधैं अनिवार्य रूपमा नचाहिने र नागरिकहरूले पनि सस्तो रूपमा त्यसको व्यवस्थापनसमेत गरेको नदेखिएको विगतको अनुभवले केही रकम वृद्धि गरेको नगरपालिकाले जानकारी दिएको छ। नगरबासीको हितका लागि विभिन्न जनपक्षीय निर्णय गरेको र कार्यान्वयनसमेत शुरू गरिसकिएको नगर प्रमुख लक्ष्मी नरसिंवादेले जानकारी दिए।

## नगर विकासमा निर्वाचित प्रतिनिधिको चासो

नेपाल समाचारपत्र

भद्रपुर

नेपाल सरकारको केन्द्रको अधिकार स्थानीय तहमा आउने विषयलाई मध्यनजर गर्दै निर्वाचित जनप्रतिनिधिले आफ्नो क्षेत्रलाई समृद्धि बनाउन चासो देखाएका छन्। नेपालको दोस्रो पुरानो भद्रपुर नगरपालिकालाई आउँदो दिनमा नगरलाई कस्तो बनाउने भन्ने भावी योजनासहितको तर्जुमाका बारेमा चासो देखाएका हुन्।

नगरले बिहीबार सर्वपक्षीय भेला गराई नगरपालिकाको बृहत्/एकीकृत शहरी विकास योजना तर्जुमाको विषयमा दीर्घकालीन सोच निर्धारण कार्यशाला गोष्ठी तथा विषयगत छलफल कार्यक्रम आयोजना गरेको छ। कार्यक्रमलाई नेपाल डेभलपमेन्ट कन्सल्टेन्सी काठमाडौंले परामर्शदाताका रूपमा भद्रपुर नगरको समग्र अध्ययन गरी नगरपालिकालाई बुझाउने मुख्य उद्देश्य रहेको नगरका कार्यकारी अधिकृत काजीमान राईले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै बताए। नेपालका नगरपालिकामध्येमा भद्रपुर नगर पनि यो अभियानमा परेकाले नगरमा देखिएका सम्भाव्यताहरूको घनिभुत छलफल गरी निष्कर्षमा पुग्नका लागि कार्यक्रमको आयोजना गरिएको अधिकृत राईले बताए।

कार्यक्रलाई कन्सल्टेन्सीका शहरी योजनाकार तथा टोली प्रमुख केदार दाहालले वृत्तचित्रमार्फत् हालसम्म भद्रपुर नगरपालिका क्षेत्रको अवस्थाको बारेमा जानकारी गराएका थिए। नगर क्षेत्रमा अध्ययनको उद्देश्य विधि, स्थलगत अध्ययन र अवलोकन, स्वास्थ्य, शिक्षा, खानेपानी, जनसंख्या, सडक तथा यातायात, भवन निर्माण तथा बसोबासको अवस्था, पर्यटन, वातावरण, उद्योग तथा व्यापार, सिँचाइ, कृषि तथा पशुपालनलगायतको नगरको वस्तुस्थितिका बारेमा दाहालले प्रस्ट पारेका थिए। गत वैशाख २० गते भद्रपुरका लागि पूर्वयोजना तयारी कार्यशाला गोष्ठीमार्फत् उठेका विषयहरूलाई अध्ययन गरी नगरको खाका तयारी गर्ने काम शुरू गरिएको उनले बताए। कार्यक्रममा कन्सल्टेन्सीका भौगोलिक विशेषज्ञ कृष्णप्रसाद तिमल्सेना र सिनियर इन्जिनियर चन्द्र झाले थप प्रकाश पारेका थिए।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८४१०६५३५२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-

मूअक्कबाहेक

विस्तृत जानकारीका लागि

कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान

फोन : ४२१९९८४, ४२१९०१६
४२१९६९१२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कर्नर्स**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
फोन : ४७२००४६
मोबाइल : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● थ्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेसन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P.O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२९९७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३९१५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटार्छे : ६१२७२४

२०७४, भदौ
शुक्रबार
२

# नेपाल

वनमा हजारौं रुख बगाउनुका साथै बाढी पसेर सयौं हेक्टर वन क्षेत्र बालुवा र पागोले पुरेको छ। 'बालुवाले पुरेर र नदी कटानमा परेर ठूलो क्षति पुगेको छ', जिल्ला वन अधिकृत भैरवप्रसाद घिमिरेले भने- 'बाढी घटेपछि क्षतिको अवस्था बुझ्ने कार्य भइरहेको छ।'

## बाढीले वन विनाश पनि उस्तै

**गोकुल घोरसाइने, बारा**

पुदिनअघि लाल खोलमा आएको बाढीले बारा जिल्लामा सयौं हेक्टर क्षेत्र वन विनाश गरेको छ। तर बाढीले पुऱ्याएको क्षतिको लगत संकलन र नियन्त्रणतर्फ सम्बन्धित निकायको ध्यान अहिलेसम्म पुगेको छैन।

अविरल वर्षापछि निजगढ नपा ८ र १० स्थित लाल र बकैया खोलको बाढी कटानले पर्सा राष्ट्रिय निकुञ्जसहित स्थानीय कछडिया, राधाकृष्ण र नागमणि सामुदायिक वनमा हजारौं रुख बगाउनुका साथै बाढी पसेर सयौं हेक्टर वन क्षेत्र बालुवा र पागोले पुरेको छ। 'बालुवाले पुरेर र नदी कटानमा परेर ठूलो क्षति पुगेको छ', जिल्ला वन अधिकृत भैरवप्रसाद घिमिरेले भने- 'बाढी घटेपछि क्षतिको अवस्था बुझ्ने कार्य भइरहेको छ।' घिमिरेले कर्मचारी खटाएर प्रभावित क्षेत्रको बुधबारबाट स्थलगत निरीक्षण र विवरण संकलन कार्य शुरू गरिएको र केही दिनभित्र क्षतिको यकिन विवरण प्राप्त हुने जानकारी दिए।

लालगाउँ सुरक्षाका लागि भन्दै राष्ट्रपति चुरे संरक्षण कार्यक्रमअन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय परवानीपुरले निर्माण गरेको बाँधले रोकेपछि जंगलतर्फ सोझिएको बाढी पसेर वन सम्पदाको विनाश गरेको हो। नदीले धार परिवर्तन भएर २ दिनसम्म जंगल पसेको खोलाको मूल धार आइतबार राति बाँध भत्केपछि पुरानै कोर्समा फर्किएको र लालगाउँका एक दर्जनभन्दा बढी घरगोठ बगाएको र १० बिगाहाभन्दा बढी खेतीयोग्य जमिन कटान गरेको छ।

'बस्ती र जंगल दुवै बगायो', स्थानीय जोसिमाया बलले भनिन्- 'संरक्षणका लागि भनेर निर्माण गरेको बाँधले त झन् विनाश पो निम्त्यायो।' संरक्षणको दृष्टिकोणले राम्ररी अध्ययन नै नगरी बाँध निर्माण गरिएकाले बस्ती र जंगल दुवैतर्फ क्षति गरेको उनले बताइन। लाल खोला नियन्त्रणको लागि करिब ३ करोड रूपैयाको लागतमा निर्माण शुरू भएको डेढ किमि लामो बाँध गत वर्ष सम्पन्न भएको थियो। दुई दिनसम्म बस्ती पश्चिम जंगल पसेको बाढी १० किमि दक्षिण पूर्वपश्चिम राजमार्गको आरसीसी पुल र लच्कामा निस्किएपछि आवागमन २ दिनसम्म ठप्प बनेको थियो।

वन कर्मचारीले पनि असरबारेमा

पर्याप्त अध्ययन नगरी बाँध निर्माण गरिएकाले जंगलमा क्षति पुगेको बताए। त्यसै गरी निजगढ-४ को कछडिया सामुदायिक वन क्षेत्रको जंगलबाट बसेको बकैयाको बाढीले बगाएर ल्याएको बालुवा र पागोले रुखको दुई फिट माथिसम्म पुरेको र ठूला रुखसमेत सुकेर ढल्न सक्ने खतरा बढेको जिल्ला वन अधिकृत घिमिरे बताउँछन्। 'साना बिरुवा धेरै पुरिएको पाइयो', उनले भने- 'जरामा माटो धेरै थुप्रिएपछि कमजोर बनेका रुख केही समयपछि सुक्ने सम्भावना छ।'

बस्ती संरक्षणको नाममा निर्माण गरिएका संरचानाले नदीले धार बदलेको र वन क्षेत्र विनाश गरेको बताए। उनले धन्सार, पसाहा, बालगंगा र दुधौरा जस्ता खोला किनाराबाट पनि ठूलो परिमाणका रुख नदी कटानमा परेर बाढीमा बगेको र संरक्षणका लागि सरकारले प्रभावकारी योजना बनाएर काम गर्नुपर्ने बताए।

## प्रधानमन्त्रीद्वारा बाढीपीडितको अवलोकन

**नेपाल समाचारपत्र**
बाँके

प्रधानमन्त्री शेरबहादुर देउवाले बाँके, बर्दिया र कैलालीका बाढीपीडितको अवस्था अवलोकन गरेका छन्। बाढीले ठूलो क्षति पुऱ्याएको यी तीन जिल्लामा पुगेर प्रधानमन्त्री देउवाले नगद र राहत वितरण गरेका छन्। बाँकेको राप्तीसोनारी गाउँपालिका-४, लालपुरका एक परिवारलाई प्रधानमन्त्री देउवाले ६ लाखको चेक हस्तान्तरण गरेका छन्।

कमैयाडाँडामा आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले मृतक बालिकाका बुबा कमिलाल थारूलाई चेक हस्तान्तरण गर्नुभयो। २८ गते आएको बाढीले कमिलालका तीन छोरीहरू ७ वर्षीया सुस्मिता, ९ वर्षीया सरिता र १२ वर्षीया अञ्जु थारूको मृत्यु भएको थियो। सरकारले मृतकलाई २ लाख राहत दिने निर्णयअनुसार नै प्रधानमन्त्री देउवाले कमिललालाई ६ लाख हस्तान्तरण गरेका थिए।

प्रधानमन्त्री देउवाले कमिललालाई घरसमेत सरकारले बनाइदिने आश्वासन दिएका छन्। प्रधानमन्त्री देउवाले त्यहाँ उपस्थित बाढीपीडितलाई तयारी खाद्यान्न वितरण गरेका थिए।

कमैयाडाँडा जानुअघि प्रधानमन्त्री देउवालाई राँझास्थित नेपाली सेनाको चार नम्बर बाहिनीमा मध्यपश्चिमका

क्षेत्रीय प्रशासक र पूतनापतिले बाढीको समग्र जानकारी गराएका थिए। प्रधानमन्त्री देउवाले बाँकेको अन्य ठाउँमा पनि हवाई निरीक्षण गरेका छन्।

प्रधानमन्त्री देउवाले बर्दिया र कैलालीको पनि हवाई निरीक्षण र राहत वितरण गरेका छन्। उहाँले बर्दियाको भादापुलको निरीक्षण गर्नुभयो। कैलालीको टीकापुरस्थित पुरानो एयरपोर्टमा पीडितलाई राहत वितरण गर्नुभयो। देउवाले बाढीपीडितलाई भोकै मर्न नदिने बताउनुभएको छ।

यसैबीच, २७ गते रातिदेखि वर्षाले बाँकेमा ७ जनाको ज्यान गइसकेको छ। जिल्लामा ८ सय ५३ घर पूर्ण र ३ घर आंशिक क्षति पुगेको छ। ९ हजार ४ सय ८२ घरधुरी र ४७ हजार ४ सय १० जना बाढीबाट प्रभावित भएको जिल्ला प्रशासन कार्यालय, बाँकेका प्रवक्ता खगेन्द्र पौडेलले जानकारी दिनुभएको छ।

बाँकेमा विभिन्न २५ वटा अस्थायी आश्रमस्थल (विद्यालय, सामुदायिक भवन) मा ९ सय ९५ परिवारका ४ हजार ६ सय ६४ जना बसेका छन्। १४ हजार १ सय २७ किलो चिउरा, २ हजार २ सय ८७ किलो चिनी, ५२ हजार २ सय ५७ पाकेट चाउचाउ, ३३ हजार ३ सय ३० पाकेट बिस्कुट, १२ हजार ३ सय ६२ बोतल पानी, १ हजार ४ सय ८३ किलो नुन, १ हजार ३ सय ९० किलो भुजिया, १ हजार ६ सय किलो दालमोद, १ हजार किलो चामल, १ सय २० लिटर खानेतेल, सोयाबिन सय किलो वितरण गरिएको छ।

बाढीपीडितमा रोग संक्रमण फैलिन नदिन जिल्ला जनस्वास्थ्य कार्यालय, बाँकेले विभिन्न ठाउँमा डाक्टरसहितको टोली खटाएर उपचारको व्यवस्था मिलाएको छ। जनस्वास्थ्यले फत्तेपुर, गंगापुर, कचनापुर, बैजापुर, उढरापुरमा डाक्टरसहितको टोली खटाएर उपचारको व्यवस्था मिलाएको कार्यालयका महमारी फोकलपर्सन रामबहादुर चन्दले जानकारी दिनुभयो। टोलीले २ हजार बढी बाढीपीडितको उपचार गरेको छ।

## वर्षेनी सयभन्दा बढी मानिस हराउँछन्

**अनिल खत्री, गुल्मी**

गुल्मीबाट झन्डै १ सय मानिस हराउने गरेका छन्। जिल्ला प्रहरी कार्यालय गुल्मीको गत तीन वर्षको तथ्यांकअनुसार वर्षेनी महिला, पुरुष, बालबालिका हराउने गरेका छन्। आर्थिक वर्ष २०७१/०७२ मा ९२ महिला हराएका छन्।

आर्थिक वर्ष २०७२/०७३ मा ६२ जना र २०७३/०७४ मा जना हराएको प्रहरीको तथ्यांकमा उल्लेख छ। हराएका महिलामध्ये आर्थिक वर्ष २०७१/०७२ मा ३७ जना फेला परेका छन् भने ५४ जना फेला नपरेको प्रहरीलेको तथ्यांकमा उल्लेख छ। आर्थिक वर्ष २०७२/०७३ मा हराएकामध्ये २५ जना फेला परेका छन् भने ३७ जना फेला नपरेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ। आर्थिक वर्ष २०७३/०७४ मा ११ जना फेला परेका छन् भने ६० जना महिला अझै फेला नपरेको प्रहरीले जनाएको छ। जिल्लामा हराउने पुरुषको संख्या पनि उत्तिकै रहेको छ। आर्थिक वर्ष २०७१/०७२ मा १४ जना हराएका छन्। हराएकामध्ये ५ जना फेला परेका छन् भने ९ जना पुरुष अझै फेला परेका छैनन्। आर्थिक वर्ष २०७२/०७३ मा १७ जना पुरुष हराएका छन्। हराएकामध्ये ९ जना फेला परेका छन् भने ८ जना पुरुष अझै फेला नपरेको प्रहरीको तथ्यांकमा उल्लेख रहेको छ।

आर्थिक वर्ष २०७३/०७४ मा १८ जना पुरुष हराएका छन्। हराएकामध्ये ७ जना फेला परेका छन् भने ११ जना पुरुष अझै फेला नपरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक महेन्द्र नेपालले जानकारी दिए। जिल्लामा वर्षेनी बालबालिका पनि हराउने गरेका छन्। आर्थिक वर्ष २०७१/०७२ मा ६ जना बालक हराएका छन्। हराएकामध्ये २ जना फेला परेका छन् भने ४ जना बालक फेला परेका छैनन्। सोही आर्थिक वर्षमा १९ जना बालिक हराएका छन्। हराएका बालिकामध्ये १५ जना फेला परेका छन् भने ४ जना फेला परेका छैनन्। आर्थिक वर्ष २०७२/०७३ मा ११ जना बालक हराएका छन्। हराएकामध्ये ५ जना फेला परेका छन् भने ६ जना फेला परेका छैनन्। सोही आर्थिक वर्षमा ६ जना बालिका हराएका छन्।

हराएकामध्ये ५ जना फेला परेको र १ जना फेला नपरेको प्रहरीको तथ्यांकमा उल्लेख रहेको छ। आर्थिक वर्ष २०७३/०७४ मा ११ जना बालक हराएका छन्। हराएकामध्ये ४ जना फेला परेका छन् भने ७ जना फेला परेका छैनन्। सोही आर्थिक वर्षमै १५ जना बालिका हराएका छन्।

हराएकामध्ये ५ जना फेला परेका छन् भने १० जना फेला नपरेको प्रहरीको तथ्यांकमा उल्लेख रहेको छ। हराउनेमध्ये धेरैजसो २० वर्ष देखि ३५ वर्षभित्रका रहेको प्रहरी नायब उपरीक्षक नेपालले जानकारी दिए। हराएकामध्ये धेरैजसो फेला परे पनि प्रहरीकहाँ जानकारी नगराउने गरेको नेपालले जानकारी दिए। 'हराए भन्दै प्रहरीकहाँ आउँछन्', प्रहरी नायब उपरीक्षक नेपालले भने- 'भेटिए केहिले खबरै गर्दैनन्।'

## १० हजारले फोटोसहितको नामावली भरे

रुकुम, (नेस)

रुकुममा जारी फोटोसहितको मतदाता नामावलीमा नाम लेखाउनेको संख्या झन्डै १० हजार पुग्न थालेको छ। जिल्लाको ९ वटै स्थानीय तह र जिल्ला निर्वाचन कार्यालयमा बिहीबारसम्म ९ हजार ७ सय ६७ जना मतदाताले नामावलीमा नाम दर्ता गरेका छन्। जसअन्तर्गत ५ हजार ५ महिला र ४ हजार ७ सय ६२ पुरुष रहेको जिल्ला निर्वाचन कार्यालय रुकुमले बताएको छ।

साउन १६ गतेदेखि जिल्लाको सबै स्थानीय तहमा शुरू गरिएको मतदाता नामावली कार्यक्रममा मतदाताको समेत उत्साहजनक उपस्थिति भइरहेको छ। दिनहुँ मतदाताको उपस्थितिमा उत्साह बढ्दै गइरहेका बेला निर्वाचन आयोगले पुनः ३ दिनको समय थप गर्दा जिल्लाका छुट मतदातामा झन् उत्साह थपिएको छ।

जिल्लामा करिब २० हजारको संख्यामा मतदाता छुट भएको र यसपटक करिब १२ हजार जति नयाँ मतदाता थपिने अनुमान रहेको जिल्ला निर्वाचन कार्यालय रुकुमका जिल्ला निर्वाचन अधिकारी कमलमणि देवकोटाले बताउनुभयो।

## ब्लड बैंक नहुँदा बिरामी मर्कामा

ताप्लेजुङ, (नेस)

ताप्लेजुङमा एक सरकारीसहित दुईवटा अस्पताल सञ्चालनमा रहे पनि रक्त सञ्चार केन्द्र (ब्लड बैंक) नहुँदा बिरामी मर्कामा परेका छन्। उपचारका क्रममा आवश्यक रगत अस्पतालले बिरामीका आफन्तले खोजेर ल्याएपछि मात्र जटिल उपचार गर्ने गरेको छ। बिरामीले तत्काल रगत नपाउने र समूह नमिल्नाले बिरामी मर्कामा परेका छन्।

जिल्ला रेडक्रस शाखामा समेत रक्तसञ्चार केन्द्र नभएकाले रगत आवश्यक पर्ने बिरामीको उपचारमा समस्या हुने गरेको जिल्ला अस्पताल ताप्लेजुङले जनाएको छ। अस्पतालमा बिरामीलाई रगत आवश्यक परे स्थानीय सञ्चारकर्मी र नेपाली सेनाका जवानहरूले दिँदै आएको अस्पतालका चिकित्सकहरूले बताएका छन्।

गाउँबाट उपचारमा आएका कतिपय बिरामी तत्कालै शल्यक्रिया गर्नुपर्ने भए पनि समयमा रगत उपलब्ध नहुँदा ज्यान जोखिममा पर्ने गरेको छ। गर्भवती, गम्भीर दुर्घटनाका घाइते रगत अभावले बढ्दी जोखिममा परेका छन्।

बिरामीका आफन्तले तत्काल रगत उपलब्ध गराउन नसक्दा नेपाल रेडक्रस सोसाइटी, नेपाल पत्रकार महासंघ र नेपालीमा सेनामा सम्पर्क गरी आपूर्ति टार्दै आएको रेडक्रसका सभापति गणेश अधिकारीले बताउनुभयो।

बिरामीको जटिल उपचारमा रगत अनिवार्य चाहिने भए पनि रक्त सञ्चार केन्द्र नभएकाले उपचारमा समेत ढिलो हुने समस्या रहेको डा. भूपाल न्यौपानेले बताउनुभयो।

रक्त सञ्चार केन्द्र नहुँदा रक्तकोषिका तथा इन्जायम मात्र उपचारमा आवश्यक भए पनि रगत नै दिनुपर्ने अवस्था आएको स्वास्थ्यकर्मी बताउँछन्। आर्थिक रूपमा सक्षम समुदायले हेलिकोप्टर चार्टर गरेर शहरका सुविधा सम्पन्न अस्पतालमा पुग्न सक्छन्।

## दुई शव भेटिए

बाँके, (नेस)

नालामा डुबेर मृत्यु भएका दुई जनाको शव भेटिएको छ। आमासँगै नाला तर्ने क्रममा मंगलबार बेपत्ता भएकी ६ वर्षकी सुनिता यादवको शव भेटिएको हो।

बाँकेको नरैनापुर गाउँपालिका-६, गंगापुरको कुदरबेटवास्थित घर जानका लागि सिंगैया नाला तर्ने क्रममा डुबेकी सुनिताको शव भेटिएको हो। सुनितासँगै डुबेर बेपत्ता भएकी आमा रामदुलारी यादव र दिदी अञ्जलीको शव भेटिसकेको छ।

मंगलबार साँझ ६ बजेतिर जमुनीबाट घर फर्किने क्रममा छोटेलाल यादवका चारै जनालाई नालाले बगाएको थियो। यादव भने पौडी खेलेर बाँचेका छन्। श्रीमती र दुई छोरी बेपत्ता भएकोमा सबैका शव फेला परेको छ। त्यस्तै, खजुरास्थित किरण नालामा पौडी खेल्न गएका नेपालगन्जका रवि शाहको डुबेर मृत्यु भएको छ।

काठमाण्डौं महानगरपालिका
महानगर कार्यपालिकाको कार्यालय

**उद्योग विकास शाखा त्रिपुरेश्वर, काठमाण्डौं**

**निःशूल्क तालिम दिने बारेको सूचना।**

**(प्रथम पटक प्रकाशित मिति :–२०७४/०५/०२)**

यस कार्यालयको चालु आ.व.०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार आर्थिक रुपले पछि परेका विभिन्न समुदायका जात जाति, वर्ग वा समूह वा व्यक्तिलाई रोजगारी मूलक सीप विकास एवं उद्यमशीलता विकास कार्यक्रम मार्फत सक्षम बनाई उनीहरुको आय आर्जनमा वृद्धि गराउने उद्धेश्यले देहायका नगरपालिकाहरुमा १० दिने उद्यमशीलता तालिम तुरुन्त संचालन गरिने हुदा सम्बन्धीत न.पा.हरुका तालिम लिन इच्छुक नेपाली नागरिकले यो सूचना प्रकासित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा आवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

यस सम्बन्धी अन्य जानकारीको लागि उद्योग विकास शाखा त्रिपुरेश्वर, काठमाण्डौमा सम्पर्क राख्नु हुन वा फोन नं.४२५११५७ बाट जानकारी प्राप्त गर्नु हुन अनुरोध छ।

**लक्षित वर्ग**

दलित, आदिवासी तथा जनजातिलाई विशेष ग्राह्यता।

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता**

–नेपाली नागरिक।
–१६ वर्ष उमेर पुगी ५० वर्ष ननाघेको।
–साधारण लेखपढ गर्न सक्ने।

**देहाय**

| न.पा | काठमाण्डौं | कागेश्वरी | किर्तिपुर | गोकर्णेश्वर | चन्द्रागिरी | टोखा | तरकेश्वर | दक्षिणकाली | वुढानिलकण्ठ | नर्गान्जुन | शंखरापुर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रशिक्षार्थी संख्या | ३० | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ |

**भावपूर्ण श्रद्धाञ्जली**

**जन्म:**
१९९४ जेष्ठ १०

**स्वर्गारोहण:**
२०७४ श्रावण २२

**स्व. सरस्वती सापकोटा**

यस संस्थाका शुभचिन्तक तथा हाम्रा आत्मीय मित्र श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयका का.मु. निर्देशक महासेनानी श्री कृष्ण प्रसाद सापकोटाको परम पूजनीय माता **सरस्वती सापकोटा**को असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामान गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**पुष्करलाल श्रेष्ठ**
**प्रधान सम्पादक**
**कामना न्यूज पब्लिकेसन्स्**

# विश्व

**प्रकोप**

भारतको विहार राज्यमा भीषण बाढीका कारण डुबानमा परेको इलाकामा पानीमा खेल्दै बालकहरु। उक्त बाढीले विहारमा मात्रै मृत्यु हुनेको संख्या ७६ पुगेको जनाइएको छ।

**नश्लवादी विरोध**

अमेरिकाको भर्जिनिया राज्यमा गोरा नश्लवादी प्रदर्शनको विरोध गरिरहेकामाथि गाडी कुदाउँदा एक महिलाको मृत्यु भएको विरोधमा आयोजित प्रदर्शनमा महिलाको तस्वीर बोकेका सहभागीहरु।

2017, AUG
Friday
18

विश्व २ मिनेट

## अस्ट्रेलिया

### सिनेटमा बुर्का

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाको संसद्मा दक्षिणपन्थी नेता पलिन हेनसनले बुर्कामाथि प्रतिबन्ध लगाउनुपर्ने पार्टीको मागको समर्थनमा बुर्का लगाएर आएकी छिन्। विपक्षी पार्टीका नेताहरूले हेनसनको उक्त कार्यको सराहना गरेको छ भने मन्त्री जर्ज ब्रेन्डिसले उनको उक्त कार्यको निन्दा गरेको छ। मन्त्री ब्रेन्डिसले धार्मिक समूहविरुद्ध कुनै प्रकारको अपराधविरुद्ध चेतावनी दिएको छ। हेनसनले यसरी बुर्का लगाएर आउनुले इस्लाममा विश्वास गर्ने करिब ५ लाख अस्ट्रेलियालीप्रति असुरक्षाको खतरा उत्पन्न भएको बताए। मुस्लिम समुदायको उपहास गर्न र उसको धार्मिक पहिरनको खिल्ली उडाउनु भयावह भएको ब्रेन्डिसले बताए।

## अमेरिका

### प्रधानमन्त्रीलाई कुराए

सिकागो, (एजेन्सी)

सिकागोमा अध्ययन गरिरहेकी एक छात्रा एम्मा केलीले आफू कार्यरत एक रेस्टुरेन्टमा आयरल्यान्डका प्रधानमन्त्री लियो वराडकरलाई खानाका लागि २० मिनेट कुर्न भनेको घटनाले चर्चा पाएको छ। केली आफैं डब्लिनकी हुन्। आफ्ना साथीहरूसँग राति उनको रेस्टुराँमा पुगका प्रधानमन्त्री वराडकरालाई उनले चिन्न सकेनन्। उनीहरूलाई उनले 'तिमीहरू आयरल्यान्डबाट हो?' भन्ने प्रश्न राख्दै एउटा सानो टेबुलमा बस्न र २० मिनेट कुर्न भेनेकी थिइन्। केही समयपछि उनले थाहा पाइन् र उनीहरूलाई एउटा ठूलो टेबुलको व्यवस्था गरी स-सम्मान सेवा पुऱ्याइन्। उनले सामाजिक सञ्जालमा यस घटनालाई लिएर अफसोच व्यक्त गरेकी छिन्।

## चीन

### प्रोपोगान्डा भिडियो

बेइजिङ, (एजेन्सी)

चिनियाँ सरकारी सञ्चारमाध्यमले सीमा विवाद सम्बन्धमा भारतको आलोचना गर्दै एउटा प्रोपोगान्डा भिडियो सार्वजनिक गरेको छ। अंग्रेजी भाषामा निकालिएको उक्त क्लिपमा भारतले पाप गरेको आरोप लगाइएको छ। त्यसमा फेटा बाँधेका एक जना चिनियाँ कलाकारले भारतीय लवजमा बोलेको देखाइएको छ। दोक्लाम सीमा विवादबारे छलफल हुँदै गरेको च्याट शोको एक अँशको रूपमा रहेको उक्त क्लिप सिन्ह्वाले बुधबार सार्वजनिक गरेको हो। यस भिडियोको कारण भारतमा आक्रोश फैलिएको छ। '७ सिन्स अफ इन्डिया' नाम दिइएको सो भिडियोका महिला प्रस्तोता दिएर वाङ रहेकी छिन्।

## साउदी अरेबिया

### सीमा खोलिने

रियाद, (एजेन्सी)

साउदी अरेबियाले यसै महिना हुनगइरहेको मक्काको हज मनाउन मुस्लिम तीर्थयत्रीलाई प्रवेश अनुमति दिने उद्देश्यले कतारसँगको सीमा खोल्ने निर्णय गरेको बिहीबार सरकारी सञ्चारमाध्यमले जनाएको छ। साउदी र कतारबीच बसेको उच्चस्तरीय बैठकपछि यो घोषणा गरेको बताइएको छ। गत जुनमा कतारले आतंककारी गतिविधिलाई सहयोग र समर्थन गरेको आरोप लगाउँदै तीन खाडी मुलुकले कतारसँगको कूटनीतिक सम्बन्ध त्यागेका थिए। साउदी सीमाना बन्द गरिएपछि कतारले आफ्नो २७ लाख जनताका लागि आवश्यक खाद्यान्न जल र हवाईमार्गबाट आयात गर्नुपरेको छ।

# 'उत्तर कोरियामाथिको सैनिक कारबाहीको अझै विकल्प छ'

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका एक वरिष्ठ सैनिक सल्लाहकारले उत्तर कोरियामाथिको सैनिक प्रतिक्रिया निकै भयावह हुने तर अझै पनि यसको विकल्प बाँकी नै रहेको बताएका छन्। अमेरिकी संयुक्त फौजका अध्यक्ष जनरल जोसेफ डनफोर्डले चीन भ्रमणको क्रममा बिहीबार सो कुरा बताएका हुन्।

उत्तर कोरियाको आणविक कार्यक्रमलाई लिएर ट्रम्पको वरिष्ठ ससहयोगीको हिसाबले उत्तरमाथि हुनसक्ने सैनिक कारबाही सम्बन्धमा सोधिएको प्रश्नमा उनले यो जवाफ दिएका हुन्। प्योङयाङले क्षेप्यास्त्र परीक्षणलाई निकै तीव्रता दिन थालेपछि अमेरिका र उत्तर कोरियाबिच तनाव चर्केको हो।

उत्तर कोरियाले प्रशान्त क्षेत्रमा रहेको अमेरिकी भू-भाग गुआममा आणविक आक्रमण गर्ने चेतावनी दिएपछि ट्रम्पले उत्तरमाथिको अमेरिकी आक्रमण अकल्पनीय हुने बताएका थिए।

तर, उत्तर कोरियाका नेता किम जोङ उनले गुआम माथिको आक्रमण योजना केही समयका लागि स्थगित गरेको थाहा पाएपछि ट्रम्पले उनको प्रशंसा गरेका छन्। ट्रम्पले किमले निकै बुद्धिमानीपूर्ण निर्णय गरेको बताएका छन्। केही दिनअघि मुन जाय इनले राष्ट्रपति ट्रम्पलाई उत्तर कोरियासँगको सम्भावित युद्ध रोकिदिन आग्रह गरेका थिए।

अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसका प्रमुख रणनीतिकार स्टिभ ब्यान्नोनले बुधबार सैनिक कारबाही समस्याको समाधान हुन नसक्ने बताएका थिए। पछिल्लो क्षेप्यास्त्र परीक्षणपछि अमेरिकाको पहलमा संयुक्त राष्ट्र संघले उत्तर कोरियामाथि थप नाकाबन्दी लगाएको थियो।

त्यसैलाई अनुशरण गर्दै प्योङयाङको घनिष्ठ मित्रको रूपमा चिनिने चीनले समेत उत्तरबाट आयातित हुँदै आएका केही वस्तुमाथि रोक लगाउने निर्णय गरेको थियो।

# कतारमाथि षड्यन्त्रमा संलग्न रहेको बहराइनको आरोप

मानामा, (एजेन्सी)

बहराइनको सरकारी टेलिभिजन च्यानलले कतारमाथि त्यहाँको सरकारविरोधी षड्यन्त्रमा संलग्न रहेको आरोप लगाएको छ।

यद्यपि उक्त मामिला सन् २०११ को हो र बहराइनले सरकार विपक्षी समूहसँग मिलेर कतारले षड्यन्त्रलाई पृष्ठपोषण गरेको आरोप लगाएको थियो।

सरकारी टेलिभिजन च्यानलले उक्त कथित टेलिफोन रेकर्ड पनि जारी गरेको छ। जसमा कतारका तात्कालीन प्रधानमन्त्री हमाद बिन जासिम अल थानी र अल वफाकका नेता अली सलमानबीचको कुराकानी भएको बताइएको छ। अल वफाकका नेता अली सलमानलाई बहराइनमा कट्टरपन्थी फैलाएको आरोप लागेको छ। उनलाई कट्टरपन्थीसँग जोडिएको अपराधका लागि सजाय पनि सुनाइएको थियो।

उक्त कुराकानीलाई लिएर ती दुवैले बहराइनको सत्ताविरुद्ध अस्थिरतालाई बढावा दिन सहमति गरेको दाबी गरिएको थियो। उक्त टेलिफोन वार्तालाई लिएर बहराइन सरकारले जाँच शुरू गरेको छ।

गत जुनमा बहराइन, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स र इजिप्टले कतारसँगको कूटनीतिक सम्बन्ध तोडेको थियो। ती चार देशले कतार सरकारमाथि इरानको करिबी कट्टरपन्थी संगठनसँग साँठगाँठ गरेको आरोप लगाइरहेको छ। कतारले ती आरोपको पूर्णरूपमा खण्डन गर्दै आइरहेको छ।

# हराएको औंठी १३ वर्षपछि गाजरमा भेटियो

अल्बर्टा, (एजेन्सी)

धेरै वर्षअगाडि हराएको एउटा मूल्यवान औंठी एउटा गाजरले लगाएको भेटिएपछि औंठी मालिक चकित परेकी छिन्।

१३ वर्ष पहिला म्यारी ग्राम्सले क्यानाडाको अल्बर्टामा आफ्नो बगैंचामा हीराको औंठी हराएका थिए। यो सन् २००४ को कुरा हो र अहिले मेरीको उमेर ८४ वर्ष छ।

यति धेरै समय बितेपछि उक्त औंठी फेला पर्ने आशा समाप्त नै भइसकेको थियो। तर, केही दिनअगाडि उनले उक्त औंठी आफ्नै बगैंचामा एउटा गाजरसँगै फेला पारिन्।

मेरीले औंठी हराएको कुरा अहिलेसम्म लुकाएरै राखेकी थिइन्। लाजले हराएको घटनाका बारेमा मेरी आफ्ना पतिसम्मलाई पनि बताएकी थिइनन्। तर, उनका छोरालाई यसबारेमा थाहा थियो।

सोमबार मेरीकी बुहारीले बगैंचामा गाजर उखल्दा उक्त रहस्यबाट पर्दा हट्न पुग्यो। वर्षौंसम्म माटोमा दबिएर रहेको औंठी बुहारीलाई गाजरमा फसेको अवस्थामा प्राप्त भयो।

मेरीले औंठी हराएको घटना लुकाउन बजारबाट एउटा उस्तै देखिने सस्तो खालको औंठी किनेकी थिइन्। कुनै बेला आफ्नी सासु बस्ने गरेको उक्त फार्ममा बस्न आएकी मेरीकी बुहारी कालिन डेलीलाई गाजर खान मनलागेपछि उनले उक्त गाजर उखेलेकी थिइन्।

## औंठी भेटिएपछि ५ हजारलाई नुडल्स् पार्टी

बेइजिङ, (एजेन्सी)

इंगेजमेन्टको औंठी कति महत्त्वपूर्ण हुन्छ, यसको एउटा राम्रो उदाहरण चीनमा देख्न पाएको छ। दक्षिणपश्चिम शहर चोङक्विङमा एक व्यक्तिले आफ्नो हराएको औंठी फेला परेको खुसीयालीमा ५ हजार जनालाई मसलाले भरिपूर्ण नुडल्स्को पार्टी दिएका छन्।

वाङ नामक ती व्यक्ति एक वर्ष पूरा भएकोमा आफ्नी प्रेमिकालाई विवाहको प्रस्तावबाट चकित पार्न चाहेका थिए। इन्गेजमेन्ट अगाडि उनले अगस्ट १३ को बिहान तयारीमै बिताएका थिए। तर, लन्चका क्रममा प्रेमिकाको फोन आएपछि उनी आफू बसिरहेको ठाउँबाट उठेर हिँडे। जब उनी पुनः त्यहाँ फर्के, उनको ब्याग त्यहाँ थिएन। ब्यागमा ३ क्यारेटको हीराको औंठी थियो, जसको मूल्य ३५ हजार पाउन्ड थियो। संयोगवश उक्त ब्याग एक स्थानीयले रेस्टुरेन्टका म्यानेजर यो सियाहुआलाई सुम्पेका थिए, जसले उनलाई औंठीसहितको ब्याग फिर्ता गरे। वाङले अर्को दिन अचानक रेस्टुरेन्टमा आएर मसालेदार नुडल्स् कति बावल बेच्ने गरेको छ ? भनी सोधेको चोङक्विङले बताए। त्यसपछि उनले करिब ५ हजार बावल नुडल्स्को मूल्य बराबरको ३५ हजार युआन दिएको र एक दिनका लागि सबैलाई निःशुल्क नुडल्स् ख्वाउन भनेको चोङक्विङले मर्निङ पोस्टलाई बताए। साउथ चाइना मर्निंग पोस्टका अनुसार नुडल्स्को उक्त पसललाई एउटा धन्यवाद-पत्र पनि दिएको र त्यसमा उनले आफ्नी प्रेमिकाले इन्गेजमेन्टको औंठी स्वीकारेको उल्लेख गरेका थिए।

पत्रमा लेखेको थियो- 'चोङक्विङमा एक महिलालाई म प्रेम गर्छु र यहाँ अत्यन्तै असल मान्छेहरू बस्छन्। म अत्यन्तै सम्मानित र खुसी महसुस गरिरहेको छु'।

# इरानी विपक्षी नेता अस्पताल भर्ना

तेहरान, (एजेन्सी)

सन् २०११ देखि नजरबन्दी बनाइएका इरानी विपक्षी नेता मेहदी कार्रोवीलाई बिहीबार अस्पतालमा भर्ना गरिएको छ। भोक हड्तालमा बस्न थालेकाले उनको स्वास्थ स्थिति नाजुक बन्दै गएको उनको पारिवारिक सूत्रले जनाएको छ।

उनकी पत्नी फातेमेहलाई उद्धृत गर्दै साहाम न्युजले उनले सरकारसँग आफूलाई सरकारी मुद्दा चलाउन पाउने अधिकारको माग गर्दै बुधबारदेखि खान छोडेको जनाएको छ। हिजो बिहीबार ७९ वर्षीय धर्माधिकारी कार्रोवीका पुत्र माहम्मदले ट्विटरमा उनलाई बुधबार राति अस्पताल भर्ना गरिएको जनाएका छन्।

मुटुका रोगी उनको यसअघि पनि पटक-पटक अस्पतालमा उपचार हुने गरेको थियो। कार्रोवी र ७५ वर्षीय सुधारवादी मिर होस्सेन मौसभी सन् २००९ मा इरानको विवादास्पद राष्ट्रपतीय चुनावमा भाग लिएका थिए। तर, सो चुनाव कट्टरपन्थी उम्मेदवार महमुद अहमदिनेजादले जितेका थिए।

चुनावमा धाँधली भएको आरोप लगाउँदै पुनः मतदानको माग गर्दै लाखौं विपक्षी समर्थकहरू सडकमा ओर्लेका थिए। तर, इरानका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीले भने उक्त चुनाव वैधानिक भएको अडान लिँदै विरोध प्रदर्शन दबाउन आदेश दिँदा दर्जनौं विपक्षी समर्थक मारिनुका साथै अन्य हजारौं गिरफ्तारीमा परेका थिए।

कार्रोवी र मौसभीलाई 'अरब स्प्रिंगङ आन्दोलन शुरू भएपछि ६ वर्ष अगाडि नजरबन्दी बनाइएको थियो। कार्रोवीकी पत्नी साहामले सरकारले दुई वटा माग पूरा गरेको खण्डमा मात्र भोक हड्ताल तोड्ने बताएकी छिन्। उनको पहिलो माग घरबाट गुप्तचर मन्त्रालयका एजेन्टहरू र हालै त्यहाँ जडित सुरक्षा क्यमेराहरू हटाउनु रहेको छ। दोस्रो माग सरकारी मुद्दाको तिथि तय गर्नु रहेको छ।

# बलात्कृत बालिकाले बच्चा जन्माइन्

नयाँदिल्ली, (एजेन्सी)

गत महिना भारतको सर्वोच्च अदालतद्वारा गर्भपतनका लागि अनुमति नदिइएका बलात्कारपीडित १० वर्षीया बालिकाले शिशु जन्माएकी छिन्। उनी आफ्नी काकाबाट बलात्कृत भएकी थिइन्। ती बालिकाले आफूले बच्चा जन्माएको थाहा पाएकी छैनन्।

उनलाई यसअघि पेटमा ढुंगा भएकाले उनको पेट फुलेको भनी बताइएको थियो। चण्डीगढमा सिजरिन प्रविधिबाट जनमाइएको बच्चाको वजन साढे दुई किलोग्राम रहेको बताइएको छ।

बीबीसीले आमा र शिशु दुवैको स्वास्थ सन्तोषजनक रहेको जनाएको छ। उनलाई विगतमा लगातार ७ महिनासम्म बलात्कार गर्ने उनको काकालाई प्रहरीले पक्राउ गरेको थियो।

करिब एक महिनाअघिमात्र पेट दुःखेको गुनासो गर्दा उनको अभिभावकले अस्पतालमा जचाउँदा उनी गर्भवती भएको पत्ता लागेको थियो। उनको गर्भको शिशु ३२ हप्ता पुगिसकेकाले गर्भपतन गराउँदा उनको ज्यानलाई खतरा हुनेछ भनी चिकित्सकहरूको एक आयोगले चेतावनी दिएकाले सर्वोच्च अदालतले उनको गर्भपतनमाथि रोक लगाएको थियो। त्यसअघि तल्लो अदालतले पनि यही आधारमा उनको गर्भपतन रोक्ने आदेश दिएको थियो।



२०७४, भदौ
शुक्रबार
२

शुक्रबारसम्म करिब १ सय १० केन्द्रीय सदस्यको उपस्थिति रहने उनले दाबी गरे। पार्टी विभाजनका लागि निवेदन दर्तापछि पहिलोपटक शुरू भएको बैठकलाई विशेष रूपमा हेरिएको छ।

# नेपाल

# बाढीले खानेपानी र स्वास्थ्यमा असर

**नेपाल समाचारपत्र**

वीरगन्ज

विगत पाँच दिनअगाडि परेको अबिरल पानीका कारण पर्साको विभिन्न नदी खोलामा आएको बाढीले गर्दा २३ वटा स्वास्थ्य केन्द्र प्रभावित भएका छन् भने ५ वटा स्वास्थ्य केन्द्रको औषधि नै पूर्णरूपमा नष्ट भएको छ।

७ वटा ठाउँमा बाढीले गर्दा विस्थापित भएकाहरू अर्कै ठाउमा फर्कन पाएका छैनन् । यसै गरी ४ वटा गाउँको खानेपानी प्रयोग गर्न नहुने अवस्थामा पुगेको छ। पर्साको मिर्जापुर, सम्भौता, जयमंगलापुर, धोबिनी, हरिहरपुर, तुलसीवर्वा, भिस्वा,सेढवा, जानकीटोला, पटेवर्वासुगौली, मसियानी, जगरनाथपुर, शंकरसरैया, बेल्वा, बगही, बसडिल्वा, लालपर्सा, मनियारी, भवानीपुर, बागवाना, पचरुखी, बैरियाबिर्ता, सुपौली बिर्ता, गम्भरीया स्वास्थ्य केन्द्र बाढीले प्रभावित भएको छ भने भिस्वा, जगरनाथपुर, अमरपटि, बसडिलवा, धोरे, मिर्जापुरका सम्मपुर्ण औषधिहरू डुबानमा परी नष्ट भएको छ।

यसै गरी वीरगन्जका केही भाग डुबानमा पर्दा रेल्वे माविमा विस्थापितहरूको बसेको कैम्प थियो, बेल्वाका मुसहर बस्तीहरू सोही गाउँका श्री रामजानकी प्राथमिक विद्यालयमा बसेका थिए, मानवाका पीडितहरू सोही गाउँका मानवा विद्यालयमा बसेका थिए, मसियानीका केही डुवानमा पर्दा मधुवाहा विद्यालयमा बास बसेका थिए।

हरपुरका केही भाग डुबानमा पर्दा दुर्गा प्राथमिक विद्यालयमा बास बसेका थिए। जगरनाथपुरका हरपुर मोर टोलका सोही ठाउँको विद्यालय र एक पक्की घरमा बास बसेका थिए।

यसै निचुटाका ८ र ९ मनियारर्वा टोलका सोह गाउँका विद्यालयमा बास बसेका छन्। त्यसै गरी लहावरथकरीको धोबियाटोल, भेलहा र खेम्राहा पनि डुबान हुँदा सोही गाउँका विद्यालयमा बस्न बाध्यतमक अवस्था शृजना भएको थियो। अहिले पनि बेल्वा, मसियानी, जगरनाथपुरको मोर टोल, निचुटाका विस्थापितहरू क्याम्पमा नै बस्न बाध्य भएका छन्।

पर्साको ठोरी बुलबुले खानेपानी आयोजना, अमृत खोला खानेपानी आयोजना, ईच्छा नगर, निर्मलबस्ती रामनगर, ओडा खोला, ब्रम्हनगर, ५ र ६ निर्मलबस्ती खानेपानी आयोजना, सुवर्णपुर खानेपानी आयाजना, सम्भौता, बुडगाई, भिस्वालगायतका गाउँमा खानेपानीको पाइप गायब हुँदा खोलाको पानी खान बाध्यता रहेको स्थानीयवासीहरूले बताएका छन्।

## स्वास्थ्य बीमाअन्तर्गत पहिलो शल्यक्रिया

हेटौंडा, (नेस)

नेपाल सरकारद्वारा भदौ १ गतेदेखि लागू गरेका स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत हेटौंडा सामुदायिक आँखा अस्पतालमा नि:शुल्क आँखाको मोतीविन्दुको फोको प्रविधिद्वारा शल्यक्रिया भएको छ।

पहिलो बिरामी हेटौंडा उपमहानगरपालिका वडा नम्बर-९ कापितम्बर उपाध्याय हुन्। स्वास्थ्य बीमा लागू भएकै दिन हेटौंडा उपमहानगरपलिका वडा नम्बर २ निवासी अनिता श्रेष्ठको पनि शल्यक्रिया गरिएको थियो। मकवानपुरमा असार १५ गते शुरू स्वास्थ्य बीमा कार्यक्रममा असार ३१ गते सम्ममा ३ हजार ८ सय २८ परिवारका १७ हजार १ सय ३ जना सदस्यले स्वास्थ्य बीमा गराएका छन्। स्वास्थ्य सुरक्षा विकास समिति जिल्ला कार्यालय, मकवानपुरका अनुसार बीमा गराउँदा सर्वसाधारणले १ करोड ७८ लाख रुपियाँ बीमावापत् रकम बुझाएका छन्।

५ जना परिवारका सदस्यको २ हजार ५ सय रकम बुझाउँदा वर्षको ५० हजार बराबरको उपचार सेवा पाइने छ। बीमा गरेका प्रत्येक सदस्यले प्राथमिक उपचार गराउने केन्द्र, जिल्लाका अस्पताल र केन्द्रका अस्पताल कुनकुनमा उपचार गराउने हो त्यससम्बन्धी विवरण भरेका छन्।

# मृतकका परिवारलाई राहत रकम वितरण

भद्रपुर, (नेस)

अविरल वर्षासँगै आएको बाढीले झापामा मृत्यु भएका मृतकका परिवारलाई राहतस्वरुप २ लाखको दरले रकम वितरण गरिएको छ।

सरकारले बाढीले बगाएर मृत्यु भएका मृतकका परिवारलाई २ लाख राहत दिने घोषणा गरेसँगै जिल्ला दैविक प्रकोप उद्धार समिति, झापाले बिहीबार उक्त रकम वितरण गरेका हुन्। दैवी प्रकोप उद्धार समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीसहितको टोलीले झापा गाउँपालिका र शिवसताक्षी नगरपालिका ७ परिवार १४ लाख रुपियाँ वितरण गरेका हुन्।

बाढीले मृत्यु भएका झापा गाउँपालिकाका-३ बस्ने अन्दाजी ३५ वर्षीय कमला दर्नाल र उनी छोरी सुखी दर्नाल, सोही गाउँपालिका-३ बस्ने ३५ बर्षिय धनमाया घोर्षनि, झापा गाउँपालिका-१ बस्ने कालीप्रसाल राजवंशी र सोही गाउँपालिका-४ बस्ने ७ वर्षीय कुलुसन खातुनका परिवारलाई राहत वितरण गरेका थिए।

उनीहरूका परिवारजनलाई सांसद केशवकुमार बुढाथोकी, जिल्ला समन्वय समिति, झापाका प्रमुख सोम पोर्तेल र प्रमुख जिल्ला अधिकारी तिवारीले नगर हस्तारण गरेका थिए। त्यस्तै शिवसताक्षी नगरपालिका-१ बस्ने २८ वर्षीय लेखनाथ पाण्डेको घरमा गएर टोलीले नगद वितरण गरेका थिए। हालसम्म झापामा बाढीले १३ जनाको ज्यान गएको छ भने २ जना अझै बेपत्ता रहेका छन्। सात परिवारलाई बिहीबार राहत रकम वितरण गरिएको र बाँकी ६ परिवारलाई शुक्रबार राहत रकम वितरण गरिने प्रजिअ तिवारीले बताए। राहत वितरण कार्यक्रमका स्थानीय विकास अधिकारी खेमराज ओझा, प्रहरी प्रशासन प्रमुख, निर्वाचित जनप्रतिनिधि, राजनितिदलका प्रतिनिधि, सञ्चारकर्मीलगायतको सहभागिता रहेको थियो।

झापामा सबैभन्दा बढ़ी धनजनको क्षति झापा गाउँपालिकामा भएको छ। झापा गाउँपालिक- ६ जनाको मृत्यु भएको छ भने २ जना बेपत्ता पनि सोही गाउँपालिकाको रहेका छन्। झापा गाउँपालिकामा अहिले बाटोघाटो भत्किएको, पुल कल्भर्ट बगाएको, खेती योग्य जमिन बगरमा परिणत भएको, बाढीले घर बगाएको छ, भने भत्किएको घरमा बस्ने अवस्थामा बाढीपीडित नरहेको त्यहाँका स्थानीयबासी बताउँछन्। आइतबारदेखि त्यहाका सबै विद्यालय बन्द रहेको छ। महामारी फैलिन नदिन त्यस क्षेत्रमा झापा प्रशासनले सतर्कता अपनाइसकेको र राहत सामग्री वितरण कार्यलाई समेत तिव्र बनाइएको छ।

## सेनाद्वारा वृक्षारोपण

सल्यान, (नेस)

सल्यानमा नेपाली सेनाले आफ्नो ९०औं वार्षिकोत्सवका अवसरमा बिहीबार सल्यानका विभिन्न स्थानहरूमा बृक्षारोपण तथा सरसफाइ गरेको छ। श्री भगवतीप्रसाद गुल्म सिमखर्क ब्यारेकको आयोजना र जिल्ला वन कार्यालय, सल्यानको सहयोगमा नेपाली सेनाले आफ्नो ब्यारेकभित्र १ सय वटा फलफूलका बिरुवा र हेप्रोन्डा सामुदायिक वन सिमखर्कमा विभिन्न प्रजातिका बोट बिरुवाहरू रोपिएको छ।

त्यस्तै शारदा नगरपालिका-८ मा रहेको भोटेकालिका मन्दिर परिसरमा सरसफाई गरिएको भगवतीप्रसाद गुल्म सिमखर्क ब्यारेकका गुल्मपति बिदुर अधिकारीले बताउनुभएको छ। वार्षिकी उत्सवको अवसरमा भगवतीप्रसाद गुल्मको सदरमुकाम खलंगा सेमुका उपसेनानी शंकर डंगोलको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, सल्यानको परिसरमा रहेका गणेश मन्दिर, कृष्ण मन्दिर र डाडागाउँमा रहको कालिका थान मन्दिर परिसरमा पनि सरसफाइ गरिएको अधिकारीले बताउनुभयो।

## बाढीबाट थप एकको मृत्यु

महोत्तरी, (नेस)

महोत्तरीमा बाढीले थप एकको मृत्यु भएको छ। महोत्तरीको मनरा गाउँपालिका अर्न्तगत झिंगास्थान नदीमा तैरिरहेको अवस्थामा अन्दाजी ५० वर्ष युवकको शव फेला परेको छ। मृतकको पहिचान अझसम्म खुल्न सकेको छैन।

यस अघि भंगहा–७ स्थित बाढीको पानीमा विद्युतको नांगो तारका कारणले करेन्ट लागेर ४० वर्षीय महेश सिंह, धनुषा घर भई जलेश्वर-८ बजराही छोरीको घर आएका ६५ वर्षीय शिव महरा, लोहारपटटी-१ मा बाढीमा बेपता भएका इन्दल महरा र जलेश्वर-२ खैराचोकका १५ वर्षीय विक्कीकुमार ठाकुरको मृत्यु भइसकेको छ।

## 'नीति तथा कार्यक्रम लैजान सके माओवादी बलियो'

बुटवल, (नेस)

पूर्वअर्थमन्त्री एवं माओवादी केन्द्रका नेता वर्षमान पुनले तल्लो तहसम्म पार्टीका नीति तथा कार्यक्रम लैजान सके माओवादी केन्द्रको सम्भावना बलियो रहेको बताउनुभएको छ।

माओवादी केन्द्र, रुपन्देहीको सचिवालयको वैठकमा उहाँले नीति उद्देश्य र एजेन्डामा पार्टीको जित भएको बताउदै तल्लो तहसम्म संगठन विस्तारमा लाग्न निर्देशन दिनुभयो।

पोलिटब्युरो सदस्य डिलाराम आचार्यले माओवादीलाई कसैले निषेध गरेर जान नसक्ने बताउनुभयो। बिहीबार बुटवलमा भएको वैठकले एक महिनाभित्र जिल्लाको १६वटै स्थानीय तहमा पार्टी तथा जनवर्गीय संगठनको वैठक सम्पन्न गर्ने निर्णय भएको छ।

त्यस्तै विनोद पहाडीलाई सूचना सञ्चार, हरि धिमिरेलाई प्राध्यापक शिक्षक, पुष्पराज ढकाललाई स्वास्थ्य तथा कर्मचारी, मधेसको जिम्मा विनोद उपाध्यायलाई जिम्मेवारी तोकिएको बताइएको छ।

त्यसै गरी बैठकले पोलिटब्युरो सदस्य निमानन्द गैरेको संयोजकत्वमा अनुप वराल, लक्ष्मी कोइराला रहेको तीन सदस्यीय निर्वाचन अनुगमन तथा छानविन समिति गठन गरेको छ।

# विद्युत् आपूर्ति बन्द हुँदा दैनिकी कष्टकर

गुल्मी, (नेस)

विगत ६ दिन देखिको विद्युत् अवरोधका कारण मुसिकोट नगरपालिकाको जनजीवन कष्टकर भएको छ।

अबिरल वर्षाका कारणले विद्युत् नहर बगाएपछि बामीमा विद्युत्हरू अबरुद्ध हुँदा उपभोक्ताहरू अन्धकारमा बस्न बाध्य भएका हुन्। परोपकार बहुउद्देश्यीय सहकारी संस्था बामीद्वारा सञ्चालित १ सय ३५ किलोवाटको विद्युत् तथा दरमखोला लघुजलविद्युत् परियोजनाद्वारा सञ्चालित ८५ किलोवाटका विद्युत्हरू अवरुद्ध भएका कारण त्यस क्षेत्रका २ हजारभन्दा बढी उपभोक्ताहरू अन्धकारमा बस्न बाध्य भएका छन्।

नगरपालिकाको वडा नम्बर ७ मा रहेको परोपकार बहुउद्देश्यीय सहकारी संस्थाद्वारा सञ्चालित विद्युत्को नहरबाट आएको पानी नै अर्को दरमखोला लघु जलविद्युत् परियोजनाद्वारा उत्पादित विद्युत् सञ्चालनमा आउने गरेको छ। गत श्रावण २७ गते राती आएको वर्षाले विभिन्न ठाउँमा पहिरो गएका कारण विद्युत् अबरुद्ध बनेका छन्। दुबै विद्युत्का नहर भत्किएपछि स्थानीयहरू अन्धकारमय जीवन जिउन बाध्य भएका छन्। विद्युत् अवरुद्ध हुँदा मुसिकोट नगरपालिकाको बामी टक्सारलगायत बागलुङको खर्वाङ आसपासका क्षेत्रमा संचारसम्पर्क विच्छेद भएको छ

विद्युत् अबरुद्ध भएपछि करिब २ हजारभन्दा बढी घरधुरीका उपभोक्ताहरू अत्यावश्यक मोबाइल, टिभी, कम्प्युटर चलाउनुबाट बञ्चित हुनुका साथै कुटानी पिसानीका लागि मिल, ग्रील उद्योगहरू, बित्तिय संस्थाहरू पनि समस्यामा परेका छन्। बित्तिय संस्थाहरू वैकल्पिक जेनेरेटरहरू प्रयोग गरी सञ्चालनमा ल्याइएका छन्।

# नीति तथा कार्यक्रम पारित

बुटवल, (नेस)

बुटवल उपमहानगरपालिकाको आव ०७४/०७५ को नीति तथा कार्यक्रम सर्वसम्मतले पारित भएको छ। बुधबारदेखि शुरू भएको नगरसभामा उपप्रमुख गोमादेवी आचार्यले प्रस्तुत गरेको नीति तथा कार्यक्रम केही संशोधनसहित सर्वसम्मतले बिहीबार पारित भएको प्रवक्ता रामप्रसाद रेग्मीले जानकारी दिए।

उक्त नगरसभामा वार्षिक नीति तथा कार्यक्रमका अतिरिक्त आर्थिक विधेयक (२०७४), कर्मचारीको आचारसंहिता-२०७४, पदाधिकारीहरूको आचारसंहिता-२०७४ समेत प्रस्ताव गरिएको थियो। यी दुबै विधेयक पनि सर्वसम्मतले पारित भएका छन्।

नीति तथा कार्यक्रममा कृषि, खानेपानी पर्यटन, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, वित्तीय क्षेत्र, सीप विकास तथा रोजगार प्रवर्द्धन, आयआर्जन, युवा तथा खेलकुद, शिक्षा सम्बन्धी नीति संघसंस्था समन्वय तथा परिचालन, साहित्य कला संस्कृति प्रवर्द्धन, सामाजिक परिचालन र जनस्वास्थ्य प्रवर्द्धनलगायतका विभिन्न विषयहरू समेटिएको छ।

'शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, पर्यटन, कृषि, उद्योग र व्यापार बुटवल उपमहानगरको विकासको मूलआधार' भन्ने नाराका साथ बुटवलको समग्र विकासका लागि सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रममा रहेको प्रवक्ता रेग्मीले बताए। बिहीबारको नगरसभा बैठकमा न्यायिक समितिलाई पूर्णता दिनुका साथै विभिन्न समितिहरूसमेत गठन भएका छन्।

# राप्रपाको विशेष केन्द्रीय समिति बैठक शुरू

**नेपाल समाचारपत्र**

हेटौंडा

हेटौंडामा राप्रपाको विशेष केन्द्रीय समिति बैठक शुरू भएको छ। बैठकमा पार्टीका १ सय ५६ मध्ये बिहीबार साँझसम्म ८५ केन्द्रीय सदस्य उपस्थित भइसकेको र अरु आउँने क्रम जारी रहेको राप्रपा प्रवक्ता भुवन पाठकले जानकारी दिए।

शुक्रबारसम्म करिब १ सय १० केन्द्रीय सदस्यको उपस्थिति रहने उनले दाबी गरे। पार्टी विभाजनका लागि निवेदन दर्तापछि पहिलोपटक शुरू भएको बैठकलाई विशेष रूपमा हेरिएको छ। बिहीबारको बैठकले बाढीपीडितका लागि प्रधानमन्त्री राहतकोषमा ५ लाख सहयोग गर्ने, घाइतेको उपचार नि:शुल्क गर्नुपर्ने, बाढीपहिरोबाट विस्थापितलाई भूकम्पपीडितलाई जस्तै घर निर्माणका लागि ३ लाख उपलब्ध गराउनुपर्ने निर्णय गरेको प्रवक्ता पाठकले बताए।

पार्टी विभाजनका लागि गएकाहरूले ४ गतेसम्म आफ्नो निर्णय सच्याए पार्टीको कारबाही फिर्ता लिने तथा पार्टी विभाजन रोक्न आह्वान गर्ने निर्णय पनि भएको पाठकले बताए।

बैठकले प्रत्यक्ष र समानुपातिकतर्फको मतपत्र फरक हुनुपर्ने बताएको छ। राप्रपाले भारतले बनाएको तटबन्धले नेपाल र नेपालीलाई परेको नकारात्मक प्रभावबारे प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका बेला छलफल गरी ठोस निष्कर्षमा पुग्नुपर्ने सुझाव दिएको छ।

शनिबारसम्म चल्ने बैठकको शुरू गर्दै राप्रपा अध्यक्ष कमल थापाले पछिल्लो समय आएको प्राकृतिक प्रकोपले उत्पन्न समस्या, संविधान संशोधनतथा राप्रपा विभाजनका प्रयासका विषयमा मुख्य विचारविमर्श भएको जनाएका छन्।

थापाले निर्वाचन आयोगले राप्रपालाई फुटाउन सहयोग गर्ने क्रियाकलाप गरेको भन्दै असन्तोष ब्यक्त गरेका छन्। अध्यक्ष थापाले पार्टी विभाजनका लागि ४० प्रतिशत सदस्य आवश्यक पर्ने प्रावधानअनुसार रित नपुगेको निवदेन दर्ता गरिएको भन्दै आक्राश पोखे। उनले रित नपुगेको निवदेन दर्ता गर्ने आयोगले सनाखतका लागि पटकपटक समय दिएर कानुनविपरीत काम गरेको बताए।

बैठकमा राप्रपाको भावी रणनीति, प्रदेश नम्बर २ माहुने स्थानीय तह निर्वाचनका विषय तथा प्रदेश तथा केन्द्रीय निर्वाचनका विषयमा पनि छलफल भएको बताइएको छ। बिहीबार ३५ जना केन्द्रीय सदस्यले आफ्ना विचार राखेका छन्।

प्रवक्ता पाठकले बैठकमा ८ एजेन्डामा छलफल शुरू भएको बताए। बाढीपीडित, समसामयिक राजनीतिक परिस्थिति, पार्टी विभाजनको प्रयास र क्षति, संविधान संशोधन विधेयकबारे पार्टीको आधिकारिक धारणा, प्रदेश नम्बर २ को स्थानीय तह निर्वाचन, प्रदेश र प्रतिनिधि सभा निर्वाचन र भावी कार्यक्रम तथा विविध विषयमा छलफल भएको छ। बैठकमा मुख्य गरी पार्टी विभाजनबारे समीक्षा भएको छ।

भदौं ४ गतेसम्मका लागि नयाँ पार्टीको मान्यता दिन ४० प्रतिशत पुग्याउन पशुपति शमशेर जवरालाई निर्वाचन आयोगले समय दिएको अवस्थामा राप्रपा अध्यक्ष थापाले गृहनगरमा बैठक राखेका हुन्। अध्यक्ष थापाले पर्खन आग्रह गरेपछि संविधान संशोधन विधेयकमा ४ गते मात्र मतदान हुनेछ।

यसअघि संविधान संशोधन विधेयकमाथिको दफाबार छलफल सकेर बुधबार नै संसद्मा निर्णयार्थ पेश हुने कार्यसूची थियो। एकैदिन छलफल नसकिने र राप्रपा अध्यक्ष थापाले भदौ ४ गतेसम्म 'पर्खन' भनेकाले त्यसपछि मात्र संशोधन विधेयक निर्णयार्थ पेश गर्ने तयारी भएको हो।

निर्वाचन आयोगले राप्रपाबाट विभाजन भएर राप्रपा (प्रजातान्त्रिक) दर्ताका लागि परेको निवेदनमाथि अन्तिम निर्णय भदौं ४ गते गर्ने बताएको छ। तर, राप्रपा विभाजनका लागि सरकारी पक्षकै संलग्नता रहेको राप्रपाले दाबी गरेको छ।

### राहत...

साथै जिल्ला दैवीप्रकोप उद्धार समितिले १ लाख ३५ हजार रुपियाँबराबरको खाद्य सामग्री बितरण गरेको जनाएको छ। तर बाढीपीडितहरूको ब्यथा भने अर्कै छ। उनीहरूले राहत नपाएको गुनासो गरेका छन्।

गुलरिया नगरपालिका १० रत्नापुरका राजकुमार बर्माले भन्नुभयो- 'आज ५ दिन भइसक्यो, कुनै पनि निकायका मान्छे हाम्रो गाँउ पुगेका छैनन्, धेरैको घर भत्किएको छ। घरभित्रको सामान सबै बगाएको छ। गाँउ पुरै डुबानमा परेकोले खाने खाना, पिउने पानी, सुत्ने ठाँउ पनि छैन। राती बेस्सरी मच्छरले टोक्छ।

सोही गाँउका पुनितकुमार बर्माले पनि 'गाउँ नै डुवान परेको कारण बिरामी परेका छन्। 'निर्वाचित प्रतिनिधिहरू डुवान क्षेत्रमा पनि पुगेका छैन्। गाँउबाट जितेका आफै पीडित छन्। आफ्नै व्यवस्था मिलाउन गाह्रो छ। '- बर्माले थप्नुभयो।

### दिनभर...

उनी भन्छिन् अहिलेसम्म केही सहयोग पाएकी छैन। 'अब कसरी बाच्नु, आफनो र परिवारको अवस्था दयनीय रहेको छ' उनी भन्छिन्। उता लक्ष्मीपुर बेलबिछवाका जयमंगल राय यादवले भने प्रशासनले तीन दिनअघि एक किलो चिउरा, दालमोट, बिस्कुट- र पानीको एउटा बोतल दिएपछि बस्तीमा नै नआएको बताउनुहुन्छ।

बाढीबाट ५ सय ७८ घरधुरी पीडित भए पनि प्रशासनले आधा पीडितलाई मात्र राहत दिएको बताइएको छ। बाढीपीडितहरू दिनमा राहतका लागि भौतारिए पनि रातमा पशु चौपायासँगै सुत्न बाध्य रहेका छन्। रौतहटका बाढीपीडितहरूको बस्तीहरूको चारैतिर अहिले पनि जलमग्न छ। घरहरू भत्किएर बिस्थापित भएका छन्। सडकमा नै त्रिपाल टागे पनि पशु चौपायासँगै सुत्न बाध्य रहेको नेपाल रेडक्रस सोसाईटी लक्ष्मीपुर बेलबिछवाका उपसभापति राम बिलास साहले बताउनुभयो।

नेपाल सरकार
उद्योग मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
कम्पनीको दर्ता खारेज गरिएको

**सूचना**

यस कार्यालयमा २०७०/१०/२८ मा दर्ता भएको प्रा.लि.नं. ११९६०७ को **भिभा कम्प्लेन्सन सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७४/०५/०१ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३२ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# अर्थ

सरकारले तोकेको मापदण्ड पूरा उद्योग सञ्चालनमा आएको र यहाँ उत्पादित ढुंगा गिटी बालुवा सडक, भवन निर्माण तथा अन्य कामको लागि प्रयोग हुँदै आएको उनीहरुको भनाइ छ।

2017, AUG Friday 18

## शेयर फेरि ओरालो

काठमाडौं, (नेस)

बुधबार ३ दशमलव ५० शून्यले बढेको नेप्से बिहीबार पुनः ओरालो लागेको छ। लगातार ४ दिनसम्म तल झरेको बजारमा बुधबार लगानीकर्ताहरूमा केही आशा देखिए पनि बिहीबार निरन्तरता पाउन सकेन। बिहीबार नेप्से परिसूचक २ दशमलव ९१ अंकले घटेर १ हजार ६ सय २९ दशमलव ७४ को बिन्दूमा पुगेको छ।

परिसूचक घटे पनि अधिल्लो दिनको तुलनामा कारोबार भने बढेको छ। बुधबार १ सय ५८ कम्पनीको १६ लाख ५४ हजार ९ सय ८३ कित्ता सेयरको ७१ करोड ४३ लाख ५ हजार रुपियाँ बराबरको शेयर कारोबार भएको थियो। बिहीबार भने १ सय ६६ कम्पनीको ३२ लाख १५ हजार १ सय २७ कित्ता सेयर बराबर ७५ करोड ७० लाख १७ हजार रुपियाँ बराबरको कारोबार भएको छ।

बिहीबार बैंकिङ र जलविद्युत्बाहेक अन्य सबै समूहको उपसूचक रातो देखिएको छ। सबैभन्दा धेरै घट्नेमा बीमा समूहको उपसुचक ३८ दशमलब १५ अंकले घटेको छ। त्यसैगरी 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स शून्य दशमलव ५१ अंकले घटेको छ। बिहीबार सबैभन्दा धेरै कमाउनेमा सम्झना फाइनान्स कम्पनी रहेको छ। सम्झना फाइनान्सका लगानीकर्ताले ९ दशमलव ९८ प्रतिशतले कमाएका छन्।

## आईएमई लाइफ इन्स्योरेन्सको कारोबार शुरू

काठमाडौं, (नेस)

१ अर्ब ४० करोड चुक्ता पुँजी र ३ अर्ब अधिकृत पुँजीसहित आईएमई लाइफ इन्स्योरेन्सले बिहीबारदेखि कारोबार शुरू गरेको छ। कम्पनीमा संस्थापकको ७० प्रतिशत र सर्वसाधारणको ३० प्रतिशत लगानी रहने छ। चुक्ता पुँजी दुई अर्ब रुपियाँ पुग्याउन कम्पनीले छिट्टै साधारण शेयर जारी गर्ने जनाएको छ। कम्पनीले एक वर्षभित्र देशभर ६५ वटा शाखा खोल्ने योजना बनाएको छ।

कम्पनीको अध्यक्षमा डा. रामहरि अर्याल तथा सञ्चालकमा अश्विनी अर्याल, दीपक शर्मा, ईश्वर कार्की र दीपचन्द्र रेग्मी रहेका छन्। अन्य दुई सञ्चालक भने चयन हुन बाँकी छ। त्यस्तै आईएमई समूह, भाटभटेनी, हाथवे इन्भेष्टमेन्ट, अम्बिका पौडेल, नवराज नेपाल गायतकाको लगानी रहेको छ।

## १४ जिल्लामा इन्जिनियर खटिए

काठमाडौं, (नेस)

छुट तथा पुनः सर्वेक्षणका लागि भूकम्प अति प्रभावित १४ जिल्लामा शुक्रबारदेखि ३ सय ३२ जना इन्जिनियरले काम शुरु गर्ने भएका छन्।

उनीहरूलाई तीन समूह बनाएर राजधानीमा तीन दिनको प्रशिक्षण दिइएको थियो। यसअघि दुई समुह जिल्लामा परिचालन भइसकेपनि तेस्रो समुह शुक्रबारबाट काठमाडौं, भक्तपुर, ललितपुर र सिन्धुलीमा परिचालित हुन लागेको हो। बाँकी जिल्लामा यसअघि नै इञ्जिनियर पुगेर काम शुरु गरिसकेका छन्।

उनीहरूले प्राधिकरण केन्द्रमा दर्ता भएका करिब १ लाख २८ हजार वटा गुनासाको पुनः सर्वेक्षण गर्नेछन्। गुनासो फर्स्योट भएर लाभग्राही तथा प्रबलीकरणको सूचीमा परेका घरधुरीको भने पुनः सर्वेक्षण हुने छैन। प्राधिकरणको केन्द्रसम्म आएका दुई लाख ७ हजार आठ सय ६१ गुनासामध्ये ३९ हजार ९७ लाभग्राही सूचीमा परेका छन् भने १३ हजार ५ सय ६५ प्रवलीकरण सुचीमा परेका छन्।

जीपीएस प्रविधिमा आधारित भएर ट्वाल्लेटमार्फत् गरिने यो सर्वेक्षणमा इन्जिनियरले संकलन गरेका तथ्यांक सिधै केन्द्रीय सर्भरमा जम्मा हुनेछ। पुनः सर्वेक्षण भदौ ३१ सम्म सक्ने प्राधिकरणको लक्ष्य छ। प्राधिकरणले गुनासो दर्ता गराएका भूकम्प प्रभावितलाई आफ्नो क्षेत्रमा खटिएका इन्जिनियरहरूबाट आफ्नो भत्केको घरको पुनःसर्वेक्षण गराई अनुदान पाउने प्रक्रियाबाट बिमुख नहुन अनुरोध गरेको छ।

## पार्टी प्यालेस तथा क्याटरिङलाई व्यवस्थित गरिने

काठमाडौं, (नेस)

इभेन्ट एन्ड भेन्यु एसोसियसन अफ नेपाल (पार्टी प्यालेस तथा क्याटरिङ व्यवसायी संघ) काठमाडौंको सातौं वार्षिक तथा छैटौं साधारणसभा सम्पन्न भएको छ।

साधारणसभालाई सम्बोधन गर्दै काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले अहिले पार्टी प्यालेस समाजको एउटा अंग भइसकेको छ। यसलाई प्रवर्द्धन र विकास गर्नु जरुरी भएको बताउनुभयो। अहिले अस्तव्यस्त शहरीकरणका कारण पार्टी प्यालेस सञ्चालनमा आएको समस्यालाई महानगरले नजिकबाट हेरिरहेको र आउँदो दिनमा यसका समस्या समाधानतर्फ लाग्ने बताउनुभयो।

सो साधारणसभामा इभेन्ट एन्ड भेन्यु एसोसियसनका केन्द्रीय अध्यक्ष अरुण शंकर वैद्यले नेपालमा पार्टी प्यालेस तथा क्याटरिङ व्यवसाय सञ्चालन भएपछि सर्वसाधरण नागरिक र उच्च वर्गका व्यक्तिलाई विवाह तथा अन्य कार्यक्रममा भोज भतेर गर्न सहज भएको बताउनुभयो। वैद्यले भन्नुभयो- 'स्वदेशमा उत्पादित कृषिजन्य पदार्थ तरकारी, दूध र दुग्धजन्य परिकार, फलफूल, माछा मासु एवम् मिष्ठान्नको व्यापार प्रवर्द्धनमा समेत टेवा पुगेको छ।'

वैद्यले पार्टी प्यालेस तथा क्याटरिङ व्यवसायीहरूले व्यवसाय सञ्चालनमा भोग्नुपरेका समस्या र निराकरण बारेमा जानकारी गराउनु भएको थियो।

काठमाडौं पार्टी प्यालेस तथा क्याटरिङ संघका अध्यक्ष अनिल शर्माले पार्टी प्यालेस तथा क्याटरिङ व्यवसाय विशुद्ध नाफारहित, सेवामूलक भएका र यस संस्थाले वार्षिकरुपमा सामाजिक उत्तरदायित्व बहन गर्दै विभिन्न सामाजिक क्रियाकलापहरू गर्दै आइरहेको बताउनुभयो।

## कृषिमा ८ अर्ब ११ करोड क्षति

काठमाडौं, (नेस)

कृषि विकास मन्त्रालयले बाढी, पहिरो, कटानलगायत प्राकृतिक विपद्बाट कृषि क्षेत्रमा ८ अर्ब ११ करोड ५२ लाख रुपियाँ क्षति भएको जनाएको छ। मुलुकको कुल गार्हस्थ उत्पादनमा एक तिहाईभन्दा बढी योगदान रहेको कृषि क्षेत्रमा प्राकृतिक विपद्ले ठूलो नोक्सानी पुग्याएको छ।

मन्त्रालयले सार्वजनिक गरेको आँकडाअनुसार ७८ हजार ५ सय १५ हेक्टर जमिनमा लगाइएको बालीनालीमा पूर्ण रुपमा क्षति पुगेको छ भने २ लाख ७२ हजार ६ सय ३० हेक्टर जमिनमा आंशिक क्षति पुगेको जनाएको छ। बाढी पहिरोबाट प्रभावित जिल्लामा मकै दलहन, कोदो, तेलहन र बेसारमा पूर्ण क्षति पुगेको मन्त्रालयले जनाएको छ। त्यस्तै तरकारी बालीमा ८० प्रतिशत र माछापालनमा व्यवसायमा ६० प्रतिशत क्षति पुगेको छ।

मन्त्रालयले कृषि क्षेत्रमा भएको क्षतिको मूल्यांकन गरी तत्काल राहतका कार्यक्रम सार्वजनिक गर्ने जनाएको छ। कृषि विकासमन्त्री रामकृष्ण यादवले छिट्टै किसानलाई राहतका प्याकेज ल्याइने बताउनुभयो। मन्त्री यादवले क्षति भएका ठाउँमा बीउ तथा मलखादमा अनुदान, सहुलियत तथा भित्किएका र पुरिएका कृषि फार्म, माछापोखरी मर्मत सम्भारका लागि तत्काल दातृ निकायहरूसँग समन्वय गरेर कार्यक्रम ल्याइने बताउनुभयो। राहतका प्याकेज कुन संरचना र कति रकम बराबरको हुने भन्ने निर्क्योल नभइसकेको भए पनि सबै किसानले समानुपातिक रुपमा राहत तथा अनुदान पाउने मन्त्री यादवले बताउनुभयो।

कृषि मन्त्रालयका सहसचिव डा. सुरोज पोखरेलले बालीनालीमा भएको क्षति मूल्यांकनपछि बीउ बिजन, मलमा अनुदान, उपकरण, मेसिनरी सामान लगायतका वस्तु उपलब्ध गराइने बताउनुभयो। मन्त्रालय मातहतका कार्यालयमा भएको क्षति, कृषि अनुसन्धान परिषद्, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गतका ब्लक, जोन, सुपर जोनमा पनि ठूलो असर गरेको जनाएको छ।

मन्त्रालयका प्रवक्ता डा. योगेन्द्रकुमार कार्कीले प्रभावित क्षेत्रमा राहतका कार्यक्रम एक हप्ताभित्र विस्तृत कार्यक्रम ल्याउने तयारी गरिरहेको बताउनुभयो।

हिमाल स्टील आजको भाउ
ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| वीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E | | | |
|---|---|---|---|---|
| | ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| वितामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सर्वभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालको नं. 1
मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

## SHARE MARKET

17 AUGUST THURSDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 23326.00 | 449.00 | 438.00 | 443.00 | -1.00 |
| 2 | Api Power Company Ltd. | 3683.00 | 673.00 | 635.00 | 644.00 | -16.00 |
| 3 | Arun "inance Limited | 3620.00 | 183.00 | 177.00 | 177.00 | -6.00 |
| 4 | Arun Kabeli Power Ltd. | 13588.00 | 375.00 | 364.00 | 368.00 | -7.00 |
| 5 | Arun Valley Hydropower Dev Co. Ltd. | 9752.00 | 270.00 | 265.00 | 268.00 | 3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 4066.00 | 1595.00 | 1579.00 | 1590.00 | -3.00 |
| 7 | Bank of Kathmandu Ltd. | 8530.00 | 480.00 | 474.00 | 478.00 | 1.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 397.00 | 245.00 | 241.00 | 241.00 | -4.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 730.00 | 281.00 | 280.00 | 280.00 | -6.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 80.00 | 7107.00 | 6965.00 | 6965.00 | -287.00 |
| 11 | Butwal Power Company Limited | 79.00 | 640.00 | 636.00 | 636.00 | -4.00 |
| 12 | Central "inance Co. Ltd. | 47.00 | 196.00 | 196.00 | 196.00 | -4.00 |
| 13 | Century Commercial Bank Ltd. | 10645.00 | 258.00 | 253.00 | 255.00 | -2.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 1334.00 | 1630.00 | 1600.00 | 1630.00 | 30.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 628.00 | 214.00 | 209.00 | 211.00 | -6.00 |
| 16 | Chilime Hydropower Company Limited | 8692.00 | 795.00 | 775.00 | 785.00 | 1.00 |
| 17 | Citizen Bank International Limited | 17650.00 | 380.00 | 372.00 | 380.00 | 0.00 |
| 18 | Citizen Investment Trust | 3093.00 | 3950.00 | 3900.00 | 3905.00 | -16.00 |
| 19 | Civil Bank Ltd | 16448.00 | 252.00 | 247.00 | 250.00 | -2.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 1505.00 | 1319.00 | 1307.00 | 1319.00 | 0.00 |
| 21 | Deprosc Development Bank Limited | 3464.00 | 1410.00 | 1396.00 | 1410.00 | 10.00 |
| 22 | Deva Bikas Bank Limited | 20506.00 | 271.00 | 262.00 | 263.00 | -3.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 415.00 | 186.00 | 182.00 | 182.00 | -7.00 |
| 24 | Everest Bank Limited | 3024.00 | 1375.00 | 1367.00 | 1374.00 | 7.00 |
| 25 | Everest Bank Limited Con. Pref. | 84.00 | 810.00 | 810.00 | 810.00 | 0.00 |
| 26 | Everest Insurance Co. Ltd. | 395.00 | 2619.00 | 2605.00 | 2619.00 | 19.00 |
| 27 | Excel Development Bank Ltd. | 1431.00 | 710.00 | 692.00 | 706.00 | 5.00 |
| 28 | "irst Micro "inance Dev Bank Ltd. | 5443.00 | 1115.00 | 1098.00 | 1102.00 | -18.00 |
| 29 | "orward Com Micro Bittiya Sanstha Ltd. | 5340.00 | 3936.00 | 3800.00 | 3840.00 | -19.00 |
| 30 | Gandaki Bikas Bank Limited | 25332.00 | 400.00 | 390.00 | 396.00 | -4.00 |
| 31 | Garima Bikas Bank Limited | 22063.00 | 280.00 | 270.00 | 273.00 | -3.00 |
| 32 | Global IME Bank Limited | 23358.00 | 389.00 | 386.00 | 387.00 | -1.00 |
| 33 | Global IME Samunnat Scheme-1 | 65418.00 | 10.05 | 9.91 | 9.95 | -0.10 |
| 34 | Goodwill "inance Co. Ltd. | 2235.00 | 202.00 | 199.00 | 202.00 | 6.00 |
| 35 | Green Development Bank Ltd. | 353.00 | 600.00 | 576.00 | 594.00 | 13.00 |
| 36 | Guheshowori Merchant Bank & "inance Co. Ltd. | 68.00 | 265.00 | 265.00 | 265.00 | -4.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 1301.00 | 1180.00 | 1165.00 | 1166.00 | -14.00 |
| 38 | Guras Life Ins Com Ltd. Promoter Share | 45597.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 39 | Gurkhas "inance Ltd. | 150.00 | 201.00 | 201.00 | 201.00 | -3.00 |
| 40 | Hamro Bikas Bank Ltd. | 2445.00 | 237.00 | 233.00 | 235.00 | -2.00 |
| 41 | Himalayan Bank Limited | 3894.00 | 925.00 | 912.00 | 925.00 | 10.00 |
| 42 | Himalayan Distillery Limited | 100.00 | 1637.00 | 1512.00 | 1512.00 | -158.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 2731.00 | 819.00 | 808.00 | 813.00 | 3.00 |
| 44 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 20201.00 | 190.00 | 183.00 | 185.00 | -3.00 |
| 45 | Janaki "inance Ltd. | 50.00 | 281.00 | 281.00 | 281.00 | 3.00 |
| 46 | Janata Bank Nepal Ltd. | 25390.00 | 275.00 | 272.00 | 275.00 | -1.00 |
| 47 | Janautthan Samudayic Lag Bikas Bank Ltd. | 410.00 | 3700.00 | 3615.00 | 3690.00 | 20.00 |
| 48 | Jebils "inance Ltd. | 144.00 | 246.00 | 246.00 | 246.00 | -5.00 |
| 49 | Jyoti Bikas Bank Limited | 7154.00 | 202.00 | 198.00 | 198.00 | -3.00 |
| 50 | Kabeli Bikas Bank Limited | 88.00 | 437.00 | 421.00 | 421.00 | -24.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 8621.00 | 316.00 | 313.00 | 313.00 | -3.00 |
| 52 | Kalika Microcredit Development Bank Ltd. | 2481.00 | 2299.00 | 2240.00 | 2299.00 | 31.00 |
| 53 | Kanchan Development Bank Limited | 190.00 | 267.00 | 267.00 | 267.00 | 5.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 413.00 | 220.00 | 218.00 | 219.00 | -5.00 |
| 55 | Karnali Development Bank Limited | 514.00 | 302.00 | 297.00 | 300.00 | -3.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 2774.00 | 192.00 | 186.00 | 186.00 | -6.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 172.00 | 3100.00 | 3050.00 | 3078.00 | 9.00 |
| 58 | Kuber Merchant "inance Limited | 8200.00 | 230.00 | 206.00 | 226.00 | 8.00 |
| 59 | Kumari Bank Limited | 16743.00 | 315.00 | 311.00 | 312.00 | -5.00 |
| 60 | Lalitpur "inance Ltd. | 4211.00 | 180.00 | 171.00 | 174.00 | -8.00 |
| 61 | Laxmi Bank Limited | 22400.00 | 339.00 | 330.00 | 335.00 | 2.00 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1031.00 | 2025.00 | 2000.00 | 2025.00 | 25.00 |
| 63 | Laxmi Value "und-1 | 71221.00 | 11.33 | 11.25 | 11.33 | 0.26 |
| 64 | Life Insurance Co. Nepal | 4140.00 | 2330.00 | 2300.00 | 2324.00 | -21.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 12938.00 | 223.00 | 213.00 | 222.00 | 7.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 3604.00 | 1010.00 | 1001.00 | 1001.00 | -9.00 |
| 67 | Machhapuchhre Bank Limited | 17382.00 | 342.00 | 335.00 | 340.00 | -2.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 18577.00 | 258.00 | 250.00 | 255.00 | 2.00 |
| 69 | Mahila Sahayatra Micro Bittiya Sanstha Ltd. | 1702.00 | 1180.00 | 1140.00 | 1140.00 | -30.00 |
| 70 | Manjushree "inance Ltd. | 3005.00 | 157.00 | 155.00 | 155.00 | -4.00 |
| 71 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1310.00 | 2402.00 | 2361.00 | 2380.00 | -31.00 |
| 72 | Mirmire Microfinance Dev Bank Ltd. | 1095.00 | 3230.00 | 3200.00 | 3200.00 | -30.00 |
| 73 | Mission Development Bank Ltd. | 90.00 | 297.00 | 297.00 | 297.00 | -6.00 |
| 74 | Miteri Development Bank Limited | 7988.00 | 555.00 | 548.00 | 548.00 | -11.00 |
| 75 | Mithila LaghuBitta Bikas Bank Ltd. | 164.00 | 1330.00 | 1312.00 | 1330.00 | -20.00 |
| 76 | Muktinath Bikas Bank Ltd. | 7551.00 | 663.00 | 652.00 | 655.00 | -4.00 |
| 77 | Nabil Balance "und 1 | 1390652.00 | 24.75 | 23.31 | 23.71 | 0.86 |
| 78 | Nabil Bank Limited | 10056.00 | 1751.00 | 1710.00 | 1737.00 | 19.00 |
| 79 | NABIL Bank Limited Promotor Share | 6361.00 | 1255.00 | 1245.00 | 1250.00 | 8.00 |
| 80 | Nabil Equity "und | 87982.00 | 10.23 | 10.00 | 10.16 | 0.16 |
| 81 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 509.00 | 3480.00 | 3455.00 | 3455.00 | 0.00 |
| 82 | National Hydro Power Company Limited | 60505.00 | 158.00 | 152.00 | 153.00 | -5.00 |
| 83 | National Life Insurance Co. Ltd. | 3296.00 | 2079.00 | 2000.00 | 2016.00 | -44.00 |
| 84 | National Life Ins Co. Ltd. Promoter Share | 28000.00 | 1225.00 | 1195.00 | 1195.00 | -55.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 1551.00 | 3651.00 | 3600.00 | 3643.00 | -17.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 810.00 | 2750.00 | 2676.00 | 2700.00 | -85.00 |
| 87 | NB Insurance Co. Ltd. | 2235.00 | 1315.00 | 1290.00 | 1294.00 | 4.00 |
| 88 | Neco Insurance Co. Ltd. | 11112.00 | 1125.00 | 1105.00 | 1122.00 | -4.00 |
| 89 | Nepal Bangladesh Bank Limited | 37372.00 | 371.00 | 360.00 | 362.00 | -3.00 |
| 90 | Nepal Bank Limited | 44856.00 | 364.00 | 355.00 | 355.00 | -10.00 |
| 91 | Nepal Community Development Bank Ltd. | 379.00 | 326.00 | 320.00 | 324.00 | 1.00 |
| 92 | Nepal Credit & Com Bank Ltd. Pror Share | 6406.00 | 202.00 | 202.00 | 202.00 | 0.00 |
| 93 | Nepal Credit And Commercial Bank Ltd | 15442.00 | 368.00 | 364.00 | 366.00 | 0.00 |
| 94 | Nepal Doorsanchar Comapany Limited | 6640.00 | 700.00 | 695.00 | 699.00 | -3.00 |
| 95 | Nepal Grameen Bikas Bank Ltd. | 20018.00 | 820.00 | 761.00 | 790.00 | -46.00 |
| 96 | Nepal Insurance Co. Ltd. | 3704.00 | 1596.00 | 1560.00 | 1596.00 | 18.00 |
| 97 | Nepal Investment Bank Limited | 20257.00 | 774.00 | 765.00 | 770.00 | 0.00 |
| 98 | Nepal Inv Bank Ltd. Promoter Share | 2040.00 | 684.00 | 678.00 | 680.00 | 9.00 |
| 99 | Nepal Life Insurance Co. Ltd. | 22632.00 | 2165.00 | 2141.00 | 2150.00 | -9.00 |
| 100 | Nepal SBI Bank Limited | 5595.00 | 918.00 | 910.00 | 915.00 | 1.00 |
| 101 | Nerude Laghubita Bikas Bank Limited | 450.00 | 1440.00 | 1430.00 | 1436.00 | -4.00 |
| 102 | Ngadi Group Power Ltd. | 398.00 | 267.00 | 262.00 | 266.00 | -1.00 |
| 103 | NIBL Pragati "und | 5808.00 | 10.20 | 10.00 | 10.20 | 0.20 |
| 104 | NIBL Samriddhi "und 1 | 71282.00 | 13.40 | 13.20 | 13.25 | -0.10 |
| 105 | NIC Asia Bank Ltd. | 20057.00 | 470.00 | 460.00 | 462.00 | 0.00 |
| 106 | Nirdhan Utthan Bank Limited | 598.00 | 2185.00 | 2156.00 | 2184.00 | -9.00 |
| 107 | NLG Insurance Company Ltd. | 811.00 | 1605.00 | 1580.00 | 1585.00 | 4.00 |
| 108 | NMB Microfinance Bittiya Sanstha Ltd. | 1421.00 | 2820.00 | 2800.00 | 2805.00 | -70.00 |
| 109 | NMB Bank Limited | 6015.00 | 534.00 | 529.00 | 531.00 | 0.00 |
| 110 | NMB Hybrid "und L-1 | 38031.00 | 10.15 | 10.09 | 10.10 | 0.05 |
| 111 | NMB Sulav Investment "und-1 | 53000.00 | 14.60 | 14.45 | 14.60 | 0.40 |
| 112 | Om Development Bank Ltd. | 14386.00 | 430.00 | 415.00 | 419.00 | -1.00 |
| 113 | Oriental Hotels Limited | 3314.00 | 939.00 | 901.00 | 908.00 | -16.00 |
| 114 | Pokhara "inance Ltd. | 3369.00 | 260.00 | 248.00 | 259.00 | 9.00 |
| 115 | Prabhu Bank Limited | 18959.00 | 400.00 | 392.00 | 395.00 | 0.00 |
| 116 | Prabhu Bank Limited Promoter Share | 27530.00 | 190.00 | 190.00 | 190.00 | 0.00 |
| 117 | Prabhu Insurance Ltd. | 6144.00 | 1200.00 | 1191.00 | 1200.00 | -8.00 |
| 118 | Premier Insurance Co. Ltd. | 3699.00 | 1780.00 | 1750.00 | 1780.00 | 0.00 |
| 119 | Prime Commercial Bank Ltd. | 20287.00 | 454.00 | 446.00 | 454.00 | 3.00 |
| 120 | Prime Life Insurance Company Limited | 5853.00 | 2710.00 | 2650.00 | 2682.00 | -17.00 |
| 121 | Progressive"inance Limited | 2130.00 | 243.00 | 227.00 | 243.00 | 3.00 |
| 122 | Prudential Insurance Co. Ltd. | 2561.00 | 1564.00 | 1547.00 | 1559.00 | -5.00 |
| 123 | Purnima Bikas Bank Ltd. | 112.00 | 321.00 | 314.00 | 314.00 | -1.00 |
| 124 | Rastriya Beema Company Limited | 186.00 | 17750.00 | 17310.00 | 17750.00 | 150.00 |
| 125 | Rastriya Beema Com Ltd Promoter Share | 761.00 | 16050.00 | 15417.00 | 15650.00 | -150.00 |
| 126 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 221.00 | 2162.00 | 2120.00 | 2162.00 | 2.00 |
| 127 | Reliance "inance Ltd. | 665.00 | 218.00 | 214.00 | 218.00 | 0.00 |
| 128 | Ridi Hydropower Dev Company Ltd. | 2766.00 | 185.00 | 180.00 | 184.00 | -1.00 |
| 129 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 902.00 | 3040.00 | 3000.00 | 3020.00 | 8.00 |
| 130 | Rural Microfinance Dev Centre Ltd. | 2163.00 | 825.00 | 807.00 | 820.00 | -1.00 |
| 131 | Sagarmatha Insurance Co. Ltd. | 1134.00 | 1760.00 | 1750.00 | 1760.00 | -10.00 |
| 132 | Sahayogi Bikas Bank Limited | 250.00 | 363.00 | 356.00 | 356.00 | -14.00 |
| 133 | Sana Kisan Bikas Bank Ltd | 2906.00 | 1639.00 | 1630.00 | 1639.00 | -9.00 |
| 134 | Sanima Bank Limited | 23979.00 | 420.00 | 413.00 | 414.00 | -4.00 |
| 135 | Sanima Mai Hydropower Ltd. | 17110.00 | 576.00 | 545.00 | 576.00 | 32.00 |
| 136 | Saptakoshi Development Bank Ltd. | 1667.00 | 190.00 | 186.00 | 187.00 | 0.00 |
| 137 | Shangrila Development Bank Ltd. | 3829.00 | 405.00 | 400.00 | 400.00 | -3.00 |
| 138 | Shikhar Insurance Co. Ltd. | 9276.00 | 2115.00 | 2090.00 | 2100.00 | -5.00 |
| 139 | Shine Resunga Development Bank Ltd. | 12631.00 | 422.00 | 415.00 | 415.00 | -5.00 |
| 140 | Shree Investment "inance Co. Ltd. | 3702.00 | 473.00 | 463.00 | 473.00 | 2.00 |
| 141 | Shrijana "inance (Bittaya Sanstha) | 4600.00 | 496.00 | 460.00 | 496.00 | 45.00 |
| 142 | Siddhartha Bank Limited | 10351.00 | 450.00 | 445.00 | 447.00 | -3.00 |

Total Amount Rs. 757,017,768 Total Quantity 3,215, Total No of Transactions 6,827

२०७४, भदौ
शुक्रबार
२

{ प्रवक्ता कार्कीले भन्नुभयो- 'हामीले खाद्यान्न तथा नगदेबालीमा भएको क्षतिको विवरण संकलन गरिसकेका छौं र किसानले भित्राइसकेको वस्तुमा भएको क्षतिको विवरण संकलन भइरहेको छ। उक्त विवरण पाएपछि कसरी राहतका प्याकेट लैजाने भन्ने टुंगो लाग्छ।'

अर्थ

# प्राधिकरणलाई दुहुनो गाई बनाए : ऊर्जामन्त्री

**नेपाल समाचारपत्र**

काठमाडौं

ऊर्जामन्त्री महेन्द्रबहादुर शाहीले नेपाल विद्युत प्राधिकरणका कर्मचारीलाई जिम्मेवार भएर काम गर्न निर्देशन दिनुभएको छ। प्राधिकरणको ३२औं वार्षिकोत्सव समारोहमा मन्त्री शाहीले विद्युत् उत्पादन, प्रसारण र वितरणमा देखिएका समस्या कम गर्न तथा प्राधिकरणका काम कारबाही चुस्त दुरुस्त बनाउन कर्मचारीलाई निर्देशन दिनुभएको हो।

कर्मचारीले प्राधिकरणलाई दुहुनो गाई बनाएको र सकेजति लाभ लिन खोजेको भन्दै आलोचनासमेत गर्नुभयो। कर्मचारी युनियनलाई पनि आफ्नो मर्यादा र कार्यक्षेत्र भन्दा बाहिर गएर कुनै पनि काम नगर्न मन्त्रीले निर्देशन दिनुभयो। मन्त्री शाहीले प्रशासनिक कार्यमा हुने ढिलासुस्तीले ग्राहकले सास्ती पाउनुका साथै मुलुकलाई ठूलो घाटा हुने भएकाले कर्मचारीलाई आफ्नो जिम्मेवारी बोध गरेर काम गर्न निर्देशन दिनुभयो।

प्राधिकरणका काउन्टरमा उपभोक्ताले पिउने पानी, ट्वाइलेट र बस्ने ठाउँसमेत नभएको भन्दै तत्काल ती समस्या हटाउन पनि प्राधिकरणलाई निर्देशन दिनुभयो। 'ट्वाइलेट छैनन्, काउन्टरमा उपभोक्तालाई पिउने पानी छैन। भित्तामा पान खाएर थुकिएको छ र हरेक कोठामा चिया पाक्ने गरेको मैले भेटेको छु ती सबै समस्यालाई एक हप्ताभित्र समाधान गर्नम यही मञ्चबाट निर्देशन दिन्छु' -मन्त्री शाहीले भन्नुभयो।

उपभोक्ताका गुनासो सुन्न ऊर्जा मन्त्रालयले हटलाइन सेवा सुचारु गर्न लागेको पनि मन्त्री शाहीले जानकारी दिनुभयो। मन्त्री शाहीले भन्नुभयो 'हामीले केही दिनभित्रै उपभोक्ताका गुनासो सुन्न हटलाइन सेवा सुचारु गर्न लागेका छौं र एउटा मात्र पनि गुनासो आएको खण्डमा प्राधिकरणका कर्मचारी सजायको भागिदार बन्छन्।'

मन्त्री शाहीले यदी कुनै ठाउँमा ट्रान्समिटर पड्कियो वा केही समस्या देखिएमा त्यसको जिम्मेवार सम्बन्धित क्षेत्रको कर्मचारी हुने बताउनुभयो। कर्मचारीहरूले काम नगर्ने तर संघ संगठन र युनियनमा लागेर भाषण गर्दै हिड्ने गरेको भन्दै आफ्नो मर्यादा र कार्यक्षेत्र भित्र रहेर काम गर्न निर्देशन दिनुभयो।

कार्यक्रममा ऊर्जासचिव अनुपकुमार उपाध्यायले अहिले विद्युत् कटौती कम गर्यौं भनेर मख्ख परे बस्न नहुने उल्लेख गर्दै थप चुनौती रहेको बताउनुभयो। ३२ औं वार्षिकोत्सवका अवसरमा प्राधिकरण उत्कृष्ट कर्मचारीलाई सम्मानसमेत गरेको छ।

सम्मानित हुनेहरूमा मिर्चैया वितरण केन्द्रका प्रमुख शिवराम यादव, टीकापुर वितरण केन्द्रका प्रमुख चन्द्रनारायण साह, भैरहवा वितरण केन्द्रका उपप्रमुख मुनिन्द्र ठाकुर, प्रणाली सञ्चालन विभागका सहायक प्रबन्धक विनोद लोहनी, ग्रिड सञ्चालन विभागका सहायक प्रबन्धक अमित गोपाल वैद्य, आयोजना व्यवस्थापन निर्देशनालयका उपप्रबन्धक जुजुरत्न शाक्य, सूचना प्रविधि विभागका सहायक प्रबन्धक रोशन न्यौपाने र हेटौंडा केन्द्रीय ट्रान्सफर्मर भण्डारण तथा मर्मत केन्द्र प्रमुख सतिसचन्द्र साहलगायत १५ जना कर्मचारीलाई ऊर्जामन्त्री महेन्द्रबहादुर शाहीले प्रमाणपत्र र नगद २५ हजार रुपियाँ प्रदान गर्नुभयो।

## १५ वर्षपछि नाफा कमाउँदै प्राधिकरण

काठमाडौं, (नेस)

निरन्तर घाटामा चल्दै आएको नेपाल विद्युत प्राधिकरणले १५ वर्षपछि नाफा कमाउन थालेको छ। प्राधिकराणले गत आर्थिक वर्षमा २ अर्ब ४० करोड रुपियाँ नाफा कमाएको जनाएको छ। आर्थिक वर्ष २०७३/७४ मा नाफा कमाए पनि सञ्चिती घाटा भने अझै १ अर्ब बाँकी छ। प्राधिकरणले हाल आफ्नो कुल सञ्चिती घाटा ९७ करोड ८९ लाख रुपियाँ रहेको जनाएको छ। आर्थिक वर्ष २०७२/७३ मा कुल ८ अर्ब ८९ सञ्चिती घाटा रहेकोमा १ वर्षको अवधिमा नै प्राधिकरणले उक्त रकम ९७ करोड ८९ लाखमा झारेको हो।

प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले चुहावट नियन्त्रण, विद्युत् महसुलमा केही समायोजन र प्रशासिक सुधारमार्फत नाफा हासिल गर्न सम्भव भएको बताउनुभयो।

वार्षिकोत्सवका अवसरमा दिएको जानकारीअनुसार प्राधिकरणको गत आर्थिक वर्षमा कुल आय ५० अर्ब २२ करोड ९४ लाख रुपियाँ भएको छ। त्यस्तै आव २०७३/७४ मा २ अर्ब ४० करोड ७३ लाखमा सञ्चालन नोक्सानी भएको अघिल्लो वर्ष ३ अर्ब ६ करोड ३९ लाख रुपियाँ रहेको थियो। त्यस्तै प्राधिकरणले २८ अर्ब ४५ करोड ७३ लाख रुपियाँबराबरको विद्युत् भारत र निजी क्षेत्रबाट खरिद गरेको छ।

प्राधिकरणले विद्युत् चुवाट गत आवमा २२ दशमलव ९० प्रतिशतमा सीमित गरेको छ। अघिल्लो आवमा विद्युत् चुहावट २५ दशमलव ७८ प्रतिशत चुहावट रहेको थियो

## ठमेलमा ग्लोबल आइएमई बैंकको नयाँ एटीएम

काठमाडौं, (नेस)

ग्लोबल आईएमई बैंकले पर्यटकीय नगरी ठमेलमा नयाँ एटीएम सेवा थप गरेको छ। ठमेल घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गर्दै बैंकले ठमेल सातघुम्तीस्थित होटल गरुडामा रहेको एटीएम लन्चमा एटीएम सेवा शुरु गरेको हो।

यसँगै ग्लोबल आईएमई बैंकको एटीएम संख्या ११६ पुगेको छ। सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्धेश्यले बैंकले ११२ वटा शाखा ५ वटा एक्सटेन्सन काउन्टर, १४ वटा राजस्व संकलन काउन्टर, ११६ वटा एटीएम, ४६ वटा शाखारहित बैंकिङ सेवामार्फत ७ लाखभन्दा बढी ग्राहक माझ सेवा प्रदान गर्दै आइरहेको छ।

## गण्डकी विकास बैंकको शाखा मनाङमा

काठमाडौं, (नेस)

गण्डकी विकास बैंकको मनाङ जिल्लाको चामेमा ५१औं शाखा सञ्चालनमा ल्याएको छ। उक्त शाखाबाट निक्षेप संकलन, कर्जा प्रवाहका साथै एबीबीएस, एटीएम, मोबाइल बैंकिङ, रेमिटेन्स सेवासहितको पूर्ण बैंकिङ सेवा संचालन गरिएको छ।

साथै यही भदौ महिना भित्रै वितामोड, विराटनगर, विरगन्ज, गोंगबु, अमुवा र पोखराको चाउथेबाट शाखा संचालन गर्ने तयारी भइरहेको छ। शाखाको औपचारिक उद्घाटनमा बोल्दै बैंकका अध्यक्ष जगन बहादुर गुरुङले बैंकले आफ्नो सेवा क्षेत्रलाई शहरी एवं सुगम क्षेत्रमा मात्र सिमीत नगरी ग्रामीण र वित्तीय पहुँच नपुगेका ठाउँहरूमा पनि शाखा विस्तार गर्दै लगिने बताउनुभयो।

## PRESS RELEASE

### एनसेलद्वारा बाढी प्रभावित क्षेत्रमा १ करोड ६६ लाख नि:शुल्क एसएमएस

काठमाडौं, (नेस)

बाढीपहिरो प्रभावित क्षेत्रमा आफ्ना ग्राहकको सञ्चार सुनिश्चित गर्न एनसेलले मंगलबारसम्म प्रदान गरेको नि:शुल्क एसएमएस सेवाअन्तर्गत ग्राहकले १ करोड ६६ लाखभन्दा बढी एसएमएस आदानप्रदान गरेका छन्।

कम्पनीले विपद्को बेलामा आफ्ना ग्राहकलाई आफ्ना प्रियजनसँग सम्पर्कमा रहन र उद्धार तथा राहतकार्यमा सहयोग गर्नका लागि आइतबारबाट तीन दिनसम्म प्रतिदिन प्रतिग्राहक ५० वटा नि:शुल्क एसएमएस उपलब्ध गराएको कम्पनीले जनाएको छ। नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले दिएको निर्देशनअनुसार एनसेलले बाढीपहिरो प्रभावित २३ जिल्लाका ग्राहकलाई नि:शुल्कएसएमएस सेवाप्रदान गरेको हो।

यस बाहेक भ्वाइस तथा डेटा सेवालाई सहज बनाउन एनसेलले ब्यालेन्स ट्रान्सफर सेवा पनि नि:शुल्क बनाएको थियो। साथै एनसेल सापटी सेवाअन्तर्गत प्राप्त हुने सापटी रकमलाई वृद्धि गरी विद्यमान सेवा शुल्कमै ६० सापटी प्रदान गरिएको थियो। यसैगरी कम्पनीले प्रभावित क्षेत्रका ग्राहकलाई लक्षित गरी आफ्ना प्रियजनसँग सम्पर्क गर्न सघाउनका लागि नि:शुल्क आपतकालीन सम्पर्क नम्बर ९००८ पनि सञ्चालनमा ल्याएको थियो।

'बाढीपहिरो प्रभावित क्षेत्रलाई लक्षित गरी प्रत्येक दिन प्रदान गरिएको नि:शुल्क एसएमएस सेवा, थप सापटीको सुविधा, नि:शुल्क ब्यालेन्स ट्रान्सफर सुविधा र आपतकालीन सम्पर्क नम्बरले विपद्को क्षणमा आफ्ना प्रियजनसँगसम्पर्कमा रहन र राहत तथा उद्धार कार्यमा सहज बनाएको प्रतिक्रिया पाएका छौं,' एनसेलका कर्पोरेट सर्भिसेस् निर्देशक प्रणय आचार्यले भन्नुभयो।

### भायनेटको नयाँ अफर

काठमाडौं, (नेस)

नेपालमा फाइवर टु द होम इन्टरनेट सर्भिस प्रोभाइडर भायनेट कम्युनिकेसन्स्ले नयाँ अफर ल्याएको छ।

यस अफरअन्तर्गत ग्राहकले कम मूल्यमा बढी इन्टरनेट स्पिड प्राप्त गर्नेछन्। यसै अफरसँगै भ्यानेटले ग्राहकहरूको चाहना अनुसार पहिलोपटक ३० एमबीपीएसको अनलिमिटेड इन्टरनेट बजारमा ल्याएको छ।

त्यस्ते अफरलाई ६ एमबीपीएस, १२ एमबीपीएसर ३० एमबीपीएसमा विभाजन गरिएको छ। जसअन्तर्गत वार्षिक ग्राहकले ६ एमबीपीएस स्पिडको अनलिमिटेड इन्टरनेटको लागि १ हजार ९९ सय रुपियाँ तिर्नुपर्नेछ भने १२ एमबीपीएस स्पिडको लागि १ हजार २५० रुपियाँ र ३० एमबीपीएस स्पिडको लागि १ हजार ४५० रुपियाँतिर्नुपर्नेछ। साथै भायनेटले ४१ वटा एचडी र ८४ वटा एसडी च्यानल भएको नेट टिभीको सुविधा पनि ग्राहकहरूलाई प्रदान गर्दै आएको छ। काठमाडौं, ललितपुर र भक्तपुरमा भायनेटको फाइबर कभरेज रहेको छ।

### एनआईसी एसिया बैंकको डबल डिपोजिट योजना

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले डबल डिपोजिट नामक नयाँ निक्षेप योजना प्रस्तुत गरेको छ। यस निक्षेप योजनामा व्यक्तिगत तथा संस्थागत निक्षेप ग्राहकलाई सीमित अवधिपश्चात आफूले जम्मा गरेको रकमको दोब्बर भुक्तानी गरिने बैंकले जनाएको छ। न्यूनतम एक लाख निक्षेपका साथ भाग लिन सकिने यस योजनामा व्यक्तिगत निक्षेपकर्ताको हकमा ९ वर्ष र संस्थागत निक्षेपकर्ताको हकमा १० वर्षमा आफूले शुरुमा जम्मा गरेको रकमको नियमानुसार संस्थागत निक्षेपको हकमा १५ प्रतिशत तथा व्यक्तिगत निक्षेपको हकमा ५ प्रतिशतका दरले ब्याज आम्दानीको स्रोतमा करकट्टी गरेपश्चात बैंकले दोब्बर भुक्तानी दिने छ।

यस योजनाले ग्राहकलाई निक्षेपमा थपघट हुन सक्ने ब्याज दर तथा बजारमा ब्याजको जोखिमले योजनालाई कुनै असर नपर्ने सुनिश्चितता प्रदान गर्दछ। ११९ वटा शाखा र ४ एक्सटेन्सन काउन्टरमार्फत् सेवा दिइरहेको बैंकले गत आर्थिक वर्ष २०७३/७४ को नाफाबाट २० प्रतिशत बोनस शेयर र १ दशमलव शून्य ५ प्रतिशत नगद लाभांश प्रदान गर्ने निर्णय समेत गरेको छ।

### ओमलाई हकप्रद निष्काशनको अनुमति

काठमाडौं, (नेस)

ओम डेभलपमेन्ट बैंकलाई १० बराबर ३ अर्थात ३० प्रतिशत हकप्रद शेयर निष्काशन गर्न नेपाल धितोपत्र बोर्डले स्वीकृति दिएको छ।

बैंकको हालको चुक्ता पुँजी १ अर्ब ६४ करोड ३९ लाखको ३० प्रतिशतले हुने आउने ४९ करोड ३१ लाख बराबर रकमको हकप्रद शेयर जारी गरेपछि बैंकको चुक्ता पुँजी २ अर्ब १३ करोड ७१ लाख पुग्नेछ। बैंकको गत आव २०७३/७४ को चौंथो त्रैमासको अपरिकृष्त वित्तीय विवरण अनुसार बैंकले शेयरधनीलाई २३ दशमलव ५ प्रतिशत बोनस शेयर वितरण गर्न सक्ने देखिएकाले हकप्रद र बोनस शेयर वितरण गरेपछि बैंकको चुक्ता पुँजी २ अर्ब ५० करोडभन्दा माथि पुग्नेछ।

बैंकले आर्थिक वर्ष २०७३/७४ मा १६ अर्ब ६ करोड निक्षेप संकलन, १४ अर्ब ५ करोड कर्जा रुपियाँ लगानी गरी ४३ करोड ३४ लाख खुद मुनाफा गरेको थियो। हाल ४१ वटा शाखा रहेको बैंकले नेपाल राष्ट्र बैंकबाट १२ वटा नयाँ शाखा खोल्न स्वीकृति प्राप्त गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारीले बताउनुभयो।

## ओप्पोको एफसी बार्सिलोना आउँदै

काठमाडौं, (नेस)

क्यामेरा फोन ओप्पोले एफथ्री मोडलअन्तर्गत 'एफसी बार्सिलोना' बजारमा ल्याउने भएको छ। मिड रेञ्ज्ड बजार लक्षित अत्याधुनिक प्रविधि, नवप्रवर्द्धनात्मक फिचर्सका साथै आकर्षक स्पोर्टी लुक्स र डिजाइनले सुसज्जित यस मोबाइलको मूल्य ३४ हजार ९ सय ९० रुपियार निर्धारण गरिएको कम्पनीले जनाएको छ।

दुई वटा फ्रन्ट क्यामेरासहितको फोनमा सेल्फीका लागि १६ मेगापिक्सेल क्षमताको र सामूहिक सेल्फीका लागि वाइड एंगल लेन्सको व्यवस्था गरिएको कम्पनीको भनाइ छ। रातो मेटल बडीसहितको फोनमा रातो र सुनौलो रङको संयुक्त प्रयोगले एफसी बार्सिलोनाको बिम्ब दिनुका साथै जीवन्त युवा फेसनको प्रतिनिधित्वसमेत गर्छ।

केही समय अगाडिमात्रै आएको ओप्पो एफथ्रीकै 'ब्ल्याक लिमिटेड एडिसन'को सफलतापछि कम्पनीले भित्र्याउन लागेको यो दोस्रो लिमिटेड एडिसन हो। सार्वजनिक गर्न लागिएको नयाँ फोनमा गोल्ड प्लेटेड ब्यान्ड्स र एफसी बार्सिलोना लोगोलाई सुहाउने गरी 'बार्सा रेड'लाई मुख्य रङका रुपमा प्रयोग गरिएको छ। रातो र सुनौलो रङको आकर्षक सम्मिश्रणले फोनलाई फेसनेवल तथा आकर्षक लुक्स प्रदान गरेको छ।

ओप्पोले एफथ्री एफसी बार्सिलोना लिमिटेड एडिसनको माध्यमबाट आफ्ना उपभोक्ता र विशेष गरी खेलप्रेमी युवासँगको सम्बन्ध थप प्रगाढ गर्ने लक्ष्य कम्पनीले लिएको छ।

## एनटीसीबाट १ करोड १२ लाख नि:शुल्क एसएमए

काठमाडौं, (नेस)

नेपाल टेलिकमले देशका विभिन्न स्थानमा बाढी-पहिरोबाट पीडितहरूको उद्धार तथा राहतका लागि आवश्यक सहयोग पुऱ्याउनसाउन २९ गतेदेखि ३१ गतेसम्म आफ्नो नेटवर्कभित्र नि:शुल्क एसएमएस पठाउन सकिने व्यवस्था गरेकोमा यस अवधिमा करिब १ करोड १२ लाख नि:शुल्क एसएमएस आदानप्रदान भएको कम्पनीले जनाएको छ।

टेलिकमका अनुसार साउन २९ गते १७ लाख ३० हजार, साउन ३० गते ४७ लाख ५५ हजार र साउन ३१ गते ४७ लाख १५ हजार एसएमएस आदानप्रदान भएका छन्।

त्यसैगरी कम्पनीको नेटवर्क प्रयोग गरी जल तथा मौसम विज्ञान विभागले विपद्को अवधिमा प्रभावित क्षेत्रका बासिन्दालाई ४ लाख ८६ हजारभन्दा बढी विपद् आउनु पूर्वको जानकारी (एलर्ट एसएमएस) पठाएको छ। सो विभागले साउन २० गते ९४ हजार ६ सय, साउन २९ गते ४ सय, साउन ३० गते १ लाख ६ हजार २ सय, ३१ गते ७८ हजार ८ सय र ३२ गते २ लाख ६ हजार ५ सय भन्दा बढी एसएमएस पठाएको छ। जल तथा मौसम विज्ञान विभागले आवश्यकताअनुसारको संख्यामा आफैं एसएमएस पठाउन सक्ने गरी कम्पनीले आवश्यक व्यवस्था गरिदिएको छ। कम्पनीले यस्तै प्रकारका एसएमएस नि:शुल्क रुपमा पठाउँदै आएको छ।

यस्तै वर्षाका कारण कम्पनीको पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रका दूरसञ्चारका उपकरणमा समेत क्षति पुगेकोमा भदौ १ गतेसम्ममा क्षति पुगेका ती उपकरणमध्ये ९१ प्रतिशतभन्दा बढी उपकरण सञ्चालनमा आइसकेका छन्। बाँकी उपकरण पनि छिट्टै नै सञ्चालनमा ल्याई सेवा सुचारु गर्ने कार्य भइरहेको कम्पनीले जनाएको छ।

## लक्ष्मी बैंकको नयाँ शाखा मन्थलीमा

काठमाडौं, (नेस)

लक्ष्मी बैंकको नयाँ शाखा रामेछापको मन्थलीमा सञ्चालनमा ल्याएको छ। यससँगै लक्ष्मी बैंकको शाखा सञ्जाल ६८, हस्पिटल सेवा काउन्टर ३, एटीएम ८९ तथा २५ सयभन्दा बढी रेमिटेन्स् र ४ सयभन्दा बढी मोबाइल एजेन्ट पुगेको बैंकले जनाएको छ।

आव २०७३/७४ मा ५९.३२ अर्ब निक्षेप र ५२.७३ अर्ब रुपियाँ कर्जा पुऱ्याएको बैंकको वासलातको आकार ७०.९० अर्ब रुपियाँ रहेको छ। बैंकले सय करोडको हाराहारीमा खुद मुनाफा आर्जन गर्न सफल भएको छ, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २७ प्रतिशतले बढी हो।

लक्ष्मी बैंकको इन्भेष्टमेन्ट बैंकिङ सेवा प्रदान गर्ने सहायक कम्पनी 'लक्ष्मी क्यापिटल मार्केट' सञ्चालनमा रहेको छ।

यसैगरी दोस्रो सहायक कम्पनी 'लक्ष्मी लघुवित्त वित्तीय संस्था' को ५१ वटा शाखामार्फत लघुवित्त सेवा प्रवाह गरिरहेको छ। र लक्ष्मीभ्यालू फन्ड नामक दोस्रो म्यूचुअल फन्ड सेवा पनि सञ्चालनमा रहेको छ।

## यामाहाको एफजी २५ स्ट्रिटफाइटर

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालका लागि यामाहा बाइक तथा स्कुटरको आधिकारिक बिक्रेता एमएडब्लु इन्टरप्राइजेजले एफजी सिरिजमा एफजी २५ बाइक नेपालमा ल्याएको छ।

एफजी २५ मा एयर कुल्ड विथ आयल कुलर, ४ स्ट्रोक, एसओएचसी, २ भल्भ, सिंगल सिलिन्डर भएको २४९ सीसीको शक्तिशाली इन्जिन रहेको कम्पनीले जनाएको छ। बाइक तौल १४८ किलो गरिएको तथा यसलाई 'एफजी वर्ल्ड' को 'पावरफुल, मिड-क्लास, स्ट्रिट फाइटर' बनाएको कम्पनीको भनाइ छ।

नेपाली सडक सुहाउँदो भनिएको 'स्ट्रिट फाइटर' ले अधिकतम माइलेज दिनुका साथै वातावरणमैत्री रहेको कम्पनले जनाएको छ। एफजी २५ का विशेषताले २० देखि ३५ वर्षसम्मका राइडरलाई आकर्षित गर्ने अपेक्षा गरिएको छ। नयाँ बाइक तीन वटा रङ 'ब्यालेस्टिक ब्लु', 'वारियर ह्वाइट' र 'नाइट ब्ल्याक' मा उपलब्ध छ। एमएडब्लु इन्टरप्राइजेजले एफजी २५ को बजार मूल्य तीन लाख ४४ हजार नौ सय रुपियाँ तोकेको छ।

२४९ सीसीको इन्जिन जडान गरिनुका साथै नेपाली सडक सुहाउँदो ट्युनिङ गरिएको छ। यसमा यामाहाको प्योटेन्टेड ब्लुकोर इन्जिन रहेको छ जसले बाइकको पर्फमेन्सलाई बढाउने मात्र होइन इन्धन खपतलाई न्यून गर्छ र यो वातावरणमैत्री बीएस ४ इमिसन स्ट्यान्डार्डमा निर्माण गरिएको कम्पनीको दाबी छ।

८००० आरपीएममा २०.९ पीएसको अधिकतम पावर र ६००० आरपीएममा २० एनएम बराबरको अधिकतम टर्क उत्पन्न गर्ने एफजी २५ मा एएचओ (अल टाइम हेडलाइट अन) प्रविधिको लिड हेडलाइट छ जुन २५० सीसीको बाइकमा पहिलो हो। 'यसमा आकर्षक एलसीडी इन्स्ट्रुमेन्ट क्लस्टर, मडगार्ड र एमटी सिरिजका बाइकमा झैं स्पोक डिजाइन भएका ह्विल र रेसिङ स्टाइलको फुटप्याड छन् जसले यसलाई टप-एन्ड मोडेलको नयाँ दाबेदार बनाइदिएको छ। यो बाइकलाई रेसिङ मात्र होइन दैनिक प्रयोजनलाई मिल्ने गरी डिजाइन गरिएको छ।

'सन् २००८ मा लन्च गरेदेखि नै यामाहाको एफजी सिरिज निकै सफल सिरिजको रुपमा रहँदै आएको छ। अझ यसमा अत्याधुनिक फ्युल इन्जेक्सन प्रविधि जडान गरेपछि एफजी सिरिजका बाइकको पर्फमेन्स र माइलेज बढेको छ। वास्तवमा एफजी सिरिज नेपालमा मात्र होइन पूरै दक्षिण एसियामा लोकप्रिय छ र यसले आफूलाई सेग्मेन्टकै बलियो ब्रान्डका रुपमा स्थापना गरिसकेको छ।

नेपाल समाचारपत्र

जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३

www.newsofnepal.com

# पौडीमा तीन खेलाडीको कीर्तिमान

**नेपाल समाचारपत्र**

काठमाडौं

बिहीबारदेखि शुरू भएको २०औं राष्ट्रिय पौडी प्रतियोगितामा तीन खेलाडीले नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन्।

पौडीमा राष्ट्रिय कीर्तिमान आफ्नो पक्षमा राख्दै गरेकी गौरिका सिंहले दुई नयाँ राष्ट्रिय कीर्तिमानमा आफ्नो नाम लेखाइन्। उनले महिला २ सय मिटर फ्रिस्टाइल र महिला ५० मिटर बटरफ्लाइमा नयाँ राष्ट्रिय कीर्तिमान निर्धारण गरेकी हुन्। पहिले सोफिया शाहको नाममा रहेको राष्ट्रिय कीर्तिमान अब गौरिकातर्फ मोडिएको छ। त्रिभुवन आर्मी क्लबमा आबद्ध भएकी गौरिकाले महिलातर्फ २ सय मिटर फ्रिस्टाइलमा २ मिनेट ११ दशमलव ९४ सेकेण्डका साथ नयाँ राष्ट्रिय कीर्तिमान रचिन्। यसअघि सोफियाले भारतमा सम्पन्न १२औं दक्षिण एसियाली खेलकुद (साग) मा २ मिनेट १३ दशमलव ३२ सेकेन्डका साथ राष्ट्रिय कीर्तिमान बनाएकी थिइन्।

यसै गरी महिलातर्फकै ५० मिटर बटरफ्लाइमा गौरिकाले हिट चरणमा २९ दशमलव ४० सकेन्डका साथ नयाँ राष्ट्रिय कीर्तिमान राखिन्। यसअघि सो कीर्तिमान सोफियाले काठमाडौंमा सन् २०१५ मा भएको सातौं राष्ट्रिय खेलकुदमा ३२ दशमलव ०६ सेकेन्डका साथ आफ्नो नाममा कीर्तिमान लेखाएकी थिइन्। तर गौरिकाले फाइनल चरणमा भने २९ दशमलव ७८ सेकेन्डको समय निकालिन्।

यसैगरी नेपाल एपीएफ क्लबकी दुआना लामाले महिला २ सय मिटर ब्रेस्टस्ट्रोकमा ११ वर्ष पुरानो राष्ट्रिय कीर्तिमान भंग गरिन्। दुआनाले सन् २००६ को कोलोम्बो सागमा विविधा रिमालले राखेको कीर्तिमानलाई भंग गरेकी हुन्। उनले हिट चरणमा ३ मिनेट ७ दशमलव २२ सेकेन्डका साथ नयाँ कीर्तिमान बनाएकी हुन्। विविधाले ३ मिनेट १२ दशमलव ८५ सेकेन्डको समय लिएकी थिइन्।

हिजै पुरुषतर्फको २ सय मिटर ब्रेस्टस्ट्रोकमा नेपाल एपीएफ क्लबका शुभम श्रेष्ठले नयाँ राष्ट्रिय कीर्तिमान बनाए। शुभमले सन् २०१६ मा कोलम्बोमा भएको दक्षिण एसियाली क्वाटिक च्याम्पियनसिपमा आफैंले राखेको कीर्तिमानलाई भंग गरेका हुन्। शुभमले २ मिनेट ३६ दशमलव ७५ सेकेन्डको समय निकाले। शुभमले कोलम्बोमा २ मिनेट ४२ दशमलव ६२ सेकेन्डको राष्ट्रिय कीर्तिमान राखेका थिए।

# नेपालको सेमिफाइनल लक्ष्य

काठमाडौं, (नेस)

पहिलोपटक हुन लागेको साफ यु १५ फुटबल च्याम्पियनसिपमा आयोजक राष्ट्र नेपाली यु १५ फुटबल टोलीका प्रशिक्षकले सेमिफाइनलको लक्ष्य लिएका छन्।

बिहीबार ग्रान्ड होटलमा भएको प्रि म्याच पत्रकार सम्मेलनमा नेपाली यु १५ फुटबल टोलीका प्रशिक्षक शुनिल श्रेष्ठले सो कुरा बताए। उनले बताए–हाम्रो पहिलो लक्ष्य भनेको सेमीफाइनल हो। हामीमाथि आयोजक भएको नाताले उपाधि जित्न ज्यादै दबाब पनि छ। सेमिफाइनल पुगेर जितेपछि फाइनलमा उपाधिको लागि खेल्नेछौं। टोलीमा केही परिवर्तन भएकाले खेलाडीलाई गाह्रो पनि हुनसक्छ। हाम्रा नियमित कप्तान पृथीवी चौधरी घाइते भएको हुँदा टोलीको कप्तानी रोशन रानामगरले गर्दै छन्।

नेपाली टोलीका कप्तान रोशन रानामगरसँगै अन्य खेलाडीमध्ये गोलकिपरमा रोहित कार्की, रोशन थापा र विशाल सुनार, डिफेन्डरमा रोशन दोङ, सुबास कार्की, दीपक भण्डारी, सञ्जीव अर्याल, निरज चौधरी, रणदीप पौडेल, अन्जल महर्जन, असीम गुरुङ रहेका छन्। मिडफिल्डरमा विपिन थापामगर, कार्लोश बखारिया, सौगात खवास र शिशिर लेखी रहेका छन्। फरवार्डको जिम्मा अभिषेक श्रेष्ठ, विर्जेश चौधरी र रन्जन पुन, दर्शन गुरुङ, आकाश बुढामगर, निशान रावल र अशोक किडरिङलाई दिएको छ।

टोलीको गोलकिपिङ प्रशिक्षकमा बिकास मल्ल रहेका छन्। विकास मल्ल लामो समयसम्म त्रिभुवन आर्मी क्लबका लागि गोलकिपिङ गरेका राष्ट्रिय पूर्व गोलकिपर थिए। टिम म्यानेजरमा रविन्द्र जोशी, टिम अफिसियलमा अच्युतराज घिमिरे र फिजियोमा राजु दाहाल रहेका छन्। सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको खेल मैदान र हल्चोकस्थित नेपाल एपिएफ क्लबको खेल मैदानमा भदौ २ गतेदेखि ११ गतेसम्म हुने प्रतियोगितामा नेपालले भदौं ५ गते माल्दिभ्ससँग र भदौ ७ गते भारतसँग खेल्नेछ।

## धरहरा

### दराजभरि निम्तो

नेपालको चीन कूटनीति के हो ? धरहरावरपर अहिले यस्तो प्रश्न उठ्न थालेको छ। किनकि नेपालमा जुन प्रधानमन्त्री आए पनि चीनका राष्ट्रपतिलाई नेपाल भ्रमणको निम्तो दिने गरिन्छ।

फेरि उताबाट कहिल्यै आउँदैनन्। निम्तो दिने कुरा त्यति धेरै हल्लीखल्ली गर्ने कुरा होइन। जसले पनि यसो औपचारिकता निर्वाह गर्नका लागि 'यहाँको फुर्सदको समयमा आफ्नो देशको भ्रमण गर्नुभए हुन्थ्यो' भन्ने चलन हुन्छ। त्यही चलनअन्तर्गत कहिलेकाही कोही प्रतिनिधिमण्डल आएको बेलामा लिखित निम्तो पठाउने चलन पनि हुन्छ।

तर, हामीकहाँ चाहिं निम्तो दिएको कुरा यति ठूलो भइसक्यो कि चिनियाँ राष्ट्रपतिलाई यताबाट उता जुनसुकै प्रतिनिधिमण्डल गए पनि छोडेर आउने काम हुन्छ र उताबाट जोसुकै आए पनि लौन निम्तो भनिन्छ। सायद चिनियाँ राष्ट्रपतिले नेपालको निम्तो संगालेर राखेको भए एउटा ठूलै दराज भरिने बेला भयो होला। उताबाट फेरि कहिल्यै सुनुवाइ हुँदैन। पहिला नै यसरी ढोल नपिटाउने हो भने सरकार पनि समस्यामा पर्दैनथ्यो होला। तर, पहिल्यै ढोल पिटाउने काम गर्दा आइदिएनन् भने नेपाल सरकारले मात्रै होइन देशले नै अपमानबोध गर्ने अवस्था आउँछ।

आफ्नो अनुकूलता अनि प्रतिकूलता हेरेर यस्ता आउने जाने काम भइरहन्छन्। यो नियमित प्रक्रिया हो। तर, किन यसलाई हाँस्यास्पद ढंगले उठाउने गरिएको र निम्तो दिनुलाई नै बडेमानको उपलब्धी भन्ने ठानिएको होला ? कूटनीति धेरै बुझेर पो यस्तो भएको हो कि ? कुरा नबुझेर धरहरा पनि हैरान छ है पाठकबृन्द।

# बलले लागेर क्रिकेटरको मृत्यु

इस्लामावाद, (एजेन्सी)

क्लब म्याचका क्रममा बाउन्स बलले लागेका पाकिस्तानी क्रिकेटर जुबेर अहमदको मृत्यु भएको छ।

पाकिस्तानको खुयाबर पाखतुनख्वास्थित मर्दानमा जिल्लाको क्लब क्रिकेट खेल्ने क्रममा जुबेरको बाउन्स बल लागेर निधन भएको हो। अगस्ट १४ मा क्वेटा वियर्सबाट खेल्दा बाउन्स बल लागेर गम्भीर घाइते भएका उनको उपचारका क्रममा निधन भएको पाकिस्तानी क्रिकेट बोर्ड (पीसीबी) ले ट्वीटरमार्फत सार्वजनिक गरेको हो। खेलका क्रममा बलले टाउकोमा लागेका जुबेरले हेलमेट प्रयोग नगरेको पनि पीसीबीले जनाएको छ। उनी फखर जमान एकेडेमीसँग सम्बन्धित खेलाडी हुन्।

क्रिकेटमा खेलाडीको सुरक्षाका विषयमा निकै लामो बहस भएपछि हेलमेट परिवर्तन गर्ने निर्णय गरेको करीव एक वर्षपछि क्रिकेट खेलकै क्रममा अर्को घटना भएको हो। गत मंगलबार अस्ट्रेलियन क्रिकेट टिमका उपकप्तान डेविड वार्नरलाई जोस हेजलहुडको बाउन्स बल लागेको घटनाको दोस्रो दिन यो खबर बाहिर आएको हो। वार्नर पनि अभ्यास गर्ने क्रममा जोसको बलले घाँटीमा लागेर मैदानमा ढलेका थिए। हाल उनी चोटमुक्त रहेका छन्। जसका कारण बंगलादेशविरुद्ध हुने टेस्ट सिरिजका लागि उनी टिममा पर्ने सम्भावना प्रबल बनेको छ।

# ग्रिनल्यान्ड क्वाटरफाइनलमा

काठमाडौं, (नेस)

आयोजक ग्रिनल्यान्ड स्कुल १२ औं क्वीक्स ग्रिनल्यान्ड कप अन्तर विद्यालय बास्केटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। बिहिवार भएको सिनियर छात्रको क्वाटर फाईनल खेलमा ग्रिनल्यान्डले लोयल्टी स्कुललाई ५३-४८ ले हराउँदै अन्तिम चारमा स्थान बनाएको हो।

# बेनीमा रिखार कप भलिबल

प्रताप बानियाँ, म्याग्दी

म्याग्दीको सदरमुकाम बेनीमा बिहीबारदेखि न्यु संगम ट्रेडर्स रिखार कप वडास्तरीय जिल्लाव्यापी भलिबल प्रतियोगिता शुरू भएको छ। गत वर्षको भदौ १ गतेबाट पत्रिका प्रकाशन शुरू भएको रिखार दैनिकको प्रथम वार्षिकोत्सवको अवसरमा भलिबल प्रतियोगिता आयोजना गरिएको हो। प्रतियोगिताको जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख देवेन्द्र केसीले उद्घाटन गरेका छन्। प्रतियोगिताको उद्घाटन गर्दै उनले खेलकुदको माध्यमबाट समाजमा सद्भाव, अनुशासन र सहकार्यको सन्देश प्रवाह गराउनुपर्ने बताए।

यसैबीच प्रतियोगिताको उद्घाटनका अवसरमा बेनीको ओमकुमारी शान्ति कोष र नेपाल पत्रकार महासंघ म्याग्दी शाखाबीच मैत्रीपूर्ण भलिबल खेल सम्पन्न भएको थियो। उक्त प्रतियोगितामा पत्रकार महासंघले शान्ति कोषलाई एक सेटका विरुद्ध तीन सेटले पराजित गरेको थियो।

आउँदो आइतबारसम्म सञ्चालन हुने प्रतियोगिताको पुरुषतर्फ १७ र महिलातर्फ ७ वटा वडाले सहभागिता जनाएका छन्। प्रतियोगितामा पुरुषतर्फ विजेता र उपविजेता टोलीले क्रमशः नगद ५० हजार र ३० हजार रूपियाँ पुरस्कार हात पार्नेछन्। महिलातर्फ विजेता तथा उपविजेताले क्रमशः २५ र १५ हजार रूपियाँ पुरस्कार प्राप्त गर्नेछन्।

# शारीरिक सुगठन टोली कोरिया जाने

**नेपाल समाचारपत्र**

काठमाडौं

एसियाली शारीरिक सुगठन प्रतियोगिताको ५१औं संस्करणमा सहभागी हुन ५ खेलाडीसहित ९ सदस्यीय नेपाली टोली शनिबार दक्षिण कोरियाको सिओल जाँदैछ। भदौ ४ देखि शुरू भइ १० गतेसम्म चल्ने प्रतियोगितामा ४ पुरुष र १ महिला खेलाडीले आ-आफ्नो क्षमता प्रदर्शन गर्नेछन्।

पुरुषको ५५ केजीमा कमल भण्डारी, ७० केजीमा अशोक महर्जन, ७५ केजीमा गत संस्करणका स्वर्ण विजेता महेश्वर महेश महर्जन तथा स्पोर्ट्स फिजिक्सको १७० सेन्टिमिटर उचाईमाथि विजयत्तमरत्न वज्राचार्यले प्रतिस्पर्धा गर्नेछन्। त्यस्तै निर्मला खड्काले मोडल फिजिक्सअन्तर्गत १६० सेन्टीमिटर उचाईसम्म भाग लिने छिन्।

नेपाल शारीरिक सुगठन तथा फिट्नेस संघका अध्यक्ष राजेशबाबु श्रेष्ठको नेतृत्वमा रहने टोलीको अफिसियलमा संघका उपाध्यक्ष राजेश उपाध्याय, निर्णायकमा अन्तर्राष्ट्रिय निर्णायक एवं संघका प्रथम उपाध्यक्ष विजयलाल कायश्थ र प्रशिक्षकमा ज्ञानेन्द्र नकर्मी छन्।

# रेडिअन्टको जित जारी

काठमाडौं, (नेस)

पाँचौं रेडिअन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा आयोजक रेडिअन्ट पब्लिकले आफ्नो जित जारी राखेको छ।

बिहीबार सिनियर ब्वाइजको खेलमा रेडिअन्टले मन्डलालाई ३५-५ अंकको फराकिलो अन्तरले हरायो। टोलीका सुजन थपलियाले सर्वाधिक १२ स्कोर गरे। यस्तै एपेक्स लाइफ स्कुलले विस्डमलाई १८-१४ ले पराजित गऱ्यो। निम्सले द एक्सेल्सियर स्कुललाई ३३-१२ ले हराउँदा सुमन बोगटीले १३ अंक जोडे।

सिनियर ब्वाइजमै अन्य खेलमा ग्रिनफिल्डले राइजिङ स्टारलाई २५-१४ र जेनिथले ज्योति एकेडेमीलाई ३७-१३ ले पन्छाए। जेनिथको जितमा रुसान महर्जनले १८ अंक योगदान दिएका थिए। जुनियर ब्वाइजमा ग्रिनफिल्ड, हिमालयन एकेडेमी, रेडिअन्ट र निम्सले सफलता आत्मासात् गरे। ग्रिनफिल्डले साइन मोडेललाई १८-६ ले निराश पाऱ्यो। हिमालयनले एक्सेल्सियरलाई १८-१२ ले पाखा लगायो। रेडिअन्टले पुष्पसदनलाई २२-१६ ले हरायो। निम्सले एआईमाथि १४-२ को जित दर्ता गऱ्यो।

# रियल मेड्रिडले जित्यो सुपर कप

मेड्रिड, (एजेन्सी)

बार्सिलोनालाई पराजित गर्दै रियल मेड्रिडले स्पेनिस सुपर कप उपाधि उचालेको छ।

बार्सिलोनाको घरेलु मैदान सान्टियागो बेर्नबेउमा भएको खेलमा रियल मेड्रिडले चिरप्रतिद्वन्द्वि बार्सिलोनालाई समग्रमा ५-१ ले हराउँदै उक्त उपाधि उचालेको हो। नयाँ सिजनमा रियलले दोस्रो उपाधि जितेको छ। केही दिनअघि म्यानचेस्टर युनाइटेडलाई हराउँदै रियलले युइएफए सुपर कपको उपाधि जितेको थियो। जिदान प्रशिक्षक भएयता रियल मेड्रिडले दुईपटक च्याम्पियन्स लिग र गत सिजन ला लिगाको उपाधि जितिसकेको छ।

पाँच खेलको प्रतिबन्धका कारण स्टार स्ट्राइकर क्रिस्टियानो रोनाल्डो अनुपस्थित रहेको उक्त दोस्रो लेगमा बार्सिलोनाथि २-० को जित निकालेको रियल मेड्रिड समग्रमा ५-१ ले विजयी भयो। पहिलो लेगमा दोहोरो पहेलो कार्ड पाएका रोनाल्डोमाथि रेफ्रीलाई दुर्व्यहार गरेका कारण पाँच खेल प्रतिबन्ध लागेपछि बुधबार रातिको खेल गुमाएका थिए।

पहिलो लेगमा रियलले बार्सिलोनाको नोउ क्याम्प मैदान ३-१ ले विजयी बनेको थियो। बुधबार राति भएको दोस्रो लेगको खेलको चौथो मिनेटमा नै मार्को एसेन्सिओले २५ यार्डको दूरीबाट गरेको गोलमार्फत् रियलले खेलमा शुरूवाती अग्रता लिएको थियो। यस्तै खेलको ३९औं मिनेटमा मार्सेलोको क्रसमा करिम बेन्जेमाले गोल गरेपछि पहिलो हाफसम्म घरेलु टोली २-० ले अगाडि रह्यो।

दोस्रो हाफमा सुधारिएको खेल प्रदर्शन गरेपनि पाहुना टोली बार्सिलोनाले गोल भने फर्काउन सकेन। लियोनल मेसी र लुइस स्वारेज दुवैको प्रहार बारमा लागेर फर्कनु बार्सिलोनाका लागि दुर्भाग्य साबित भयो। जिनेदिन जिदानको प्रशिक्षणमा रहेको रियलले लगातार उपाधि चुम्ने क्रम यस सिजनमा पनि जारी नै राखेको छ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ